नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA
सोमबार साउन २१, २०७५ | Monday, August 6, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लागा ९ | वर्ष २४, अंक २०८ | पृष्ठ १२ | मूल्य रु १०/–

२ { उच्च शिक्षा खस्कँदो अवस्था
७ { रसुवाका २ सय ७५ मा मानसिक समस्या
९ { नूरप्रसाद पत्राउ
११ { पाँच वर्षमा व्यापार घाटा दोब्बर

### जुन जोगी आए पनि कानै चिरेका

# मिश्रको प्रमाणपत्र पनि भारतकै

ईश्वरराज ढकाल/प्रशान्त वली
काठमाडौं

कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीको शैक्षिक प्रमाणपत्रको विवाद तात्तातै रहेको बेला उहाँपछिका वरिष्ठतम् न्यायाधीश ओमप्रकाश मिश्रको प्रमाणपत्र पनि 'अर्गानिक' नभई आयातित देखिएको छ।

यद्यपि जोशीको नाम संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेपछि प्रधानन्यायाधीशको अग्रपंक्तिमा आउनुभएका मिश्र पनि शैक्षिक प्रमाणपत्रकै विवादमा तानिने सम्भावना बढेको छ।

नेपाल समाचारपत्रलाई प्राप्त भएको तथ्यअनुसार उहाँले इन्टरमिडियट तह र हाइस्कुल परीक्षा भारतबाट उत्तीर्ण गर्नुभएको छ। मिश्रले हाइस्कुल परीक्षा भारतको नवतनवाँ इन्टर कालेज, नवतनवाँ (गोरखपुर) बाट १९६३ मा र इन्टरमिडियट परीक्षा माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट १९७१ मा उत्तीर्ण गरेको प्रमाणपत्रमा उल्लेख छ।

मिश्रले हाइस्कुल परीक्षामा कुल ५ सय पूर्णाङ्कमा हिन्दी विषयमा ४९, गणितमा ३६, विज्ञानमा ४० अंक प्राप्त गर्नुभएको शैक्षिक प्रमाणपत्रमा उल्लेख छ। सबै विषय विषयगत आधारमा कुल १ सय पूर्णाङ्कका हुन्।

उहाँले हाइस्कुल परीक्षामा कुल ५ सय अंकमध्ये २ सय ५ अंक प्राप्त गर्नुभएको छ। जुन प्रतिशतको आधारमा ४१ हुन आउँछ। हाइस्कुल परीक्षाको प्रमाणपत्रमा रोलक्रम संख्या २१३ र उत्तीर्ण श्रेणी ३ रहेको छ।

यस्तै मिश्रले इन्टरमिडियट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गर्नुभएको शैक्षिक प्रमाणपत्रमा उल्लेख छ। उहाँको हाइस्कुल र इन्टरमिडियट परीक्षाबीचको अन्तर ८ वर्ष देखिएको छ।

यसैबीच कायममुकायम प्रधानन्यायाधीश जोशी शैक्षिक प्रमाणपत्र विवादमा तानिएर संसदीय सुनुवाइ समितिले नाम अस्वीकृत गरेकाले उहाँ आइतबार नै १५ दिन बिदामा बसेपछि वरिष्ठ न्यायाधीशको हैसियतले मिश्रले



### हाइस्कुल र इन्टरमिडियट परीक्षा बीचको अन्तर आठ वर्ष

आइतबारदेखि पेसी तोक्न थाल्नुभएको छ।

शैक्षिक प्रमाणपत्रमा विवाद आउन थालेपछि पूर्वन्यायाधीश बलराम केसीले न्याय परिषद्ले प्रमाणपत्र अद्यावधिक नगर्दा समस्या भएको बताउँदै भन्नुभयो- 'न्याय परिषद्को काम वरिष्ठतम् न्यायाधीश सिफारिस गर्ने मात्रै होइन न्यायाधीशहरूको शैक्षिक प्रमाणपत्र अद्यावधिक गर्ने पनि हो।'

अधिवक्ता यज्ञमणि न्यौपाने सुनुवाइ समितिले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा समस्या बल्झिएको बताउँदै भन्नुभयो- 'समितिले शैक्षिक प्रमाणपत्र शंकास्पद मात्रै भन्ने होइन। कि कीर्ते भन्न सक्नुपर्छ कि सत्य। कीर्ते नै देखिए शिक्षा मन्त्रालयलाई पत्र काटेर छानविन गराउनुपर्दछ।'

विगतमा पनि न्यायाधीश नियुक्ति हुँदा शैक्षिक प्रमाणपत्र विवाद देखिएको थियो। न्यायाधीशको शैक्षिक योग्यताको विषयमा विवाद आउन थालेपछि न्यायपरिषद्ले केही दिनअघि विज्ञप्ति जारी गरेर न्यायाधीशहरूको व्यक्तिगत विवरण अद्यावधिक भइरहेको जनाएको थियो। न्यायपरिषद्का प्रवक्ता निर्मला पौडेललाई न्यायाधीशको व्यक्तिगत विवरणबारे जानकारी लिन खोज्दा सम्पर्कमा आउन चाहनुभएन। उहाँसँग पटक-पटक सम्पर्क गर्दा मोबाइल स्विच अफ गरेर पन्छिन खोज्नुभयो।

यस्तै, सर्वोच्चका तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीका दुवै नागरिकता र शैक्षिक प्रमाणपत्र शंकास्पद देखिएपछि २०७४ चैत १ गते बर्खास्ती हुनुभएको थियो।

संविधानअनुसार कानुनमा स्नातक गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा ५ वर्ष काम गरेको व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश बन्न सक्ने प्रावधान रहेको छ।

यस्तै कानुनमै स्नातक गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्यातिप्राप्त गरेको व्यक्तिलाई सर्वोच्चको न्यायाधीश बनाउन सकिनेछ।

साथै, न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक सर्वोच्चको न्यायाधीशमा नियुक्त हुन सक्ने व्यवस्था छ।

### मिश्र कायममुकायम

वरिष्ठ न्यायाधीश ओमप्रकाश मिश्रलाई कायममुकायमको जिम्मेवारी दिइएको छ। बिदामा बस्नुभएको कायममुकायम प्रधानन्यायाधीश जोशीको नाम हटाएर आइतबारै सर्वोच्चको वेबसाइडमा मिश्रलाई कायममुकायम प्रधानन्यायाधीश भनी उल्लेख गरिएको छ।

यस्तै कायममुकायम प्रधानन्यायाधीश मिश्रले आइतबारदेखि नै सर्वोच्चको पेसी तोक्नुभएको छ। जोशी बिदामा बसेपछि मिश्रले मुद्दाको पेसी तोक्नुभएको सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

# पहिरोमा परी ८ को मृत्यु

दीपेन्द्र शर्मा, सुर्खेत

जाजरकोटको सदरमुकाम खलंगामा गएको पहिरोमा परी ८ जनाको मृत्यु भएको छ। आइतबार बिहान गएको पहिरोले पुरेका एकै घरका ४ जनासहित ८ जनाको मृत्यु भएको हो।

भेरी नगरपालिका-३ ठाँटीबजारबाट पानीनाउला जाने बाटोमा रहेका गोपाल नेपाली र तीर्थराज बोहोराको घरमा पहिरो जाँदा १ जनालाई जीवितै उद्धार गरिएको छ भने १ जना अझै बेपत्ता रहेका छन्।

मृत्यु हुनेमा भेरी नगरपालिका-६ गंगटियाका लालबहादुर लुहारकी श्रीमती सितली लुहार, उनका छोरीहरू रञ्जना लुहार, मनीषा लुहार र भगवती लुहारको मृत्यु भएको जाजरकोटका निमित्त प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खतिवडाले जानकारी दिनुभयो।

त्यस्तै पहिरोमा परी मृत्यु हुनेमा कुशे गाउँपालिका-५ का नरेन्द्र परियार, दशरथ परियार, कुशे-६ का नवीन परियार र बारेकोट गाउँपालिकाका तीर्थ बोहोराकी छोरी नजम बोहोरा रहेका छन्।

भेरी नगरपालिका-६ गंगटियाका लालबहादुर लुहारको जीवितै उद्धार गरिएको छ। पहिरोमा परी कुशे गाउँपालिका-५ जाजरकोटका गोविन्द परिवार बेपत्ता भएको र उनको खोजी भइरहेको खतिवडाले बताउनुभयो।



- १ बेपत्ता, १ को जीवितै उद्धार
- एकै घरका ४ जनाको मृत्यु
- वर्षाका कारण उद्धार कार्य स्थगित
- खेल्न गएकी बालिका घर फर्किन पाइनन्

जीवितै उद्धार गरिएका लालबहादुर लुहारको जाजरकोट अस्पतालमा उपचार भइरहेको छ। छाती, टाउको र खुट्टामा चोट लागेका लुहारको अवस्था सामान्य रहेको खतिवडाले बताउनुभयो। यसैबीच पहिरो गएपछि लगातार पानी परिरहेकाले आज सोमबार बिहान ६ बजेसम्मका लागि उद्धार कार्य स्थगित गरिएको छ। अप्ठेरो ठाउँ र पानी परिरहेकाले उद्धारमा कठिनाइ भएकाले उद्धार कार्य स्थगित गरिएको खतिवडाले जानकारी दिनुभयो।

आइतबार बिहान ७:३० बजे घटना भएलगत्तै बिहानैदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीय उद्धारमा जुटिरहेका थिए। पुरिएको घर पन्छाएर खोजी कार्य तीव्र बनाइने खतिवडाले बताउनुभएको छ। पहिरोले ठाँटीबजारका ६ घर जोखिममा परेका छन्।

यसैबीच वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले गृहजिल्ला जाजरकोटको भेरी नगरपालिका-३ ठाँटीबजारमा अविरल वर्षासँगै गएको पहिरोमा परी दुईवटा घर पूर्णरूपमा क्षतिग्रस्त हुँदा एकै घरका ४ सहित ८ जनाको मृत्यु भएको घटनाको दुःख व्यक्त गर्नुभएको छ। उहाँले मृतकका परिवार एवं आफन्तजनमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गर्नुभएको छ।

# सात विधेयक पेस हुँदै

काठमाडौं, (नेस)

सरकारले सातवटा विधेयक संघीय संसद्मा पेस गर्ने निर्णय गरेको छ।

आइतबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो। सरकारले संविधानसँग प्रतिकूल रहेका ऐन, कानुन संशोधनको कामलाई प्राथमिकता दिँदै आएको पृष्ठभूमिमा सो विधेयक संसद्मा प्रस्तुत गर्न लागेको हो।



विधेयकहरूमा नेपाल नागरिक ऐन-२०६३, भुक्तानी तथा फछ्र्यौट विधेयक-२०७५, सुरक्षित मातृत्व तथा प्रजनन अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५, वातावरण संरक्षण पहिलो संशोधन विधेयक-२०७५, उपभोक्ता हित संरक्षण सम्बन्धमा संशोधन गर्न बनेको विधयेक संसद्मा पेस गर्ने निर्णय गरिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो।

मन्त्रिपरिषद् बैठकले अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक, संकटापन्न वन्यजन्तु तथा वनस्पतीहरूको व्यापार नियन्त्रण पहिलो संशोधनसम्बन्धी विधेयक पनि संसद्मा पेस गर्ने निर्णय गरेको छ। आगामी असोज ३ गतेभित्र संविधानमा व्यवस्था गरिएबमोजिम मौलिक हकसम्बन्धी कानुन सरकारले बनाइसक्नुपर्नेछ।

# राप्रपाको एकीकरण प्रक्रिया अलमलमा

रामकृष्ण चापागाईं, काठमाडौं

तीन राप्रपाको एकीकरण प्रक्रिया अलमलमा परेको छ। कमल थापाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), पशुपतिशमशेर राणाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) र डा. प्रकाशचन्द्र लोहनीले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) लाई पुन: एकीकृत गरी अघि बढ्ने कुरा अलमलमा परेको छ।

पछिल्लो समय राप्रपा र राप्रपा प्रजातान्त्रिक एकीकरण गर्ने भनी दुईवटै पार्टीले वार्ता समितिसमेत गठन गरेका थिए। राप्रपाले बुद्धिमान तामाङको नेतृत्वमा वार्ता समिति गठन गरेको थियो भने राप्रपा प्रजातान्त्रिकले दीपक बोहोराको संयोजकत्वमा वार्ता समिति बनाएको थियो।

यी दुई वार्ता समितिले औपचारिकरूपमा वार्ता नगरे पनि पार्टी एकताका लागि अनौपचारिक छलफल भने गरेका थिए। पछिल्लो समय राप्रपा प्रजातान्त्रिकका वार्ता समिति सदस्य महामन्त्री सुनील थापाको अभिव्यक्तिलाई लिएर राप्रपाले वार्ता नै स्थगन गरेको छ।

राप्रपा प्रजातान्त्रिकका महामन्त्री थापाले राप्रपाले एकीकरणको वार्ताअघि बढाउन हिन्दू राष्ट्र र राजसंस्थाको एजेन्डा छोड्नुपर्ने अभिव्यक्ति आएपछि अलमलमा रहेको एकीकरण प्रक्रिया थप विवादित भएको थियो।

विवादित अभिव्यक्ति दिएको र वार्ता प्रक्रिया भाँडेको भन्दै राप्रपा प्रजातान्त्रिकका केशरबहादुर विष्ट समूहले शनिबार छलफल गरी महामन्त्री थापालाई कारबाही गर्नुपर्ने निष्कर्ष निकालेका थिए। विष्ट राप्रपा राष्ट्रवादीबाट निर्वाचनअघि राप्रपा प्रजातान्त्रिकमा आउनुभएको थियो।

- विवाद छल्न विदेश भ्रमण
- राजसंस्था र हिन्दू राष्ट्र बटमलाइन
- चौथो पार्टी गठनको चेतावनी
- पुराना नेता सल्लाहकारमा बस्न माग

राप्रपा प्रजातान्त्रिकको विधान केन्द्रीय समितिले सर्वसम्मतिले पारित गरेको राजनीतिक प्रस्तावविरुद्ध लागेपछि महामन्त्री थापाको आलोचना र विरोध भएसँगै उहाँ विवाद छल्न हिजो आइतबार केही दिनका लागि विदेश जानुभएको स्रोतले जानकारी दिएको छ। 'आफ्नो विवादित अभिव्यक्तिप्रति क्षमायाचना गर्दै महामन्त्री थापा तीन हप्ताका लागि आइतबार सिंगापुर प्रस्थान गर्नुभएको छ।' -स्रोतले भन्यो।

आफ्नो महामन्त्रीको अभिव्यक्तिलाई राप्रपा प्रजातान्त्रिकले भने पार्टीको आधिकारिक धारणा नभई उहाँको व्यक्तिगत धारणा भएको जनाउँदै आएको छ। राप्रपा प्रजातान्त्रिकका सहमहामन्त्री सुरेश आचार्य भन्नुहुन्छ- 'अहिलेको विवादले एकीकरणका लागि बटमलाइन राजसंस्था र हिन्दू राष्ट्र कायम भएको छ।'

राप्रपा प्रजातान्त्रिक र राप्रपा दुवै पार्टीको महत्त्वपूर्ण एजेन्डा राजसंस्था र हिन्दू राष्ट्र भएको भन्दै उहाँले एकीकरणका लागि प्रस्थान बिन्दु यही हुने धारणा राख्नुभएको छ।

सबै राप्रपा एकीकरण गरी नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्न तीनै पार्टीभित्र व्यापक आवाज उठिरहेको छ। तीनवटै पार्टीका शीर्ष नेतृत्वले पार्टी एकीकरण गर्ने र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न आलटाल गरेमा तीनवटै पार्टीका असन्तुष्ट नेता तथा कार्यकर्ताले चौथो पार्टी गठन गर्नेदेखि अन्य पार्टीमा प्रवेश गर्नेसम्मको चेतावनीसमेत दिइरहेका छन्। पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेपछि पुराना नेता सबै सल्लाहकारको भूमिकामा बस्नुपर्ने उनीहरूको माग छ।

अघिल्लो निर्वाचनमा संसद्मा चौथो ठूलो दलको रूपमा रहेको राप्रपाले अहिलेको निर्वाचनबाट दलको हैसियतसमेत गुमाउन पुगेको छ। थापा नेतृत्वको राप्रपा र राणा नेतृत्वको राप्रपाले २०७३ साल फागुनमा एकता महाधिवेशन गरी एकीकृत भएका थिए।

त्यति बेला लोहनी राणा नेतृत्वको राप्रपामा थिए। महाधिवेशनले अध्यक्षमा थापालाई निर्वाचित गरेको थियो।

(क्रमश: पृष्ठ ९ मा)




# महानगर

2018, AUG
Monday
6

> उच्च शिक्षामा गरिएको सरकारी लगानीलाई साँच्चै नै गरिब तथा आवश्यक जनसमुदायमा पुग्ने व्यवस्था गर्नुपर्दछ। 'घ' उच्च शिक्षामा वर्तमान लगानी अत्यन्त कम हुँदा केन्द्रीय र प्रादेशिक सरकारले लगानी अभिवृद्धि गर्नुपर्दछ भने सम्भव भएसम्म लागत असुली पनि बढाउँदै लगिनुपर्दछ।

# उच्च शिक्षा खस्कँदो अवस्था



ईश्वरराज ढकाल
ishwor32@gmail.com

विगत केही दशकमा नेपालमा उच्च शिक्षाको क्षेत्रमा सङ्ख्यात्मकरूपले विकास भएको देखिए तापनि यो विकास सन्तोषजनक छ भन्न सक्ने स्थिति देखिँदैन।

बर्सेनि करिब २५ देखि ३० हजार नेपाली उच्च शिक्षाका लागि विदेश जाने गरेको शिक्षा मन्त्रालयको तथ्यांकमा देखिनु र गत वर्षबाट यो सङ्ख्या वार्षिक ५० हजार नाघेको हुनुले यो विषयमा गम्भीर बहस र छलफल हुन जरूरी छ। यसरी उच्च शिक्षाका लागि नेपाली विद्यार्थी बिदेसिनुबाट एकातिर देशको शैक्षिक गुणस्तर खस्केको तथा देशको उच्च शिक्षाले विद्यार्थीको आवश्यकता पूरा गर्न नसकेको देखिन्छ भने अर्कातिर यसरी जाने अधिकांश विद्यार्थी डिग्री आर्जन गरिसकेपछि स्वदेश नफर्की त्यही मुलुकमा दक्ष मानवीय संशाधनको रूपमा कार्यरत हुने गरेको देखिन्छ।

साथै शिक्षाका लागि ठूलो मात्रामा नेपाली रकम बिदेसिने अवस्था छ। त्यसैले, नेपालमा उच्च शिक्षामा देखिएका कमी–कमजोरीहरु हटाएर उच्च शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, दिगो, पहुँचयुक्त, सीपयुक्त तथा उत्प्रेरक बनाउन जरूरी छ। वर्तमानको यो अवसरलाई उच्च शिक्षामा सुधार गर्ने अवसरका रूपमा समेत लिइनु आवश्यक हुन्छ।

## उच्च शिक्षामा देखिएका कमी–कमजोरी

- नेपालको उच्च शिक्षा पद्धतिले उत्पादन गरेका मानवीय संशाधनलाई गुणस्तर, क्षमता, सीप र उपयुक्तताको सन्दर्भमा प्रश्न चिह्न खडा गरेको छ। बजार एकातिर चाहेको जनशक्ति नपाएको धारणा व्यक्त गर्दछ भने अर्कातर्फ राम्रा संस्थाहरूबाट शिक्षित र दीक्षित जनशक्तिको तुलनामा नेपाली उच्च शिक्षाको जनशक्ति साधारणतया कमसल आकलन गरिनुले गुणस्तरमा थुप्रै सुधार गर्नुपर्ने देखिन्छ।
- नेपालको उच्च शिक्षामा गरिएको लगानीको अनुपातमा प्रतिफल ज्यादै न्यून छ। पछिल्ला वर्षहरूमा उत्तीर्ण दर खस्किँदै जानु, कक्षा छोड्ने र अध्ययन चक्र पूरा नगर्ने दर धेरै बढ्नु तथा उच्च शिक्षामा उत्तीर्ण भई बजारमा आउने सङ्ख्या कम हुनुले लगानीको उपादेयतामा समेत प्रश्न चिह्न खडा भएको छ। उदाहरणका लागि सन् २०१५ मा त्रिभुवन विश्वविद्यालयको स्नातक तहको समग्र उत्तीर्ण प्रतिशत मानविकीमा ४० दशमलब ८, विज्ञान तथा प्रविधिमा ३३ दशमलब १, व्यवस्थापनमा २८ दशमलब ३, कानुनमा २८ दशमलब १ तथा शिक्षामा १८ दशमलब २ प्रतिशत मात्र छ। त्यस्तै वार्षिक परीक्षा प्रणालीमा सुधार हुन नसक्नु र परीक्षाको परिणाम समयमा निश्कासन गर्न नसकिँदा अधिकांश समय खेर गइरहेको छ। नेपाली विद्यार्थी बिदेसिनुको एउटा कारण यो पनि हुन सक्ने अनुमान गरिएको छ।
- नेपालको उच्च शिक्षामा विगत केही दशकमा सङ्ख्यात्मकरूपले राम्रै सुधार भए तापनि अझै केही वर्ग तथा क्षेत्रको पहुँच पर्याप्त नभएको अनुभव गरिएको छ। निम्नवर्गको उच्च शिक्षामा पहुँचको कमीका कारण राज्यको असमान वितरण प्रणाली हो भन्न सकिन्छ। यसका कारण निम्नानुसार हुन सक्दछन् :
- उच्च शिक्षाका सम्बन्धित सरोकारवाला (विद्यार्थी, शिक्षक, कर्मचारी आदि) मा व्याप्त राजनीतीकरण। उच्च शिक्षाको व्यवस्थापन केन्द्रिकृत हुनुका साथै आवश्यक परिदृश्य तथा नेतृत्व क्षमताको कमी देखिन्छ। उच्च शिक्षामा लामो समयसम्मको नीतिगत रिक्तताले सिर्जना गरेको समस्या समाधान गर्न भर्खरै ल्याइएको उच्च शिक्षा नीति अझैसम्म कार्यान्वयनमा आउन नसक्नुले अझै नीतिगत रिक्तताको जस्तै अवस्था आउनु।
- उच्च शिक्षाका शिक्षकहरु पृष्ठढोकाबाट प्रवेश हुने चलन बढेकाले उच्च शिक्षा प्रदान गर्ने समुदायकै क्षमतामा ठूलो प्रश्न चिह्न खडा भएको छ। बढ्दो आन्तरिकीलाई गुणस्तरीय शिक्षाको ठूलो बाधकका रूपमा लिइन्छ भने यो व्यवस्था नेपालमा झन्–झन् विस्तृत हुँदै गइरहेको देखिन्छ। उच्च शिक्षामा राज्यको लगानी तुलनात्मकरूपले घट्दो छ, यसबाट उच्च शिक्षा सुधार क्रियाकलापमा ठूलो असर परेको देखिन्छ। वित्तीय लगानी दक्षता र परिणामभन्दा अन्य सूचकमा बढी आधारित छन्।

## समस्या समाधानका उपाय

- शिक्षाको गुणस्तरमा सबैभन्दा महत्त्वपूर्ण भूमिका पाठ्यक्रम, शिक्षकको सक्षमता र प्रशिक्षण विधिमा भर पर्ने हुँदा पाठ्यक्रमलाई राष्ट्रिय/स्थानीय आवश्यकता र विश्वजनीय आवश्यकता र प्रवृत्तिलाई ध्यान दिई समयानुकूल परिमार्जित हुने खालको बनाउनुपर्छ। शिक्षकको गुणस्तर बढाउन उपयुक्त शिक्षक मात्रै छान्ने, नयाँ शिक्षकलाई प्रशिक्षणपछि मात्र कक्षा कोठामा पठाउने तथा क्रमिक क्षमता अभिवृद्धि गर्दै जाने रणनीति लिइनुपर्दछ। प्रशिक्षण विधिको हकमा पाठ्यक्रमले माग गरेअनुरूप विधि विकास/परिमार्जित गरी त्यसको दक्षतापूर्ण कार्यान्वयन गरिनुपर्दछ। साथै विद्यार्थी केन्द्रित शिक्षण विधिलाई प्राथमिकता दिइनुपर्दछ।
- उच्च शिक्षामा गरिएको सरकारी लगानीलाई साँच्चै नै गरिब तथा आवश्यक जनसमुदायमा पुग्ने व्यवस्था गर्नुपर्दछ। 'घ' उच्च शिक्षामा वर्तमान लगानी अत्यन्त कम हुँदा केन्द्रीय र प्रादेशिक सरकारले लगानी अभिवृद्धि गर्नुपर्दछ भने सम्भव भएसम्म लागत असुली पनि बढाउँदै लगिनुपर्दछ।
- उच्च शिक्षामा हाल देखा परेको राजनीतिक हस्तक्षेप र प्रभावलाई पूर्णतया निर्मूल गरिनुपर्दछ। बजारको मागअनुसारका कार्यक्रमलाई प्राथमिकता दिँदै घट्दो माग भएका कार्यक्रम र विषयलाई व्यवस्थापन गरिनुपर्दछ।
- शिक्षणलाई अनुसन्धानसँग जोडी पठनपाठन गरिनुपर्दछ।
- सबै विश्वविद्यालय, क्याम्पस र तिनका कार्यक्रमको गुणस्तर परीक्षण अनिवार्यरूपमा गरेर तिनलाई प्रत्यायनकृत गरी त्यस्ता संस्था र कार्यक्रमलाई श्रेणीकरण (Rating) गर्ने व्यवस्था गर्नुपर्दछ।



## उच्च शिक्षामा देखिएका समस्या

- नेपालको उच्च शिक्षा पद्धतिले निकालेका मानवीय संशाधनलाई गुणस्तर, क्षमता र उपयुक्तताको हिसाबले केही क्षेत्र छोडी धेरै क्षेत्रमा प्रश्न चिह्न खडा गरिएको छ। श्रम बजारले एकातिर चाहेको जनशक्ति नपाएको धारण व्यक्त गर्दछन् भने अर्कातर्फ केही विश्वविद्यालयका शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिबाहेकका अरु शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिप्रति बजारको कम आकर्षणले विश्वविद्यालयहरूले गुणस्तरमा थुप्रै सुधार गर्नुपर्ने स्पष्ट छ।
- नेपालको उच्च शिक्षामा अझै पनि थुप्रै धबकतबनभ हुने गरेको छ। उच्च शिक्षा पूरा गरी श्रम बजारमा आउने सङ्ख्या कम हुनुले लगानीको उपादयतामा समेत प्रश्न चिह्न खडा भएको छ। उच्च खेर (वेस्टेज) दर र परीक्षा समयमा गरी समयमा परीक्षाफल प्रकाशन गर्न नसकिँदा ठूलो सङ्ख्यामा नेपाली विद्यार्थी बिदेसिने गरेका छन्।
- नेपालका शिक्षामा विगत केही दशकमा सङ्ख्यात्मकरूपले विकास र विस्तार भए तापनि शिक्षामा भएको व्यापारीकरणले गर्दा उच्च शिक्षा विशेष गरेर प्राविधिक शिक्षा अझै गरिबको पहुँच र दूर दराजमा पुग्न सकेको छैन।
- उच्च शिक्षाको निजीकरण र व्यापारीकरणले गर्दा शैक्षिक संस्थाहरु भौतिक सुविधायुक्त र जनशक्ति सस्तो र सजिलैरूपमा उपलब्ध हुने शहरहरूमा केन्द्रित भएकाले उच्च शिक्षा काठमाडौं उपत्यका, पोखरा, बुटवल, विराटनगर, वीरगन्ज, नेपालगन्ज जस्ता शहरहरूमा केन्द्रित भयो र राज्यले उच्च शिक्षाको विकेन्द्रिकृत गर्नका लागि क्षेत्रीय विश्वविद्यालयहरु स्थापना गरे तापनि उच्च शिक्षाको विकास र वितरण असमान रहिर≈यो।
- दलीय विद्यार्थी, शिक्षक र कर्मचारी राजनीति र राजनीतीकरणले गर्दा उच्च शिक्षाको व्यावसायीकरण (Professionalism) मा ह्रास आयो। यसको साथसाथै दलीय भागवण्डाको संस्कृतिले शैक्षिक नेतृत्वको क्षमतामा कमी आयो र जसको फलस्वरूप शिक्षक, कर्मचारी र विद्यार्थीको दयित्वबोधमा कमी आयो। यी सबैको प्रभाव उच्च शिक्षाको गुणस्तरमा पर्न गयो र यसले गुणस्तरका साथै विश्वसनीयतामा पनि कमी ल्यायो।
- राज्यको उच्च शिक्षासम्बन्धी नीति स्पष्ट नहुँदा र शिक्षाको व्यापारीकरणले गर्दा थोरैले मात्र स्तरीय प्राविधिक र व्यावसायिक शिक्षा पाउने गरेका छन् भने बहुसङ्ख्यकले राजनीतीकरणले ध्वस्त भएका संस्थाका कारण स्तरीयता र गुणस्तरका नाममा सबैभन्दा महँगो शिक्षा आर्जन गर्न बाध्य छन्। यसरी वर्तमान शिक्षा पद्धतिले सामाजिक विभेदलाई टेवा पु¥याएको छ।
- नेपाल सरकारको निजीकरण, व्यापारीकरण र बहुविश्वविद्यालयसम्बन्धी स्पष्ट नीति रहे पनि उच्च शिक्षा सम्बन्धमा स्पष्ट नीतिको अभाव देखिन्छ।
- राष्ट्रियस्तरमा उच्च शिक्षामा अध्यापन गराउने जनशक्तिको न्यूनतम योग्यता परीक्षण गर्ने प्रणालीको अभावमा देशको उच्च जनशक्ति उत्पादनस्थल विश्वविद्यालय र त्यसका आङ्गिक क्याम्पसहरूमा शिक्षकको प्रवेश गलत ढङ्गबाट हुने प्रवृत्ति बढ्दो छ। यसले गर्दा उच्च शिक्षा प्रदान गर्ने समुदायकै क्षमतामा ठूलो प्रश्न चिह्न खडा भएको छ।
- उच्च शिक्षामा राज्यको लगानी तुलनात्मकरूपले घट्दो स्तरमा छ। आन्तरिकरूपमा स्रोत परिचालन गरी आवश्यक स्रोत र साधन जुटाउन पनि विश्वविद्यालयहरूमा दलीय विद्यार्थीको राजनीतिले गर्दा अवरोध भएको अवस्था छ। एकातिर राज्यले आवश्यक स्रोत र साधन नदिने अर्कोतर्फ दलीय विद्यार्थीको राजनीतिले गर्दा आन्तरिक साधन परिचालन गर्न नसक्नाले गुणस्तरीय उच्च शिक्षाका लागि आवश्यक साधन विशेष गरेर त्रिविले जुटाउन नसकेको अवस्था छ।



## शुभारम्भ

नायिका वर्षा शिवाकोटी कलाकार एन्जिला गौतमद्वारा राजधानीमा सञ्चालनमा ल्याइएको अरिका बुटिकको शुभारम्भ गर्दै।

## गोधुली साँझ

नायिका शिल्पा पोखरेल साँझपखको मनोरम दृश्यको आनन्द लिँदै।



# बुगी वुगीको नेपाल संस्करणमा कविताले मारिन् बाजी

## पुरस्कारस्वरूप पाइन् २५ लाख

डान्स रियालिटी शो *बुगी वुगी*को नपाली संस्करणमा सर्लाहीकी १८ वर्षीया कविता नेपालीले नेपालकै पहिलो डान्सिङ सुपरस्टारको उपाधि चुमेकी छिन्।

एपी वन टेलिभिजनद्वारा प्रस्तुत यो अन्तर्राष्ट्रिय डान्सिङ रियालिटी सो *बुगी वुगी*को शनिबार राति भएको फाइनल शोमा आफ्ना अन्तिम २ प्रतिस्पर्धीलाई उत्कृष्ट नृत्य प्रस्तुततिले पछाडि पार्दै कविताले उपाधि चुमेकी हुन्। उपाधि चुमेबापत उनले नगद २५ लाख रुपियाँ पाएकी छिन्। नेपाली *बुगी वुगी*मा प्रगति पुनले *फस्ट रनर्सअप* हुँदै ६ लाख रुपियाँ पाएकी छिन् भने सरोज मोक्तानले सेकेन्ड रनर्सअप हुँदै ४ लाख रुपियाँ पाएका छन्।



एपी वनका अनुसार *बुगी वुगी*का लागि अनलाइन अडिसनमार्फत देशभरबाट ३ हजार नृत्य प्रतिभा सहभागी भएका थिए। तीमध्ये १ सय ५० जनालाई दोस्रो राउन्डको अडिसनका लागि काठमाडौं बोलाइएको थियो। उनीहरूमध्येबाट १८ जना प्रतियोगी छानिएका थिए। त्यसबाट पनि भिडियो, कला प्रदर्शनलगायत विभिन्न कठिन राउन्ड पार गर्दै उत्कृष्ट ३ नृत्य प्रतिभा छनोट भएका थिए। अन्तिम राउन्ड २ सातासम्म चलेको थियो। एपी वन टेलिभिजनले अन्तर्राष्ट्रिय फ्रेन्चाइज *बुगी वुगी* रियालिटी सो नेपालमा पहिलोपटक आयोजना गरेको हो। भारतको सोनी टेलिभिजनसँगको सहकार्यमा एपी वन टेलिभिजनले नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय फ्रेन्चाइजका रियालिटी शोहरू आयोजना गरिरहेको छ। यसअघि एपी वनले *नेपाल आइडल* सञ्चालन गरेको थियो भने त्यसैको निरन्तरतास्वरूप डान्स रियालिटी सो *बुगी वुगी* सञ्चालन गरेको हो। एपी वनका अनुसार यसलगत्तै *नेपाल आइडल सिजन टु* पनि सञ्चालन हुँदै छ।

८ महिनासम्म चलेको यो कार्यक्रमको निर्णायकमा अभिनेता दिलिप रायमाझी, अभिनेतृ प्रियंका कार्की र कोरियोग्राफर कविराज गहतराज रहेका थिए। कार्यक्रमका लागि प्रशान्त तामाङ, रोहिया महर्जन र नरेशवीर ठकुरीले कोरियोग्राफी गरेका थिए।

# बर्थडेमा ढिला लात्ती?

हलिउड अभिनेता जोनी डेपले आफूमाथि भएको शारीरिक उत्पीडनको खुलासा गरेका छन्। पिपल वेबसाइडका अनुसार उनले आफ्नी पूर्वपत्नी तथा हलिउड अभिनेतृ एम्बरका साथ सम्बन्धमा हुँदा शारीरिक उत्पीडनमा परेको बताएका छन्।

खबरअनुसार उनले आफ्नी श्रीमती एम्बरसँग सम्बन्धविच्छेद गरेका छन्। यस दौरान उनले अदालतमा एम्बरले आफूलाई शारीरिक उत्पीडन गरेको उल्लेख गरेका छन्। उनले सन् २०१६ मा एम्बरको जन्मदिन मनाउने क्रममा आफूमाथि केवल २ घन्टा ढिला आएको कारण मुक्का प्रहार भएको बताएका छन्।

उनका अनुसार जुनबेला उनलाई एम्बरले मुक्का प्रहार गरे, उक्त समय उनी मदिराको नशामा थिइन्। घरको ढोका खोल्नासाथ उनले आफूमाथि मुक्का प्रहार शुरू गरेकी थिइन्।

डेपले यस कुरामा सफाइ पेस गर्दै उक्त दिन आफू आफ्नो बिजनेस म्यानेजरसँग जरुरी मिटिङमा भएको कारण घर आउन ढिला भएको बताएका छन्। तर एम्बरको वकिलले भने जोनी मनगढन्ते कुरा गरिरहेको बताएका छन्।



# रेनीको रोमान्स



त्रिकोणात्मक प्रेमकथामा बनेको फिल्म *रेनी*को ट्रेलरसँगै *मलाई नाईं नाईं* बोलको गीत सार्वजनिक गरिएको छ।

भदौ ८ गतेदेखि अल नेपाल रिलिज हुने फिल्मको आइतबार राजधानीमा आयोजित एक समारोहबीच गीत र ट्रेलर सार्वजनिक गरिएको हो। फिल्मको गीतमा नवअभिनतृ सनम मल्ल र अभिनेता दीपक ढकाललाई रोमान्टिक मुडमा फिचरिङ गरिएको छ। पुष्कर सुनुवारको स्वर र संगीत रहेको गीतको भिडियो कोरियोग्राफी मदन खड्काले गरेका छन्। विमला मल्ल र संजीव मल्लको निर्माण तथा गिरिश रिजालको निर्देशनमा बनेको फिल्ममा सरोज खनाल, सनम मल्ल, दीपक ढकाल, सुरवीर पण्डित, रमेश लम्साल, बबिता लम्साल, टंक डुम्रे, गुरु भुटिया, विजय तिखातारीलगायतका कलाकारले अभिनय गरेका छन्।

फिल्मकी स्क्रिप्ट राइटर र गीतकारसमेत रहेकी नवअभिनेतृ सनमले *रेनी*मा मायाप्रेम, हाँसो, रोदन र द्वन्द्वका साथमा सामाजिक विषय प्रस्तुत गरिएको बताइन्। उनले आफू नयाँ भएकाले सबैको माया र साथले नै अघि बढ्न हौसला मिल्ने बताइन्। अभिनेता दीपकले रेनीको स्क्रिप्ट आफूलाई निकै मन परेको र दर्शकले फिल्म सफल गराइदिने विश्वास व्यक्त गरे। निर्देशक गिरिशले रेनी आफ्ना लागि विशेष भएको बताए। निर्मात्री विमलाले निकै मिहिनेतका साथ राम्रो फिल्म बनाएकाले सफल हुनेमा आफूहरू विश्वस्त रहेको बताइन्। शाही मल्ल फिल्म्सको ब्यानरमा निर्मित फिल्म जयराम रिजालले खिचेका छन्। यसका गीतमा विनोद खुम्बुको पनि संगीत छ। फिल्मको द्वन्द्व राजु किराँतीले निर्देशन गरेका छन्।






सर्वत्र बजारमा उपलब्ध

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू

» आयुष्मान प्रियंका आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले–कहिले नेपाली गायक–गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को–को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ–कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

मान्छे जति नीच हुन्छ, उति घमण्डी हुन्छ।
- रोमा

नयाँ संकटपछि मात्र नयाँ प्राप्तिको प्रादुर्भाव हुनसक्छ।
- फ्रेडरिक एङ्गेल्स

## सम्पादकीय

नेपाल समाचारपत्र

## बिमस्टेक सम्मेलनको तयारी

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलन आउँदो भदौको दोस्रो साता काठमाडौंमा हुने समाचार सार्वजनिक भएपछि सम्मेलनको तयारीमा सरकार जुटेको छ । नेपाल सरकारले सम्मेलनलाई भव्य र सभ्य बनाउन सबै निकायलाई निर्देशन दिइसकेको छ। सम्मेलन शुरु हुनुअघि नै काठमाडौंमा बिमस्टेकका सदस्य राष्ट्रका उच्च अधिकारी नेपालमा जमघट हुने समाचार पनि सार्वजनिक भएको छ। सबै सदस्य राष्ट्रका परराष्ट्र सचिवस्तरीय अधिकारीहरू संलग्न रहने भएका छन्। साउन २६ गते हुने बैठकले सम्मेलनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ। सम्मेलनको एजेन्डा तय गर्न र घोषणापत्रको मस्यौदा तयार पार्न उक्त बैठकको आयोजना गर्न लागेको बताइएको छ ।

दक्षिण एसियाली क्षेत्रीय संगठनको विकल्पको रूपमा हेरिएको बिमस्टेकलाई सफल बनाउन सहभागी हुने राष्ट्रहरू लागिपरेका छन्। खासगरी भारतले सार्क संगठनलाई भन्दा पनि बिमस्टेकलाई शक्तिशाली संगठनको रूपमा विकास गर्न लागेको समाचार यसअघि नै सार्वजनिक भएको छ। यसपटकको बिमस्टेक सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको समेत सहभागिता रहने पक्कापक्की नै भइसकेको छ। सम्मेलनलाई अझै व्यवस्थित बनाउन नेपाल सरकारले सरोकारवाला निकायलाई निर्देशन दिएको मात्र छैन त्यसको अनुगमनसमेत गरेको छ। दुई वर्षअघि नै नेपालमा हुनुपर्ने सम्मेलन विनाशकारी भूकम्प र भारतीय नाकाबन्दीले पछाडि धकेलिन पुगेको हो ।

नेपाल सरकारले सम्मेलनमा सहभागी राष्ट्रका प्रमुख तथा विशिष्ट अतिथिहरूका लागि बस्ने बास तथा चढ्ने सवारीसाधनको समेत जोहो गर्न शुरु गरेको छ। सरकारले यसपटक विदेशबाट सवारीसाधन भाडामा ल्याउने भन्दा पनि नेपालभित्रै रहेका सवारीसाधनलाई उपयोगमा ल्याउने रणनीति तय गरेको छ। सरकारले सबै सुरक्षा निकायलाई सवारीसाधन के–कति उपलब्ध गराउन सक्ने हो, त्यसको बारेमा जानकारी गराउन पनि आग्रह गरेको छ। नेपालले आफूहरू अब बिस्तारै आफ्नो खुट्टामा उभिन लागेको सन्देश दिन पनि सवारीसाधन विदेशबाट भाडामा ल्याउने प्रवृत्तिलाई अन्त्य गर्न लागेको भान दिन खोजेको देखिन्छ। यसलाई सरकारले निरन्तरता दिनुपर्दछ। नेपालमा पनि पटक–पटक यस्ता अन्तर्राष्ट्रिय स्तरका सम्मेलन हुँदै आएकाले अब विदेशी पाहुनालाई चाहिने सवारीसाधन नेपालले नै जोहो गर्नुपर्दछ। नेपालमा हुने बिमस्टेक सम्मेलनले नेपाललगायत यसमा संलग्न राष्ट्रहरूले साझेदार मुलुकबाट फाइदा लिन सक्नुपर्दछ, होइन भने सम्मेलन आयोजना हुने घोषणा जारी गर्ने तर त्यसको उपलब्धि नहुने हो भने सम्मेलनको औचित्यमाथि प्रश्न उठ्न सक्छ ।

# संघीयता र प्रशासनिक जटिलता



निर्भीकजंग रायमाझी

कुनै समय थियो विश्व समुदायले नेपाललाई 'नेपाल अधिराज्य' भनी चिन्ने गर्दथ्यो। आज यो परिचय 'संघीय गणतान्त्रिक नेपाल'मा पुगेको छ र हामी यही संघीय राज्य प्रणाली अभ्यास गर्दै गणतन्त्र कार्यान्वयनको संघारमा आइपुगेका छौं। यस क्रममा वि.सं. २०७४ भरिमा सबै तहको निर्वाचन सम्पन्न गरी त्यसबाट नयाँ सरकारको निर्माण भइसकेको छ। यही सिलसिलामा देशमा संघीयताको विभिन्न पक्ष तथा मोडेलबारे निरन्तर छलफल भइरहेको पनि छ। संघीयताको यस सवालमा आउने अर्को महत्वपूर्ण कुरा हो प्रशासन। साथै सार्वजनिक प्रशासनको मोडेल र कार्यविधि पनि अहिलेको महत्वपूर्ण विषय हो। किनकि प्रशासनिक जटिलताबीचमा संघीयताको प्रभावकारी कार्यान्वयन हुन सक्दैन।

नेपाल राज्यको चौतर्फी विकास गर्न र पञ्चायती व्यवस्थालाई केन्द्रीकृत गर्न राजा महेन्द्रले नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरेका थिए। क्षेत्रीय तथा स्थानीय विकास त्यस वर्गीकरणको मूल आधार थियो। यो वर्गीकरण नेपाल संघीयतामा नगएसम्म करिब पाँच दशक कायम रह्यो। त्यस पाँच दशकमा नेपालको प्रशासनिक व्यवस्था पनि तदअनुकूल नै रह्यो। पञ्चायत शासनलाई कडा बनाउन अञ्चलाधीशको नियुक्ति भयो भने जिल्लाको प्रशासन हेर्न जिल्ला कार्यालय र सीडीओ (प्रमुख जिल्ला अधिकारी) को व्यवस्था गरेको थियो। २०४७ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछि अञ्चलाधीशको पद हटाइयो र प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय प्रशासकको व्यवस्था गरियो। जिल्ला कार्यालयलाई जिल्ला प्रशासन कार्यालय भन्न थालियो। यसरी पाँच दशकसम्म नेपालमा यही व्यस्थापनबाट प्रशासनिक कार्य सम्पन्न गरियो।

आज मुलुक संघीय व्यवस्थामा गइसकेको छ। यस बेला प्रदेशसभा गठन भई प्रदेश सरकारको पनि निर्माण भइसकेको छ। स्थानीय सरकार त त्यसअघि नै बनिसकेको थियो र स्थानीय सरकारलाई बढी भन्दा बढी अधिकार सम्पन्न बनाउने ऐन नै ल्याइयो। यसकारण अहिलेको तीन तहको सरकारले गर्ने कार्यसम्पादन प्रभावकारी बनाएर संघीय शासन प्रणालीलाई सफल बनाउने हो भने, प्रशासनिक संरचनामा सुधार गर्नै पर्ने देखिन्छ। अन्यथा टोल-टोलमा नै सरकार बनाए पनि त्यसको प्रभाव केही हुनेछैन। बदलिँदो परिस्थितमा प्रशासनलाई ध्यान दिइएन भने यो नै सबैभन्दा प्रमुख समस्या बनेर आइपर्ने निश्चित छ। आखिर प्रधानमन्त्री कार्यालयदेखि वडा कार्यालयसम्म काम गर्ने कर्मचारीतन्त्रले नै हो। कर्मचारी व्यवस्थापन पनि अहिलेको जटिल समस्या बनेको छ।

> अहिलेको तीन तहको सरकारले गर्ने कार्यसम्पादन प्रभावकारी बनाएर संघीय शासन प्रणालीलाई सफल बनाउने हो भने, प्रशासनिक संरचनामा सुधार गर्नै पर्ने देखिन्छ। अन्यथा टोल–टोलमा नै सरकार बनाए पनि त्यसको प्रभाव केही हुनेछैन। बदलिँदो परिस्थितमा प्रशासनलाई ध्यान दिइएन भने यो नै सबैभन्दा प्रमुख समस्या बनेर आइपर्ने निश्चित छ। आखिर प्रधानमन्त्री कार्यालयदेखि वडा कार्यालयसम्म काम गर्ने कर्मचारीतन्त्रले नै हो। कर्मचारी व्यवस्थापन पनि अहिलेको जटिल समस्या बनेको छ।

हालै मात्र नेपाल प्रहरीमा एउटा प्रशासनिक जटिलता उब्जेको खबर बाहिरिएको छ। जस्तो- इलाका प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयले आफ्नो दैनिक रिपोर्टिङ पाँचभन्दा बढी ठाउँमा गर्नुपर्ने देखियो। सर्वप्रथम जिल्ला प्रशासन कार्यालयमा, त्यसपछि स्थानीय मामिला हेर्ने प्रदेश मातहतको मन्त्रालयमा, गृह मन्त्रालयमा, प्रहरी प्रधान कार्यालयमा आदि। यसले गर्दा नेपाल प्रहरी अर्थात् प्रहरी प्रशासनलाई काम गर्न निकै चुनौती आइपरेको प्रस्ट हुन्छ। यी लगायत अन्य धेरै प्रशासनिक कार्यमा संघीयताले नयाँ-नयाँ जटिलता थपिरहेको छ। यी र यस्तै अन्य जटिलता कसरी समाधान गर्न सकिन्छ त ?

### वर्तमान प्रशासनिक अवस्था

प्रशासन अर्थात् स्थायी सरकार। विश्वमा सार्वजनिक प्रशासन र कर्मचारीतन्त्रको आधुनिक अवधारणा ल्याउने व्यक्ति हुन् बुड्रो विल्सन। विल्सन संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पनि भएका थिए। उनले राज्य व्यवस्थालाई व्यवस्थापनको नजरले हेर्नुपर्ने भन्दै प्रशासन विधाको स्थापना गराएका थिए। जुन प्रशासन विधा हेर्ने कर्मचारी स्थायी हुन्छ। नेपालमा पनि यही अवधारणाअन्तर्गत निजामती सेवाको स्थापना गरिएको थियो। लोक सेवा आयोगको मातहत रहने गरी देशलाई चाहिने संख्यामा निजामती कर्मचारीहरूको नियुक्ति गरी सरकारले आफ्नो शासन व्यवस्था सञ्चालन गर्दै आएको छ।

नेपालमा अहिले करिब ८० हजारको संख्यामा निजामती कर्मचारी रहेको तथ्यांकले देखाउँछ। यी कर्मचारीमध्येको ठूलो संख्या केन्द्र र जिल्लास्थित विभिन्न कार्यालयमा कार्यरत छन्। स्थानीय तहको निर्वाचनपछि सरकारले कर्मचारीहरूको एक ठूलो हिस्सा स्थानीय तहमा खटाएको छ। प्रदेश सरकार र त्यस मातहतका मन्त्रालय र विभागमा पनि कर्मचारीको ठूलो हिस्सा कार्यरत छ। निजामती सेवाअन्तर्गतका विभिन्न सेवा र त्यसमध्येको सबैभन्दा प्रमुख सेवा नै सामान्य प्रशासन हो। जिल्लास्थित रहने प्रशासन प्रमुख तथा मन्त्रालयका सचीव र नेपाल सरकारको मुख्य सचिव पनि यही सेवाबाट नियुक्ति गरिने गरिन्छ।

राजपत्रअनंकित तह र राजपत्रांकित तहमा गरी प्रशासनमा कर्मचारीहरूको वर्गीकरण गरिएको छ। मर्यादा क्रममा पनि नेपाल सरकारले मुख्य सचिवलाई नवौं स्थानमा राखेको छ। मन्त्रालयका सचिवहरूलाई पनि सरकारले विशिष्ट स्थानमा राख्दै त्यसपछि मात्र प्रहरी र सशस्त्र प्रहरीलाई राखेको छ। यस्तै सरकारले सहसचिव वा उपसचिव तहका कर्मचारीहरूलाई जिल्लामा प्रमुख जिल्ला अधिकारी बनाउने गरेको छ। महानगरका प्रमुख कार्यकारी अधिकृतहरू पनि सहसचिव तहको नै हुने व्यवस्था गरेको छ। यस्तै प्रदेशस्थित प्रमुख सचिव पदमा नेपाल सरकारको सचिव तहको कर्मचारी राख्ने र प्रदेशस्थित मन्त्रालयमा सहसचिव तहकै कर्मचारी राख्ने व्यवस्था छ। यसरी जिल्ला तथा प्रदेश र केन्द्र सरकारको मन्त्रालयहरूमा सरकारले विभिन्न तह र तप्काका कर्मचारीहरू नियुक्ति गर्ने गरेको छ।

### वर्तमान जटिलता र तिनको प्रभाव

यहाँ चर्चा गरिएका सूचना तथा जानकारीहरूलाई हेर्दा नेपालको सार्वजनिक प्रशासन सबै ठीकठाक रहेको भान हुन्छ। तर यही संरचनामा यस्ता जटिलताहरू आएका छन् कि जसले गर्दा कर्मचारी-कर्मचारीबीच मनोमालिन्य बढेको छ। कसको पद ठूलो र नियमनकारी हो भन्नेमा लफडा सृजना भएको छ। जस्तो- प्रदेश सरकारको स्थानीय मामिला मन्त्रालय मातहत रहने जिल्लाका प्रमुख जिल्ला अधिकारी र मन्त्रालयका सचिवको उही तह हुँदा कार्यसम्पादमा अड्चन सृजना भएका घटनाहरू आउन थालेका छन्।

नेपाली कांग्रेसका शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उनको सरकाले नेपाल प्रहरीका एआईजीहरूलाई प्रदेश प्रहरीको प्रमुख बनाउने निर्णय गरेको थियो। त्यसो गर्दा प्रदेशमा रहेको गृह मन्त्रालय समान स्थानीय मामिला मन्त्रालयका सचिवभन्दा प्रदेश प्रहरी प्रमुखको पद ठूलो रहने भयो। नेपाल सरकारको विशिष्ट पदमा रहने एआईजीहरूलाई त्यसरी प्रदेशमा खटाउनु देउवा सरकारको हतारको निर्णय मात्र थियो। वर्तमान सरकारले त्यसमा सुधार गर्दै डीआईजी तहका प्रहरी अधिकृतहरूलाई प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी दिएको छ।

प्रहरीमा मात्र नभई नेपाली सेनामा पनि संघीय संरचना आवश्यक रहेको चर्चा उठ्न थालिसकेको छ। यदि नेपाली सेनालाई पनि संघीय संरचनामा लाने हो भने यसरी नै विभिन्न जटिलताहरू आउने निश्चित छ। त्यसका लागि पनि नेपालको सार्वजनिक प्रशासनको संरचनामा धेरै परिवर्तन गर्नुपर्ने देखिन्छ। स्वास्थ्य सेवा, परराष्ट्र सेवा, प्राविधिक सेवा आदिमा रहने नेपाल सरकारका कर्मचारीहरूको पनि तहगत संरचनामा फेरबदल गर्नुपर्ने प्रशासनविद्हरूले बताइरहेका छन्। यसर्थ संघीयताको यस शैशवास्थालाई सशक्त तुल्याई गणतन्त्र संस्थागत गर्न नेपालको सार्वजनिक प्रशासनमा समयानूकूल परिवर्तन गर्नु आजको आवश्यकता हो।

## पाठक पत्र

### कहिले हट्छ छाउपडी ?

कर्णाली प्रदेशमा व्याप्त छाउपडी प्रथा अझै निर्मूल भएको छैन। महिलाहरूमा हुने रजश्वला अर्थात् महिनावारी र सुत्केरी बार्ने चलनलाई छाउपडी प्रथा भनिन्छ। मध्य तथा सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा रजश्वला तथा सुत्केरी भएका बेला छाइछुइ गर्न नहुने, यसो गरे देवता रिसाउने र पाप लाग्ने आदि धार्मिक अन्धविश्वास अझै रहँदै आएको पाइन्छ। धार्मिक भाषामा महिनावारीलाई मासिक धर्म भनिन्छ। मासिक धर्म प्रकृतिमा रहेका जीवन भएका हरेक तत्वहरूमा हुने गर्दछ। जस्तै- वनस्पतिमा फूल फुल्नु र मधुरस निस्कनु प्रजननको तयारी हो। त्यस्तै युवतीहरूमा पनि उमेर पुगेपछि रजश्वला हुनु भनेको उनीहरू प्रजननका लागि योग्य भएको प्राकृतिक संकेत हो।

तसर्थ महिनावारी कुनै मानव अधीनमा रहेको आपराधिक कर्म नभई एक प्राकृतिक प्रक्रिया हो। तर यो कु-संस्कारको रूपमा रहिआएको छ। छाउपडीका कारण कैयौं महिलाले ज्यान नै गुमाउनुपरेको छ। पछिल्लो दुई महिनामा दैलेखको एकै गाउँका दुई किशोरीले छाउगोठमै ज्यान गुमाए। अहिलेको आधुनिक जमानामा पनि छाउपडीका कारण किशोरीको ज्यान जानु राष्ट्रिय लज्जाको विषय हो। महिनावारी हुँदा महिलालाई घरको सट्टा गोठमा राख्ने र त्यस्तो गोठमा चार रात बिताएपछि पाँचौं दिन मात्र घर फर्काउने कुप्रथा अझै पनि विद्यमान छ।

दैलेखमा दुई किशोरीले ज्यान गुमाएको ठाउँ त्यस्तो ठाउँ हो जसलाई केही वर्षअघि नै केही गैरसरकारी संस्थाहरूले छाउपडीमुक्त घोषणा गरेका थिए। छाउपडी गोठमुक्त घोषणा गरिए पनि व्यवहारमा भने त्यस्तो घोषणा अर्थहीन देखिएको छ। महिलाहरूले रजश्वला र सुत्केरी भएका बेला घरका सरसामान छुन नहुने भन्दै यो अवधिमा घरनजिकको गोठमा राख्ने अन्धविश्वास र कुसंस्कारले यस क्षेत्रको समाजलाई ग्रसित बनाएको छ।

सुत्केरी वा रजश्वलाको समयमा स्वास्थ्य कमजोर हुने भएकाले पनि यो बेला महिलालाई अझ बढी हेरचाह तथा स्याहार आवश्यक पर्छ। तर यही समयमा घरको सट्टा फोहोर गोठमा राख्दा महिला तथा किशोरीहरू झनै पीडित हुने गरेका छन्। महिलाहरू यसरी छाउपडी बस्दा बलात्कार भएका घटनादेखि सर्पले टोकेर मृत्यु भएको वा चिसोमा कठ्यांग्रिएर वा धुवाँले निसास्सिएर र अत्यधिक रक्तस्राव भएर मृत्यु भएका घटना बेलाबखत सार्वजनिक हुने गरेका छन्।

छाउपडी प्रथा अन्त्यका लागि विभिन्न सामाजिक संघ-संस्थाले प्रचारप्रसार गर्नुका साथै अभियान सञ्चालन नगरेका पनि होइनन्। तर त्यस्ता प्रयास या त पर्याप्त हुन सकेका छैनन् या प्रभावकारी भएका छैनन्, जसका कारण छाउपडीरूपी कु-प्रथा कायमै रहेको हो। यो अवस्थामा विभिन्न सामाजिक संघसंस्था तथा सरकारले यस किसिमको कु-प्रथा हटाउनका लागि अभियान नै सञ्चालन गरी स्थानीय समुदायमा जनचेतना जगाउन आवश्यक छ। अझ सरकारी तहबाट यस किसिमको अन्धविश्वासको अभ्यासलाई दण्डनीय बनाउने गरी कानुनी व्यवस्था गर्न जरुरी छ ताकि यस किसिमको अभ्यासका लागि बाध्य पार्नेहरूलाई कानुनी कारबाही गर्न सकियोस्।

जनचेतना अभिवृद्धि र कानुनको कार्यान्वयनलाई सँगसँगै लैजान सके मात्र यस किसिमको कु-प्रथा तथा अन्धविश्वासलाई हटाउन सकिन्छ। सरकार र स्थानीय समुदायको ध्यान त्यसैतर्फ केन्द्रित होस्। यसरी सदियौंदेखि जरा गाडेर रहेका चुनौतीहरूलाई कुनै एक पक्षले मात्र प्रयास गरेर सुधार्न सकिँदैन। यस्तो कामका लागि समाजका जिम्मेवार सबै पक्षहरूको लागिमेलीको अपरिहार्यता रहन्छ। सरकारी तवरबाट यस्ता प्रथाविरुद्धका नीति नियम तय गरी महिलाप्रति हुने यस्ता अमानवीय व्यवहारलाई गैरकानुनी घोषित गरिनुपर्दछ। मानवअधिकारवादीहरूले यस्ता प्रथाको अन्यायमा परेर दुःख भोगिरहेकाहरूको जीवन सरल बनाउने र उनीहरूको अधिकार दिलाउने प्रयास गर्नुपर्दछ। समाजसेवी र धार्मिक पक्षका जिम्मेवार व्यक्तिहरूले समाजका ठूलाठालु र जिम्मेवार वर्गहरूको विचार रूपान्तरणमा जोड दिनुपर्दछ।

*- दीलिप सुनार, दैलेख।*
*हाल : पुल्चोक ललितपुर।*

### कृषि पेसामा आकर्षण

नेपाली कृषि क्षेत्रमा पछिल्लो समयलाई मात्र मूल्यांकन गर्ने हो भने पनि व्यावसायिक कृषि गर्नेको लहर चल्न थालेको छ। हरेकको जिब्रोमा कृषि क्षेत्र जोडिनुलाई कृषिको विकासका लागि थपिएको ऊर्जा मान्न सकिएला। युवा पुस्ताहरू अन्य व्यवसायभन्दा कृषि नै ठीक हो भन्न थालेका छन् र त कृषिमा लगानी गर्नेहरूको भीड थपिन थालेको छ। कृषिमा लगानी थपिनु ठीक हो।

हिजोसम्म अनपढहरूले मात्र कृषिपेसा अँगाल्छन् भन्नेहरू आज शिक्षित भएर कृषि पेसामा लगानी गर्दा मुलुकको आर्थिक मेरुदण्डको एउटा हिस्सा कृषि क्षेत्रले विकासको फड्को मार्ने तयारी गरिरहेको छ। कृषि क्षेत्रको विकासका लागि लगानी थपिनु वा युवा पुस्तालगायत अन्य वर्ग र क्षेत्रका व्यक्तिहरू पनि यसतर्फ आकर्षित हुनु गौरवको कुरा हो। तर कृषि क्षेत्रमा सरकारले दिन थालेको अनुदान झ्वाम्म पार्ने सोचमा कृषिमा आकर्षित भएको हो भने त्यसले मुलुकका लागि दूरगामी असर पार्ने देखिन्छ।

पछिल्लो समयमा परम्परागत कृषि क्षेत्रमा लाग्नेहरू मात्र होइन सामाजिक संघसंस्थाहरू, सहकारीहरू, निजी क्षेत्रहरूसमेत कृषिमा होमिएका देखिनुले मुलुकमा खाद्य सुरक्षाका लागि भएको पहल हो भनेर सकारात्मक सोच लिनेहरूले भनिरहेको छन्। अर्का थरी भने सरकारी होस् वा दातृ निकायहरूको बजेट सक्ने काम मात्र गर्न कृषिमा होमिएको बताउन थालेका छन्। यद्यपि सरकारले विभिन्न आयोजनामार्फत कृषिको व्यवसायीकरणमा पहल गरिरहेको भए पनि त्यसलाई दीर्घकालीन विकासका लागि खासै ठोस पहल गरिएको देखिँदैन।

सरकारी निकाय होस् वा गैरसरकारी निकायहरूमार्फत सञ्चालनमा आएका कृषि आयोजनाहरूले वास्तविक किसानहरूको जीवनस्तर सुधार्नेतर्फ काम गरिरहेको छैन भन्दा फरक नपर्ला ? यद्यपि अन्य पेसा अंगाल्नेहरूले पनि कृषि क्षेत्रमा लगानी गरेर अनुदानमा आँखा गाड्ने काम गरिरहेको पनि देखिन्छ । अनुदानको रकममा आँखा गाड्नेभन्दा पनि व्यावसायिक कृषि शुरुवात गरेर त्यसलाई बजारीकरण गर्न सक्ने हो भने मात्र नेपाली कृषि क्षेत्रले विकासको काँचुली फेर्ला, नत्र जुन जोगी आए पनि कानै चिरेका भनेजस्तो नहोला भन्न सकिँदैन।

कृषिउपजको उत्पादन बढाउने र त्यसलाई बजारीकरण गर्नेतर्फ खासै ध्यान दिएको पनि पाइँदैन। त्यसकारण यतिखेर कृषिमा लगानी गर्न खोज्नेहरू वा गरिरहेकाहरूले किसानलाई उत्पादन बढाउन प्रोत्साहित गर्ने काममा लगानी गर्नु आवश्यक छ भने उत्पादिन कृषिउपजको बजारीकरणको अभाव भएका कारण व्यवस्थित बजारीकरणतर्फ ध्यान दिन सक्नुपर्छ। यसो गर्ने हो भने व्यावसायिक कृषिले सार्थकता पाउँथ्यो कि ?

*- विन्दु पन्थी, कञ्चनपुर।*

## सामाजिक सञ्जाल



नीति तथा कार्यक्रम होस् वा बजेट, विश्वासको प्रस्ताव होस् वा कुनै प्रस्ताव, प्रधानमन्त्रीको तर्फबाट संसद्मा वा संसदीय समितिमा राखिएर अस्वीकृत भएमा सरकार अल्पमतमा परेको मानिन्छ र प्रधानमन्त्रीले राजीनामा दिने चलन छ। लोकतान्त्रिक र संसदीय मूल्य मान्यता यही हो। कम्युनिस्टहरूको कुन्नि ?

**Bimalendra Nidhi.**
**@BimalendraNidhi**



महिला राष्ट्रपति भएको देशमा दिनदहाडै बलात्कार हुंदा पनि राष्ट्रपति चुप छिन् त, किन क[illegible]दम चाल्दैनन् उचित सजायको।

दिप्ती
**@D962914**



बाढी जतिसुकै विनाशकारी भए पनि थामिसकेपछि किनारालाई सफा बनाइदिन्छ।

**Sabita Dhimal**
**@SabitaDhimal**

# नेपाल

थिलो थिलो र दलदल जमिन तथा कतै भिरालो र कतै गहिरो भएकाले पीडितहरु हिलोमाथि सुत्नुपर्ने अवस्था आएको शिविरमा बस्दै आउनुभएकी रमिता सुवाल बताउनुहन्छ।



बबरमहलमा चलिरहेको फोटो प्रदर्शनीमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालद्वारा अवलोकन गर्दै।
*तस्वीर : मोनिका मल्ल, काठमाडौं*

## नेपाल प्रहरी श्रीमती संघको साधारणसभा

काठमाडौं, (नेस)

नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती प्रमिला खनालको प्रमुख आतिथ्यमा नेपाल प्रहरी श्रीमती संघको ३४औं वार्षिक साधारणसभा भृकुटीमण्डपस्थित संघको कार्यालयमा आइतबार आयोजित एक कार्यक्रमबीच सम्पन्न भएको छ।

उक्त अवसरमा संघकी अध्यक्ष खनालले संघ स्थापनादेखि नै समाजसेवाको भावले सेवामूलक, परोपकारी एवं मानवीय कल्याणका कार्यक्रममा सक्रिय रहँदै आएको बताउनुभयो। सामाजिक, शैक्षिक र स्वास्थ्य क्षेत्रमा संघले सञ्चालन गरेको गतिविधिमा सबैको सहयोग, समन्वय र कार्यगत एकताले लक्षित उद्देश्य प्राप्त गर्न सफलता मिलेको उहाँले उल्लेख गर्नुभयो।

सामूहिक कार्यमा संघमा आबद्ध सम्पूर्ण सदस्यबाट सिर्जनात्मक सल्लाह र सुझावको अपेक्षा राखेको बताउँदै उहाँले आगामी दिनमा समेत नयाँ सेवामूलक कार्यक्रममा प्रभावकारी भूमिकाका साथ अगाडि बढ्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा संघकी प्रशासन सचिव श्रीमती निलु न्यौपानेले वार्षिक गतिविधि प्रस्तुत गर्नुभएको थियो भने संघकी कोषाध्यक्ष श्रीमती ममता राणाले आर्थिक वर्ष २०७४/०७५ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

## नि:शुल्क स्तन तथा पाठेघर परीक्षण सम्पन्न



काठमाडौं, (नेस)

महिलाहरूलाई लक्षित गरी सञ्चालित स्तन तथा पाठेघर स्राव परीक्षण शिविर सम्पन्न भएको छ। दक्षिणकाली नगरपालिका-६, फर्पिङस्थित वडा कार्यालय परिसरमा सञ्चालित एकदिने स्वास्थ्य परीक्षण शिविर शनिबार सम्पन्न भएको हो।

शिविरमा वरिष्ठ बालरोग विशेषज्ञ डाक्टर रमेश मल्ल र नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टर हरिसिद्धिका डाक्टर अनु बज्राचार्यको टोलीले स्वास्थ्य परीक्षण गरेको थियो। महिलाहरूका लागि स्तन तथा पाठेघर स्राबको परीक्षण तथा बालबालिकाको स्वास्थ्य परीक्षण गरिएको नेपाल अर्बुद रोग निवारण संस्था, काठमाडौं जिल्ला शाखाका सभापति अजयसिंह सुवालले बताउनुभयो।

उहाँका अनुसार करिब १ सय ५० बढी महिला र ३७ जना बालबालिकाको स्वास्थ्य परीक्षण र नि:शुल्क औषधि वितरण गरिएको छ। शिविर दक्षिणकाली महिला सन्जाल, नेपाल अर्बुद रोग निवारण संस्था, काठमाडौं जिल्ला शाखा, नेपाल क्यान्सर हस्पिटल तथा रिसर्च सेन्टर प्रालि, रोटरी क्लब अफ बाग्मती, तथा इनरहिल क्लब अफ बाग्मतीको संयुक्त आयोजनामा भएको हो।

शिविरमा दक्षिणकाली नगरपालिकाकी उपमेयर वसन्ती तामाङ (डंगोल) को प्रमुख अतिथ्यतामा भएको स्वास्थ्य परीक्षण कार्यक्रममा नेपाल अर्बुद रोग निवारण संस्था, काठमाडौं जिल्ला शाखाका सभापति अजयसिंह सुवाल, रोटरी क्लब अफ बाग्मतीका प्रतिनिधि अखिल चापागाईं, इनरहिल क्लब अफ बाग्मतीका प्रतिनिधि ज्ञानु चापागाईंको उपस्थिति थियो।

## 'कांग्रेसले अल्पमतको अधिनायकवाद देखायो'

भक्तपुर, (नेस)

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य एवं सांसद महेश बस्नेतले नेपाली कांग्रेसले अल्पमतको अधिनायकवाद देखाएको बताउनुभएको छ। व्यवस्थापिका संसद् र संसदीय सुनुवाइ समितिमा कांग्रेसको अल्पमत हुँदाहुँदै पनि संसद् अवरुद्ध गरेर अधिनायकवादी शैली देखाएको बताउनुभयो।

नेकपा सूर्यविनायक नगर कमिटि वडा नं ७ (गुण्डू) को वडा कमिटिको बैठकमा बोल्दै बस्नेतले कांग्रेसले सरकारको काममा अनावश्यक भाँझो हालेर जनहितविपरीत कार्य गरेको आरोप लगाउनुभयो। अब सरकारको कामले तीव्रता पाउने भन्दै उहाँले प्रधानमन्त्री ओलीले आम नागरिकलाई नयाँ उत्साह दिएर काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

सांसद बस्नेतले पार्टीका कार्यकर्ताले विकास निर्माणको काममा जोडिनुपर्ने चर्चा गर्दै भन्नुभयो- 'स्थानीय तहका वडा कमिटिले स्थानीय तह विभाग गठन गरी जनप्रतिनिधिसँग विकास निर्माणको काममा समन्वय र सहकार्य गर्नुपर्छ।'

सूर्यविनायक नगरपालिका वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले नगरपालिका र वडा समितिले गरेको विकास निर्माणको कामको जानकारी गराउँदै विकास निर्माणमा जनसहभागितालाई प्राथमिकता दिने गरेको बताउनुभयो। नगरपालिकाले गर्ने सबै योजना प्रदेश र संघीय सांसदहरूसँग समन्वय गर्ने गरिएको भन्दै नागरपालिकाले गरेको काममा आवश्यक सुझाव दिन आग्रह गर्नुभयो।

स्थानीय जनप्रतिनिधिले कर बढाएको भनी अनावश्यक प्रचार भएकोप्रति नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको वडा कमिटिको बैठकमा जानकारी दिँदै सूर्यविनायक नगरपालिकाले भने अहिले करको दायरा मात्र फराकिलो पारेको तर करको दर भने नबढाएको स्पष्ट पार्नुभयो।

# वर्षा र बाढीले फेरि डुब्यो भक्तपुर



पुष्कर बुढाथोकी, भक्तपुर

अविरल वर्षाले आएको बाढीका कारण भक्तपुरका विभिन्न भाग डुबानमा परेका छन्। बाढीका कारण मध्यपुरथिमी नगरपालिका र भक्तपुर नगरपालिकाअन्तर्गतका विभिन्न भाग डुबानमा परेका हुन्। हनुमन्ते खोलामा आएको बाढीले मध्यपुरथिमीको राधेराधे क्षेत्र डुबानमा पर्दा खोला आसपासका ७० भन्दा बढी घर जलाम्य भएका छन्।

खोला बढेपछि हनुमन्ते र मनोहरा खोला किनारका बासिन्दाको घरभित्र पानी पसेको छ। खोलामा बाढी उर्लिएपछि किनाराका बस्ती र भूकम्प पीडितको शिविरमा पानी पसेको हो। मनोहरा खोलामा समेत पानीको सतह बढेपछि सुकुम्बासी बस्तीमा पनि खोला पसेको छ। बाढी बस्तीमा पसेपछि मध्यपुरथिमी नगरपालिका क्षेत्रका कमेरोटार क्षेत्र, ठिमी, त्यसै गरी भक्तपुरको जगाते, हनुमानघाट, बाराही क्षेत्र आसपासका घरहरू, सिद्धिस्मृति प्रतिष्ठान, शान्ति निकेतन माविलगायतका विभिन्न भागसमेत जोखिममा परेका छन्। बाढीका कारण सयौं घर, मठमन्दिर र विद्यालय डुबानमा परेका छन्। रातिदेखि डुबानमा पर्न थालेपछि उद्धारको कार्य शुरू गरेको भक्तपुर महानगरीय प्रहरी परिसरका सूचना अधिकृत एवं प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले बताउनुभयो। बाढीले भक्तपुर जिल्लाका विभिन्न स्थानका भित्री भू-भागसमेत प्रभावित भएका छन्।

बाढीका कारण हनुमन्ते खोलाका पुल र चाँगुनारायण नगरपालिकाको कुइकेल गाउँसमेत खतरामा परेको छ। वर्षाका कारण चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिकाका ग्रामीण क्षेत्रका धेरै ठाउँमा पहिरो गएपछि घरहरू उच्च जोखिममा परेको प्रहरीले जनाएको छ। विशेष गरी सडक छेउ र भीरमा बनेका घरहरू पहिरोको उच्च जोखिममा परेका छन्।

यातायात कार्यालयले राधे राधे क्षेत्रमा सञ्चालन गर्दै आएको सवारी अनुमतिपत्रको प्रयोगात्मक परीक्षा बन्द भएको छ। अरनिको राजमार्गस्थित भक्तपुर र मध्यपुरथिमी जोड्ने हनुमन्ते पुल क्षेत्र भासिएको छ। वर्षाले हनुमन्तेमा बाढी आएपछि सुरक्षाकर्मीलाई रातिदेखि नै तयारी अवस्थामा राखिएको र डुबान क्षेत्रमा परिचालन गरिएका महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले जानकारी दिनुभयो। यसअघि गत असार २८ गते मध्यपुरथिमी क्षेत्र डुबानमा परेको थियो। जसका कारण भक्तपुरमा ३ जनाको ज्यान जानुका साथै करोडौंको क्षति भएको थियो।

यता भक्तपुरको सूर्यविनायक नगरपालिका सिपाडोलस्थित घ्याम्पेडाँडा तथा रानीकोट जाने सडकमा पहिरो जाँदा सडक अवरुद्ध भएको छ। सूर्यविनायक हुँदै घ्याम्पेडाँडा जाने बाटाको धेरै ठाउँमा पहिरो गएपछि मुख्य सडक नै अवरुद्ध हुँदा यहाँका बासिन्दाले सास्ती खेप्नुपरेको छ। स्थानीय होटल व्यवसायी रामजी अवालले पाइलट बाबा आश्रमभन्दा तल र माथि ठाउँठाउँमा पहिरो गएर कालोपत्रे सडकसमेत पूरै अवरुद्ध भएपछि सो बाटो हुँदै विद्यालय जाने विद्यार्थी, शिक्षक, शिक्षिका र स्थानीय बासिन्दा प्रभावित भएको बताउनुभयो। रातिदेखि नै बाटो बन्द भएपछि विभिन्न कार्यक्रम लिएर होटलमा आउने र आन्तरिक पर्यटकसमेत बीचबाटै फर्किएर गएको उहाँको भनाइ छ।

वर्षा, बाढी र पहिरोले यता भक्तपुरका भूकम्प पीडितलाई लगातारको वर्षा र बाढीले सताएको छ। शिविरमा बस्दै आएका भूकम्प पीडित सबैको त्रिपाल मक्किएर प्वाल परेकाले वर्षाले उनीहरूको उठिबास लगाएको छ। भूकम्पपछि त्रिपाल र टेन्टमा आश्रय लिँदै आएका पीडितहरूलाई अब वर्षा कसरी काट्ने भन्ने चिन्ताले सताउन थालेको छ। थिलो थिलो र दलदल जमिन तथा कतै भिरालो र कतै गहिरो भएकाले पीडितहरू हिलोमाथि सुत्नुपर्ने अवस्था आएको शिविरमा बस्दै आउनुभएकी रमिता सुवाल बताउनुहन्छ।

भक्तपुरका कतिपय भूकम्पपीडितले अझै सुरक्षित आवास बनाउन सकेका छैनन्। कतिपय टहरामुनी नै छन्। आफ्नो नाममा जग्गाजमिन नहुँदा उनीहरूले अस्थायी टहरासमेत बनाउन सकेका छैनन। अस्थायी शिविरका टहरासमेत लगातारको झरीले खतरामा परेपछि भूकम्प पीडितको विजोग भएको मात्र छैन, उनीहरू आतंकित भएका छन्। शिविरका टहराभित्र आकाशबाट परेको पानी र वर्षे भेलसमेत पस्ने गरेको छ।


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धननाश, विनाकाममा खर्च, मन चञ्चल, दौडधुप।
**वृष** : अन्नलाभ, उपहार प्राप्ति, मिष्ठान्न भोजन, कार्य सफल।
**मिथुन** : धननाश, साथीभाइसँग विवाद, चोटपटक, रोगको भय।
**कर्कट** : विविध वस्तु वा सेवा प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**सिंह** : सुख-सन्तोष, कार्य सफल, स्वास्थ्यलाभ, आनन्दको अनुभूति।
**कन्या** : राज्यबाट भय, प्रतिष्ठामा आघात, व्यापापारमा समस्या।
**तुला** : रोगव्याधिको भय, कष्ट, थालेको काममा बाधा, धन हानि।
**वृश्चिक** : धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना।
**धनु** : आर्थिक लाभ, प्रतियोगिता-पढाइमा सफलता, शत्रु विजय।
**मकर** : शोक-सन्ताप, कार्य असफल, वायुजन्य रोगको भय।
**कुम्भ** : उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, विवाद।
**मीन** : द्रव्यलाभ, पराक्रम, उन्नति, मान-सम्मान, सुख-सन्तोष।



# प्रदेश-३



आफूलाई भारतीय श्री श्री श्री १०८ साधु बताउने भारत हरियानाका शेरानाथ बाबाले आफूले हेटौंडामा हनुमानको प्रतीमा बनाउन लागेको भन्दै जताततै चन्दा माग्न थालेका हुन्।

## रसुवाका २ सय ७५ जनामा मानसिक समस्या

**नेपाल समाचारपत्र**

रसुवा

रसुवाका २ सय ७५ जनामा मानसिक रोग देखिएको तथ्यांक सार्वजनिक भएको छ। मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालद्वारा आयोजित पत्रकार भेटमा सो कुराको जानकारी दिइएको हो।

जिल्लाभरका विभिन्न स्वास्थ्य चौकीमार्फत मानसिक रोगीको स्वास्थ्य परामर्श तथा उपचार भइरहेको केन्द्रकी सामाजिक परिचालक रमिता श्रेष्ठले जानकारी दिइन्। गतवर्ष जिल्लाका २ सय ४९ जनामा मानसिक समस्या भएका भेटिएका थिए। रसुवाका विभिन्न स्वास्थ्य संस्थामा उपचार गराउनेमध्ये ६५ वर्ष उमेरसम्मकामा मानसिक समस्या देखिएको श्रेष्ठले बताइन्।

रिदम न्युरो साइकियाट्रिक अस्पताल, सीएमसी नेपाल र स्थानीय तहको समन्वयमा कार्यक्रम शुरू गर्ने त्रिपक्ष सम्झौता भएको केन्द्रका विष्णु प्रजापतिले जनाए। मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिप्रति परिवार, समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुनुपर्ने कार्यक्रममा राजेशकुमार झाले जनाए। रसुवाका २ सय ७५ जनामा कडाखाले मानसिक स्वास्थ्य समस्या रहेको र उनीहरूलाई मानोसामाजिक परामर्श र औषधिउपचार भइरहेको छ। यस्ता समस्या भएकाको अधिकार र मानसिक स्वास्थ्य समस्याबारे जनचेतना जगाउन आवश्यक रहेको बताइएको छ। संस्थाले स्वावलम्बन समूहमार्फत क्षमता अभिवृद्धि, आयआर्जनमा सहयोग, औषधिउपचार र रिदम न्युरो साइकियाट्रिक अस्पतालका मानोसामाजिक विज्ञ डाक्टरद्वारा हरेक महिनाको १५ गते नि:शुल्क स्वास्थ्य परीक्षण नियमितरूपमा भइरहेको जनाएको छ।

## ट्रिपरको ठक्करले १ को मृत्यु

हेटौंडा, (नेस)

निर्माणाधीन कान्तिलोकपथ सडकअन्तर्गत हेटौंडा-१७, गैरीगाउँमा आइतबार ट्रिपरले ठक्कर दिँदा १ जनाको ज्यान गएको छ।

मोटरसाइकल चालक २६ वर्षीय टंक न्यौपानेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डीएसी) नरेशकुमार सिंहले बताउनुभयो। टंकको उपचारका क्रममा चुरेहिल अस्पताल हेटौंडामा मृत्यु भएको सिंहले जानकारी दिनुभयो।

मोटरसाइकलमा सवार २१ वर्षीया गीता न्यौपाने गम्भीर घाइते भएकी छन्। घाइते गीतालाई थप उपचारका लागि भरतपुर रिफर गरिएको प्रवक्ता सिंहले बताउनुभयो। गीता टंककी बहिनी भएको प्रहरीले जनाएको छ।

ना७ख ७२२३ नम्बर ट्रिपरले बा४२प ७०७० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक र पछाडि बस्ने दुवै घाइते भएका थिए। तीव्र गतिमा गएको ट्रिपरले मोटरसाइकललाई ठक्कर दिएर सडकछेउको विद्युत् पोललाई पनि ठक्कर दिएको छ। ट्रिपर चालक फरार छन्।

## स्मार्ट सिटी र शहरी योजनासम्बन्धी कार्यशाला

**नेपाल समाचारपत्र**

काभ्रे

काभ्रेका ६ वटा नगरपालिकामा शहरी योजना र स्मार्ट सिटी कार्यान्वयन गर्ने सम्बन्धमा १ दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ। नेपालका २४ वटा नगरपालिकामा उक्त कार्यक्रम कार्यान्वयन गरिनेछ।

फ्रस्ट एन्ड सुलेभान तथा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आयोजना र नेपाल नगरपालिका संघको समन्वयमा आयोजित कार्यक्रममा जिल्लाका ६ वटा नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय प्रमुखको सहभागिता रहेको थियो। कार्यक्रममा धुलिखेल, पनौती, बनेपा, नमोबुद्ध, पाँचखाल र मण्डन देउपुर नगरपालिकालाई स्मार्ट सिटी बनाउन नगरपालिकाको एकीकृत विकास लक्ष्य निर्धारणसम्बन्धी जानकारी गराइएको थियो।

नगरपालिका संघका संयोजक अशोक ब्याञ्जुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै उनले भाषणमा मात्रै नभई बजेट विनियोजन र कार्यान्वयनमा समेत ध्यान दिनुपर्ने बताए। 'नगरपालिकामा सबै कार्यक्रम र योजनामा स्मार्ट नहुन सक्छ, एउटा कामबाट मात्रै भए पनि स्मार्ट शुरू गरौं', संयोजक ब्याञ्जुले भने- 'कर प्रणाली, नक्सापास वा अन्य सेवाका बारेमा नागरिकलाई नगरपालिकामा आउनु नपर्ने गरी सुविधा प्रदान गर्नु जरुरी छ।' स्मार्ट सिटी बनाउनेभन्दा सामाजिक सञ्जालमा व्यंग्य हुने गरेको भन्दै संयोजक ब्याञ्जुले स्मार्ट भनेको आजको भोलि नै भई हाल्नेभन्दा पनि विस्तारै क्रमिकरूपमा अगाडि बढाउने र कार्यान्वयन गर्ने विषय भएको बताए।

कार्यक्रममा स्मार्ट सिटीको परिचय गराउँदै मलेसियाले शहरी विकासमा मारेको फड्कोको बारेमा सिलेन्गरले विवेचना गरेका थिए। नगरपालिकाको एकीकृत विकास लक्ष्य निर्धारण गरी शहरी योजना तथा स्मार्ट सिटीका विषयमा कसरी काम गर्न सकिन्छ भन्ने विषयमा कार्यशालामा छलफल भएको थियो। उक्त योजनामा नेपाल नगरपालिका संघले खेल्ने भूमिकाका बारेमा संघका कार्यकारी प्रमुख कलानिधि देवकोटाले सुझाव र योजनाका बारेमा बताएका थिए। नेपाल विकास अनुसन्धान प्रतिष्ठानका अध्यक्ष प्रोफेसर डा. माधवप्रसाद पोखरेल, कार्यकारी निर्देशक डा. जयकुमार गुरुङ, सहजकर्ता नवराज खतिवडालगायतले नगरपालिकामा शुरू गर्न सकिने स्मार्ट सिटीका बारेमा बताएका थिए।




काठमाडौं, भक्तपुर र ललितपुरमा रहेका १८ वटा नगरपालिका र काभ्रे जिल्लाका ६ वटा नगरपालिकाका कुनै न कुनै काम स्मार्ट बनाउने र त्यही कामबाट शुरू भएको स्मार्ट अभियान नगरका सबै योजना तथा सेवामा कार्यान्वयन गराउने मुख्य उद्देश्य रहेको छ। धुलिखेल नगरपालिकामा पहिलो पटक सरकारीस्तरबाटै नागरिकको सेवाका लागि माबाइल एप सार्वजनिक गरिएको छ।

## होटल संघ दोलखाको अध्यक्षमा रञ्जित

दोलखा, (नेस)

क्षेत्रीय होटल संघ दोलखाको दोस्रो अधिवेशन शनिबार सदरमुकाम चरिकोटमा सम्पन्न भएको छ।

अधिवेशनले रञ्जितकुमार पाठक (सन्तोष) को अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। समितिको उपाध्यक्षमा सीताराम घिमिरे, सचिव प्रकाश बुढाथोकी र कोषाध्यक्ष सदिवबावु श्रेष्ठ चयन भएका छन्। त्यसैगरी सदस्यहरूमा रिबनबहादुर बस्नेत, पुष्करकुमार अधिकारी, सन्तवीर तमाङ, रोशन श्रेष्ठ, गणेशविक्रम शाही, नवीना तमाङ गोले, निमा शेर्पा र पुष्कर बस्नेत रहेका छन्।

अधिवेशनको उद्घाटन गर्दै भीमेश्वर नगरपालिकाका प्रमुख भरतबहादुर केसीले दोलखाको पर्यटन विकासमा होटल व्यवसायीको भूमिका महत्त्वपूर्ण हुने भएकाले आन्तरिक एवं बाह्य पर्यटकलाई पारिवारिक वातावरण र सम्मानपूर्वक व्यवहार गर्न आग्रह गरे। उनले होटल व्यवसायीले पर्यटकलाई गर्ने व्यवहारबाट दोलखाको भविष्य निर्धारण हुने बताए।

प्रहरी नायव उपरीक्षक वासुदेव पाठकले पर्यटकीय नगरी दोलखामा अधिक पर्यटक भित्र्याउन सुरक्षाको पूर्ण प्रत्याभूत गरिने बताए। 'अहिले पर्यटकका लागि पोखरा र चितवनपछि दोलखाको नाम लिइन्छ अब दोलखापछि पोखरा र चितवन भन्ने बनाउनुपर्छ' -प्रहरी नायव उपरीक्षक पाठकले भने।

क्षेत्रीय होटल संघ दोलखाका अध्यक्ष सुन्दर कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ दोलखाका अध्यक्ष जीवन लामा, दोलखा उद्योग वाणिज्य संघका उपाध्यक्ष दिनेश बस्नेतलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## मनहरिमा हात्ती आतंक शुरू

हेटौंडा, (नेस)

मनहरिका २ वडामा हात्तीको आतंक शुरू भएको छ। मनहरिका २ वटा वडाका बस्तीमा केही दिनयता जंगली हात्तीको आतंक बढेको हो।

शुक्रबार राति रमौलीका टेकबहादुर विष्टको घर तथा घरको पाली हात्तीले भत्काएको थियो। शनिबार प्रतापपुरका रामबहादुर चेपाङको घर भत्काएर घरमा भएको मकै सखाप पारेको बताइएको छ।

गाउँपलिका-६ को प्रतापपुर र ७ को रमौलीमा हात्ती आतंक बढेको हो। स्थानीयको घरगोठमा थन्काइएको अन्नपात हात्तीले घरगोठ नै भत्काएर खान थालेको छ। पर्सा राष्ट्रिय निकुञ्जबाट राप्ती खोला पार गर्दै ३ वटा हात्ती रमौली प्रतापपुर बस्ती प्रवेश गर्न थालेपछि स्थानीयमा त्रास फैलिएको छ। बस्तीमा दिनदिनै हात्तीले दु:ख दिएको स्थानीयले दुखेसो पोखेका छन्।

## हटाइँदै काठका पोल

**नेपाल समाचारपत्र**

हेटौंडा

थाहानगरका बिजुलीका अधिकांश पोल जीर्ण छन्। कति काठका पोल पूरै मक्किएर तारको भरमा अडिएका छन् भने कति त मक्किएर ढल्नै लागेका छन्। केही पोल सार्न र फेर्न पटक-पटक प्राधिकरणलाई ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ भएन।

हावाहुरीले विद्युत्का पोल ढालेपछि मकवानपुरका विभिन्न क्षेत्र विद्युत्विहीन बन्ने गरेका छन्। हावाहुरीले काठका पोल ढालेपछि गाउँ विद्युत्विहीन बन्ने गरेका हुन्। यसबाट गाउँ अन्धकार हुनुका साथै त्यहाँ कुटानी/पिसानी, मोबाइल चार्ज गर्न, टेलिभिजन हेर्न नपाएको स्थानीयको गुनासो सुनिँदै आएको छ। विद्युत् नभएपछि नमस्ते, एनसेल, स्मार्ट र स्काइलगायत फोनको टावर निर्बाध सञ्चालन हुन सकेका छैनन्।

नेपाल विद्युत् प्राधिकरण गाउँ-गाउँमा विद्युत् विस्तार अभियानमा जुटिरहेको छ। त्यसका लागि आवश्यक जनशक्ति व्यवस्थापनमा ध्यान दिँदै आएको प्राधिकरणलाई पछिल्लो समय विद्युत् माग गर्न जति ग्राहक आउँछन्, त्यत्तिकै संख्यामा पोल फेर्न माग गर्दै निवेदन लिएर आउने ग्राहक संख्या रहेकाले कामको व्यवस्थापनमा कठिनाइ देखिएको हेटौंडा वितरण केन्द्रको दाबी छ। फलामे पोल पनि पर्याप्त आएका छैनन्।

यहाँ करिब १० हजार पोल तत्काल फेर्नु जरुरी छ। तर, बजेट र पोल उपलब्ध नहुँदा समस्या भएको छ। प्राधिकरणले वर्षमा कम्तीमा २५ प्रतिशतमात्र काठे पोल फेर्न सक्ने भन्दै उनले यसमा सहयोग गर्न जिल्ला समन्वय समितिको ध्यानाकर्षण गराएको छ। प्राधिकरण हरेक दिनजसो करिब ८ वटा पोल फेरिरहे पनि यो पर्याप्त छैन। पोल ढलेर दुर्घटना हुँदा जिल्लामा वर्षेनी करिब ६ जनाको मृत्यु हुने गरेको तथ्यांक छ।

काठका पोलबाट दुर्घटनाको जोखिम बढ्ने र मानिसले अनधिकृतरूपमा हुकिङ गरी विद्युत् चोर्ने समस्या न्यूनीकरण गर्न प्राधिकरणले काठको पोलको सट्टा सिमेन्टको पोल परिवर्तन गर्ने कार्य मकवानपुरमा गरिरहेको छ।

तर, पर्याप्त बजेट अभावमा र प्राप्त बजेटकै सेरोफेरोमा रहेर पोल खरिद गर्नुपर्ने बाध्यात्मक अवस्थाअनुसार धेरै पोल खरिद गरी बढीभन्दा बढी ग्राहकलाई तत्काललाई सेवा पुर्‍याउनका निम्ति प्राधिकरणले काठको सट्टामा काठकै पोल गाड्दा दुर्घटनाको जोखिम र हुकिङ न्यूनीकरण हुन सकेको छैन।

३ दशकअघि गाडिएका पोल हाल टेकोका भरमा अडिएका छन्। नजिकै रहेका घर र त्यसमा बस्दै आएका मानिस त्यस्ता पोलको जोखिममा छन्। 'पोल जीर्ण अवस्थामा छन्, जोखिम बढ्दै गएको छ' -गोगनेका रामबहादुर लामाले भन्नुभयो।

पदमपोखरी, चुरियामाई, हटिया, हर्नामाडी, गोगने, मकवानपुरगढी, बसामाडी, भीमफेंदी, बुढीचौर, कोगटे, निबुवाटार, नामटार, राईगाउँ, फापरबारी र शिखरकटेरीलगायत क्षेत्रका विभिन्न टोलदेखि दैनिक आधा दर्जनको हाराहारीमा नयाँ पोल माग गर्दै निवेदन पर्ने गरेका छन्।

प्राधिकरणले थालेको हुकिङ नियन्त्रण अभियानमा काठका पुराना पोल बाधक बनेका छन्। सिमेन्टको तुलनामा काठको पोल होचो हुने हुँदा स्थानीयले सजिलै हुकिङ गर्न सक्छन्। हुकिङ नियन्त्रण गर्न पनि तत्काल सिमेन्टको पोल गाड्नु जरुरी रहेको औंल्याइएको छ।

अब भने खसीको खबर आएको छ। ऊर्जामन्त्री वर्षमान पुनले विद्युत् प्रसारणका लागि प्रयोग गरिएका काठका पोल विस्थापित गरिने बताउनुभएको छ। सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालको चौथो वार्षिक उत्सवका अवसरमा आयोजित कार्यक्रममा मन्त्री पुनले काठका पोल विस्थापित गर्न ३ अर्ब बजेट आवश्यक पर्ने बताउँदै यो प्रस्ताव छिट्टै मन्त्रिपरिषद्मा लगिने जानकारी दिनुभयो।

'वर्षायाममा काठको पोलका कारण दुर्घटना धेरै भइरहेका छन्, यिनको विस्थापित गर्नेबारे प्रधानमन्त्रीलाई जानकारी गराएको छु, उहाँले मलाई अनुमति दिइसक्नु भएकोले यो प्रक्रिया छिट्टै अघि बढ्छ' -मन्त्री पुनले भन्नुभयो। नांगो तार र काठको पोलका कारण करेन्ट लागेर घाइते र मृत्यु हुनेको संख्या बढिरहेको भन्दै पुनले यसमा गम्भीर बन्न निर्देशन दिनुभयो।

## विदुर नगरपालिकाले करको दर घटायो

**नेपाल समाचारपत्र**

नुवाकोट

विदुर नगरपालिकाले गत असार १० गते बसेको नगरपरिषद्बाट पारित भएको एकीकृत सम्पत्ति करको दर घटाएको छ।

नगरपालिकाले बुधबार प्रकाशित गरेको स्थानीय राजपत्रमा नगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐनअनुसार नगरपालिकाले लगाउने भनी तय गरेको एकीकृत सम्पत्ति करको दरमा कटौती गरेको हो। सम्पत्तिको मूल्यांकन बढेकाले करको दरमा वृद्धि हुन आएकाले दरलाई समायोजन गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको विदुर नगरपालिकाका मेयर सन्जु पण्डितले बताए।

विसं २०७१ मा तत्कालीन नगरपरिषद्ले पारित गरेको एकीकृत सम्पत्ति करको दरलाई अहिले कार्यान्वयन गर्ने तयारी गरे पनि नगरबासीले कर फिर्ताको माग गर्दै विरोध गरेका थिए । नगरक्षेत्रको सम्पत्तिको मूल्यांकन वृद्धि भएकाले पुरानो करको दरलाई संशोधन गरी घटाएको पण्डितले बताए। सम्पत्तिको मूल्यांकन घटाउँदा नागरिकले पाउने सुविधामा प्रभाव पर्ने भन्दै सम्पत्तिको मूल्यांकन पहिलेकै कायम गरी तिर्नुपर्ने करको दरमा परिवर्तन गरिएको विदुर नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत पुष्कर शर्मा रिमालले बताए।

यसअघि २ सय रुपियाँदेखि ५० हजार रुपियाँसम्म एकीकृत सम्पत्ति कर नगरपालिकालाई बुझाउनुपर्ने दर राखिएको थियो। परिवर्तित दरअनुसार अब २०० देखि १५ हजार रुपियाँसम्म मात्र कायम गरिएको छ। सबैभन्दा कम १ लाखदेखि ५ लाख रुपियाँसम्म सम्पत्तिको मूल्यांकन भएका नागरिकले वार्षिक २ सय रुपियाँ कर तिर्नुपर्ने नगरपालिकाले बताएको छ। त्यस्तै सबैभन्दा बढी ४ करोडदेखि ५ करोडसम्म सम्पत्तिको मूल्यांकन भएकाले १५ हजार रुपियाँ कर तिर्नुपर्ने नगरपालिकाले जनाएको छ।

यस्तै ५ करोड रुपियाँभन्दा माथि सम्पत्ति मूल्यांकन भएकाको हकमा प्रतिहजारमा ५० पैसा कर कायम गरिएको रिमालले बताए। एकीकृत सम्पत्ति करमार्फत सबै नगरबासीलाई करको दायरामा समेट्न पहिलेको दरलाई समायोजन गरिएको हो। चालू आवदेखि लागू हुने करमा एकीकृत सम्पत्ति करसहित, ढुंगा, गिटी बालुवा, माटोलगायत कर पनि समेटिएको छ।

## राजस्व संकलन गर्दै जिप्रका

नुवाकोट, (नेस)

जिल्ला प्रशासन कार्यालय नुवाकोटले आव २०७४/७५ मा २ करोड ६९ लाख ४० हजार ८ सय ९५ रुपियाँ राजस्व संकलन गरेको जनाएको छ।

कार्यालयले सबैभन्दा बढी राहदानीबाट राजस्व धेरै रकम असुल गरेको छ। ४ हजार ९ सय ६८ राहदानी वितरण गरेको जिप्रकाले राहदानीबापत २ करोड ६० लाख २ हजार ५ सय राजस्व संकलन गरेको छ। प्रशासनले द्रुत सेवाका लागि ४ हजार ५ राहदानीका लागि सिफारिससमेत गरेको छ।

कार्यालयमा १ वर्षमा झन्डै ९ हजार जनाले राहदानी बनाएका छन्। जिप्रकाले अन्य राजस्व भने संस्था दर्ता, संस्था नवीकरण, हातहतियार नामसारी तथा नवीकरण, प्रशासनिक दण्ड जरिवाना, परीक्षा दस्तुर, बेरुजु असुली, न्यायिक दण्ड जरिवानालगायतबाट राजस्व उठाएको प्रशासकीय अधिकृत नन्दलाल शर्माले बताए।

जिप्रकाले गत वर्ष ८ हजार ९८५ नागरिकता वितरण गरेको छ। यस्तै ४ हजार ९ सय ७३ प्रतिलिपि नागरिकता पनि वितरण गरिएको छ। वैवाहिक अंगीकृत नागरिकता ५ वटा वितरण भएको छ।

यस्तै ५४ संस्था दर्ता भएका छन् भने १ सय २६ वटाको नवीकरण भएको छ। १ सय ६० जनाको नाबालक परिचयपत्र वितरण भएको तथा ४ हजार ५ सय ५१ वटाको सिफारिस भएको छ। यसैबीच गत आवमा बाढी पहिराबाट १२ घरमा क्षति पुगेको तथा १ घरमा आगलागी भएको जिप्रकाले जनाएको छ। पहिरो र आगोले क्षति भएका घरधनीलाई १ लाख २६ हजार राहत प्रदान गरिएको थियो।

## हनुमानको नाममा ठग्दै नक्कली साधु

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा वडा नम्बर १० स्थित गोरक्षेश्वर महादेव मन्दिरको परिसरमा नेपालकै सम्भवत: अग्लो हनुमानको प्रतीमा बनाउने कार्य जारी छ।

स्थानीयस्तरबाट ५२ फिट अग्लो हनुमानको प्रतीमा निर्माण जारी रहेको बेला आफूलाई भारतीय श्री श्री श्री १०८ साधु बताउने भारत हरियानाका शेरानाथ बाबाले आफूले हेटौंडामा हनुमानको प्रतीमा बनाउन लागेको भन्दै जताततै चन्दा माग्न थालेका हुन्। शेरानाथले आफूलाई सिद्धबाबा भन्दै परिचय दिने गरेका छन्। उनले बोकेको भारतीय परिचयपत्रमा उनको नाम शेरसिंह उल्लेख छ।

उनको यस्तो गतिविधिप्रति सचेत भएर उनलाई चन्दा नदिन प्रतीमा निर्माणकर्ता श्रीरामभक्त हनुमान सेवा समिति हेटौंडाले आग्रह गरेको छ। निज शेरानाथ बाबा नाम बताउने साधुको समितिसँग कुनै सम्बन्ध नरहेको र उनले ठगी गर्दै हिँडेको समितिले एक अपिल जारी गर्दै भनेको छ।

समिति सचिव यज्ञप्रसाद कँडेलका अनुसार ती बाबाले वीरगन्जका व्यापारिक घरानासँग ठूलो रकम उठाएर भारतीय बैंकमा रहेको आफ्नो खातामा जम्मा गरेका छन्। हेटौंडाका केही व्यापारीले पनि उनलाई करिब १ लाख भारतीय रुपियाँ दिइसकेका छन्।

पैसा कुम्ल्याएर उनी भारत गएका छन्। बेला-बेलामा भारतबाट वीरगन्ज र हेटौंडा आएर ती बाबाले पैसा उठाई बैंकको आफ्नो व्यक्तिगत खातामा जम्मा गर्ने गरेका छन्। हनुमानको नाममा संकलित रकम उनले १ रुपियाँ पनि निर्माणकर्ता समितिलाई दिएका छैनन्।

गोरक्षेश्वर क्षेत्र र भुटनदेवी सामुदायिक वन क्षेत्रमा २० वर्गमिटर क्षेत्र ओगटेर हनुमानको प्रतीमा निर्माण थालिएको हो। हेटौंडा नगरपालिकालगायत अन्य निकाय तथा व्यक्तिगत गरी करिब २ करोड लगानीमा निर्माण गरिने प्रतीमाका निम्ति १२ फिट गहिराइको जग खनिएको छ। वीरगन्जका कालीगढ रंगलाल पण्डितले निर्माण गर्ने प्रतीमाले हेटौंडाको धार्मिक गौरव अन्तर्राष्ट्रियजगत्मा चिनाउने रामभक्त हनुमान सेवा समिति सचिव कँडेलले बताउनुभयो।

वैदिक सनातन धर्म र संस्कृतिको रक्षा तथा हेटौंडालाई देशमै धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यसाथ हेटौंडामा प्रतीमा निर्माण थालिएको छ। मकवानपुरमा घर भएर कतारमा कार्यरत नेपालीले मकवानपुरे मिलन केन्द्र दोहा, कतारमार्फत प्रतीमाका लागि ५१ हजार रुपियाँ उपलब्ध गराएका छन्। सिमेन्टबाट निर्माण गरिने मूर्तिमा अत्याधुनिक प्रविधि जडान गरिनेछ। राति पूर्णरूपमा उज्यालो देखिने मूर्तिले नै हनुमान चालीसा पाठ गर्ने प्रविधि जडान गरिनेछ।

मूर्तिका लागि क्षेत्र छुट्याउन जिल्ला बनले इलाका वन कार्यालय रातोमाटेलाई पत्र लेखेपछि स्थान अभावमा अल्झिएको हनुमानको मूर्ति स्थापना हुने करिब टुंगो लागेको हो। उक्त स्थानमा मूर्ति स्थापनाका लागि जग खन्ने क्रममा जिल्ला वनले अवरोध सिर्जना गरेपछि मूर्ति स्थापनामा जुटेकाले विरोध जनाएका थिए। जिल्ला वनले गोरक्षेश्वर धार्मिक वन क्षेत्र पूर्वपश्चिम राजमार्गको सडक सीमाना कटाई क्षेत्र छुट्याउन इलाका वनलाई आदेश दिएको थियो।

साउन ६ गते परेको अविरल वर्षाले कालिका माविका पूरै भवन भासिएका थिए। त्यसपछि जग्गा खरिद गरेर नयाँ भवन निर्माण गरेको विद्यालयलाई फेरि अर्को समस्या थपिएको हो।



# बहुमूल्य स्याउको भण्डारण गाईगोठमा

नरेन्द्र केसी, घोराही, दाङ

रोल्पाको जिनावाङ नेपालकै स्याउ उत्पादनमा प्रख्यात छ। पहाडी क्षेत्रमा हुने स्याउ उत्पादनमध्ये यहाँ सबैभन्दा मीठो स्याउ पाइन्छ।

यति महत्त्वपूर्ण र बहुमूल्य स्याउको भण्डारण गाईगोठमा हुन्छ भन्ने सुन्दा धेरैलाई अनौठो लाग्छ होला, तर यथार्थ यही हो। गंगादेव गाउँपालिका-३ मा पर्ने यो गाउँमा वर्षेनी करोडौंको स्याउ उत्पादन हुन्छ, तर यसको भण्डारण र बजारीकरणमा सरकारले ध्यान नदिँदा गाइगोठमा भण्डारण गर्नुपर्ने बाध्यता रहेको छ।

स्याउको क्षेत्र विस्तार भइरहे पनि आपूर्तिका लागि सडक र भण्डारका लागि स्टोरको व्यवस्था हुन नसक्दा आफूहले चाहे जति फाइदा लिन नसकेको कृषक रामबहादुर खत्रीले गुनासो गर्नुभयो। यहाँको स्याउ पश्चिम नेपालकै चिनारी हो तर भण्डारण र आपूर्तिको समस्याले यो गाईगोठमै कुहिन बाध्य छ। आपूर्ति गर्ने व्यवसायीले किसानबाट किने पनि समयमै बजारमा पुर्‍याउन नसक्दा समस्या हुने गरेको छ।

यहाँबाट सल्यानहुँदै दाङको बजारसम्म स्याउ पुग्ने गरेको छ। जसका लागि सल्यान खण्डमा सडक अवरुद्ध हुँदा अहिले स्याउ आपूर्ति ठप्प बनेको छ। सल्यानको बागचौर र दामाचौरहुँदै २ ठाउँबाट बाटो जाने भए पनि शारदा खोलामा पुल नहुँदा ठूलो पानी परेको बेला सडक अवरुद्ध हुने गरेको छ। जसका कारण आपूर्तिमा समस्या आएको आपूर्ति व्यवसायी कुलबहादुर केसीले जानकारी दिनुभयो। स्याउ फार्मबाट



सल्यानको कालाखेतसम्म लैजान १ दिन लाग्ने र त्यहाँ ग्रेडिङ गर्दा समय लाग्ने भएकाले व्यवसायीले २ ठाउँमा निकासी शुल्क तिर्नुपर्ने बाध्यता छ।

प्रदेश नम्बर ५ को रोल्पाले पाथीहाल्ना र कर्णाली प्रदेशको सल्यानले कपुरकोटमा कर लिने गरेको छ। 'उही दिन रसिद काटेको रहेछ भने कर लाग्दैन, तर २४ घन्टा कट्यो भने अर्को प्रदेशलाई अतिरिक्त कर तिर्नुपर्छ', व्यवसायी केसीले भन्नुभयो- 'सडक र स्टोर हुँदा एकातिर किसानले भने जति पैसा पाएका छैनन् भने अर्कोतिर हामीले २ वटा प्रदेशलाई कर तिर्नुपर्ने बाध्यता छ।' अहिले प्रदेश नम्बर ५ मा उत्पादन भएको स्याउ कर्णाली प्रदेशको सल्यान हुँदै पुनः प्रदेश ५ का दाङमा पुग्ने गरेको छ। यो समस्या समाधानका लागि जिनावाङ-कपुरकोट सडक कालोपत्रेको योजना अघि सार्नुपर्ने स्थानीयको माग छ

गाउँपालिका अध्यक्ष भन्नुहुन्छ- 'भण्डारणको व्यवस्था मिलाउँछु।'

यसैबीच गंगादेव गाउँपालिकाका अध्यक्ष वीरबहादुर खत्रीले जिनावाङमा स्याउ भण्डारणको व्यवस्था चाँडै मिलाउने बताउनुभएको छ। 'म अर्को वर्षसम्म यस्तो समस्या आउने दिने छैन', उहाँले भन्नुभयो- 'कृषि क्षेत्रमा लगानी गर्ने विभिन्न संस्थालाई अनुरोध गरेर स्याउ भण्डारणका लागि भवन निर्माणको व्यवस्था मिलाउनेछु।' विस्तारै यहाँ कोल्डस्टोर र ग्रेडिङका लागि पनि पहल गर्ने उहाँले बताउनुभयो। सल्यान खण्डमा सडक बिग्रेकाले समस्या रहेको जनाउँदै उहाँले रोल्पाको सडकमा समस्या नरहेको बताउनुभयो।

## युवती पनि दुर्व्यसनमा

बाँके, (नेस)

डोल्पा जिल्लाकी २० वर्षीया युवती ३० ट्याब्लेट नाइट्रोजेपामसहित नेपालगन्जमा पक्राउ परेकी छन्।

सीमावर्ती भारतीय बजार रुपैडिहाबाट लागूऔषध बोकेर नेपाल भित्रिँदै गरेकी उनलाई इलाका प्रहरी कार्यालय जमुनाहाले पक्राउ गरेको हो। स्कुटीमा आउँदै गरेकी उनले पाइतलामा राखी चप्पलले च्यापेर नाइट्रोजेपाम ल्याउँदै थिइन्।

सीएमए पढ्दै गरेकी ती युवती नेपालगन्जमै बस्छिन्। लागूऔषधमा आइतबार नै म्याद थप गरेकी ती युवती आफैं प्रयोगकर्ता भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

बाँके प्रहरीले २ महिनाअघि खजुराबाट २ किशोरीलाई ब्राउनसुगर खाँदै गरेको अवस्थामा पक्राउ गर्‍यो। ४ जना केटा साथीसँग बसेर ब्राउनसुगर खाइरहेको बेलामा प्रहरीको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो। उनीहरूको साथबाट ९ सय मिलिग्राम ब्राउनसुगरसमेत फेला परेको थियो।

१८ र २० वर्षका २ युवतीलाई प्रहरीले अनुसन्धानका लागि ५० दिन जिल्ला प्रहरी कार्यालयमा राख्यो। पछि उनीहरू अदालतबाट धरौटीमा छुटे।

बाँकेमा केटामात्रै होइन, केटीहरूसमेत लागूऔषधका पारखी रहेको तथ्यांकले देखाएको छ। सीमावर्ती भारतीय बजार रुपैडिहामा सहजै पाइने लागूऔषधमा केटासँगै केटीको पनि उत्तिकै पहुँच देखिएको छ।

साथीहरूको लहलहैमा लागेर लागूऔषधको कूलतमा पसेका प्रायः युवती यौन धन्दामा रहेको जानकार बताउँछन्। बाहिरी जिल्लामा नेपालगन्जमा पढ्न या अरू कुनै काम विशेषले बसेका तथा यहाँका स्थानीय युवती पनि कूलतमा फसेको देखिएको छ। अभिभावकले पढ्न पठाएका युवती शहरमा आएपछि साथीको लहलहैमा कूलतमा फसेका हुन्। शनिबार साँझमात्रै पक्राउ परेकी डोल्पाकी युवती पनि त्यस्तैमा पर्छिन्।

जिल्ला प्रहरी कार्यालय, बाँकेका मुद्दाफाँटका इन्चार्ज रणबहादुर विष्टका अनुसार आर्थिक वर्ष २०७४/७५ मा ११ जना युवती लागूऔषधमा पक्राउ परेका छन्। प्रहरी निरीक्षक विष्टले पुरुष साथीसँग लागेर किशोरी/युवती पनि कूलतमा फसेको बताउनुभयो।

## स्याङ्जाका कांग्रेस सभापति पंगेनीको निधन

स्याङ्जा, (नेस)



नेपाली कांग्रेस स्याङ्जाका सभापति एवं पूर्व सभासद कमल पंगेनीको ५४ वर्षको उमेरमा निधन भएको छ। स्याङ्जाको गोदीखोलास्थित आफ्नै निवासमा हृदयघातका कारण उनको निधन भएको हो। शनिबार राति खाना खाएर सुतेका उनी आइतबार बिहान गम्भीर अवस्थामा फेला परेका थिए। अस्पताल पुग्दा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

२०३३ सालमा नेविसंघबाट राजनीतिक यात्रा शुरू गरेका उनी २०४२ सालमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बनेका थिए। यस्तै २०७० सालको संविधानसभामा स्याङ्जा क्षेत्र नम्बर २ बाट निर्वाचित भएका उनले संविधान निर्माणमा अतुलनीय सहयोग पुर्‍याएका थिए।

मिडियामैत्री पंगेनीले गत वर्षको साउन १५ गते संसद्मा बाँदर आतंकको कुरा उठाउँदा धेरैले स्याबासी दिएका थिए। किसानलाई काम गरेर खान बाँदरले दुःख दिएको भन्दै पंगेनीले राज्यले बाँदर आतंक नियन्त्रण गर्नुपर्ने भन्दै तत्कालीन व्यवस्थापिका संसद्को बैठकमा आवाज उठाएका थिए। उनका १ छोरा १ छोरी र श्रीमती छन्। पंगेनीको आइतबार साँझ राम्दीघाटमा हिन्दु संस्कारअनुसार अन्तिम संस्कार गरिएको पारिवारिक स्रोतले जानकारी दिएको छ।

## दुर्घटनामा ४ जना घाइते

बैतडी, (नेस)

नेपाल टेलिकम बैतडीको गाडी आइतबार दुर्घटनामा परेको छ। बैतडीबाट कैलालीको धनगढीतर्फ जाँदै गरेको सेपच ८१५ नं को पिकअप भ्यान आइतबार मध्याह्न १२ बजे डडेल्धुराको अमरगढी नगरपालिका-७ खसर्‍याखानमा अनियन्त्रित भई दुर्घटना हुँदा ४ जना घाइते भएका छन्। घाइते हुनेमा कैलालीका जिप चालक हरिप्रसाद चौधरी, कैलालीकै हरिशप्रसाद भट्ट, उपेन्द्र जोशी र बैतडीको दशरथचन्द नगरपालिका-६ का जितेन्द्र रावत रहेका पोखरा प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक लालसिंह विष्टले जानकारी दिनुभयो।

चौधरीको टाउको, हात र खुट्टामा चोट रहेको बताइएको छ। घाइतेको सुदूरपश्चिम उपक्षेत्रीय अस्पताल डडेल्धुरामा उपचार भइरहेको छ। गाडी सडकबाट १ सय मिटर तल खसेको छ। अनियन्त्रित हुँदा गाडी दुर्घटना भएको बताइएको छ।

## बोगटान गाउँपालिकाको नाम फेर्ने निर्णय

डोटी, (नेस)

प्रदेश नम्बर ७ को मन्त्रिपरिषद् बैठकले डोटीको बोगटान गाउँपालिकाको नाम हेरफेर गर्ने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले डोटीको बोगटान गाउँपालिको नाम 'बोगटान फुडसिल' गाउँपालिका कायम गर्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने निर्णय गरेको छ। स्थानीय जनताको माग र गाउँसभा बैठकले गरेको निर्णय र सिफारिसबमोजिम यस्तो निर्णय गरिएको हो।

यस्तै कैलाली जिल्लाको कैलारी गाउँपालिका वडा नं. ४ को नवलपुर गाउँलाई वडा नं.१ मा समावेश गर्न, डोटीको आदर्श गाउँपालिका वडा नं.४ को पातलगाउँलाई वडा नं. ५ मा समावेश गर्न तथा भागेश्वर गाउँपालिका डडेल्धुरा वडा नं. ४ को गुवाडी टप्पामा केन्द्र सार्न नेपाल सरकारसमक्ष सिफारिस गरी पठाउने निर्णयसमेत उक्त बैठकले गरेको छ। स्थानीय तहको माग र सिफारिसबमोजिम नै नाम र केन्द्र हेरफर गरी कायम गर्न सिफारिस गरिएको ७ प्रदेशका प्रवक्तासमेत रहनुभएका आन्तरिक मामिला तथा कानुनमन्त्री प्रकाश शाहले बताउनुभयो।

## पहिरो खस्दा राजमार्ग बन्द

डोटी, (नेस)

शनिबार रातिदेखिको लगातारको वर्षाका कारण पहिरो आउँदा अत्तरीया स्याउले जोड्ने भीमदत्त राजमार्ग बन्द भएको छ। जिल्ला प्रहरी कार्यालय डोटीका अनुसार भीमदत्तराजमार्गअन्तर्गत पर्ने डोटीको गोल्डेन भन्ने ठाउँमा पहिरो जाँदा यातायात अवरुद्ध भएको छ।

पहिरोले करिब २० मिटर सडक ढाकेपछि तराईबाट पहाड तथा पहाडबाट तराई जान हिँडेका सयौं सवारीसाधन तथा यात्रु बिहानदेखि नै बीच बाटोमै अलपत्र परेको स्थानीयबासी टीकासिंह मल्लले बताउनुभयो।

अवरुद्ध भएको राजमार्ग खोल्नका लागि छिमेकी जिल्ला कैलाली तथा डडेल्धुराबाट डोजर झिकाइएको सडक डिभिजन कार्यालय कुल्पाते दिपायलले जनाएको छ। डोटीमा गएरातिदेखि लगातार पानी परिरहेको छ।

## अंगीकृत नागरिकता लिने महिलाको संख्या बढ्दो

बैतडी, (नेस)

बैतडी जिल्लामा पछिल्लो समय अंगीकृत नागरिकता लिने महिलाको संख्या बढेको छ। भारतीय महिलाले नेपाली नागरिकसँग विवाह गरेको खण्डमा उनीहरूले नेपाली अंगीकृत नागरिकता प्राप्त गर्न सक्दछन्।

केही वर्षअगाडि अंगीकृत नागरिकता लिने महिलाको संख्या कम भए पनि दिनप्रतिदिन यो संख्या बढेको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ। जिल्ला प्रशासन कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७३/७४ मा २४ जना भारतीय महिलाले नेपाली पुरुषसँग विवाह गरेपछि वैवाहिक अंगीकृतको नागरिकता प्राप्त गरेका छन् भने आर्थिक वर्ष २०७४/७५ मा २६ जनाले अंगीकृत नागरिकता लिएका पाइएको छ।

अंगीकृत नागरिकता सबैले जिल्ला प्रशासन कार्यालय बैतडीबाट प्राप्त गरेका हुन्। बैतडीका सहायक प्रमुख जिल्ला अधिकारी जयबहादुर कुँवरले प्रशासनमा नियमितरूपमा वैवाहिक अंगीकृतको नागरिकता प्रदान गर्ने काम भइरहेको जानकारी दिए। आवश्यक कागजात पुगेकालाई जुनसुकै दिन पनि नागरिकता दिने गरेको कुँवरले बताए।

नेपाली नागरिकसँग विवाह गर्ने भारतीय महिलाले नेपाली नागरिकता पाउनका लागि विवाह दर्ता, पतिको नागरिकता, विदेशी नागरिकता भएको खण्डमा नागरिकता त्यागेको प्रमाणसहितको निवेदन दिनुपर्छ। हुलाकमा रजिस्ट्री गरिएको पत्र र निवेदनको प्रतिलिपीलाई पनि प्रमाणको रूपमा मान्ने गरिएको छ। नेपाली नागरिकता प्राप्त गर्नेलाई प्रशासनका कर्मचारीले शपथग्रहण गराउने गरेको सहायक प्रमुख जिल्ला अधिकारी कुँवरले जानकारी दिए।

# आवासका लागि रकम नपाउँदा बाढीपीडितको विचल्ली

विष्णु तिमिल्सिना, बर्दिया

गुलरिया नगरपालिका वडा नं ४ रामपुरटप्पर बस्तीका पीडित २०७१ सालमा सरकारले उपलब्ध गराउने भनेको आवासबापतको रकम नपाउँदा ४१ परिवार ऋणको चिन्ताका साथै विचल्लीमा परेका छन्।

बबई नदीमा २०७१ सालको श्रावण महिनाको अन्तिम सातामा आएको बाढीले रामपुरटप्परको पूरै बस्ती बगाएपछि त्यो बस्तीका मानिस तुलसीपुरस्थित खेल मैदानमा त्रिवालमुनि अस्थायी बसोबास गर्दै आएका थिए। उनीहरूलाई यस वर्ष भूकम्पपीडितसरह आवास निर्माणबापत ३ लाख ५० हजार रुपियाँ उपलब्ध गराई आवास भवन आवास कार्यालय नेपालगन्जले पुनःस्थापना गर्ने सरकारको निर्णय सुनेपछि खुसी भएका बाढीपीडित परिवारले सरकारबाट रकम नपाएपछि दुखी भएका छन्।

सरकारको निर्णय थाहा पाएर रकम पाउने आशामा बाढीपीडितले तुलसीपुरस्थित ध्रुव माध्यमिक विद्यालयनजिक रहेको खरिलाल लामिछानेको जग्गा प्रतिकठ्ठा १ लाख ७५ हजार रुपियाँका दरले जम्मा ७२ लाखमा ५० हजार रुपियाँमा १ बिघा १५ धुर खरिद गरेका थिए। उक्त जग्गा खरिद गरेको रकम २ महिनाभित्र बुझाउनुपर्ने र सो समयमा नबुझाए दोब्बर रकम बुझाउने सर्तमा जग्गा खरिद गरेका छन्। सो स्थानमा ३८ घरपरिवारले प्रतिपरिवार ५० हजारका दरले जग्गा खरिद अस्थायी टहरा बनाएर बसेका छन्।

जग्गा धनीसँगको सम्झौताको म्याद असार मसान्तमा नै सकियो। उनीहरूले अझै रकम बुझाउन सकेका छैनन्। त्यसमा पनि दोब्बर बझाउनुपर्ने भएकाले चिन्ता परेको सो बस्तीका अगुवा शंकर शाहीले बताउनुभयो। त्यसैगरी सरकारले आफूलाई घर बनाउने रकम देला भनेर मासिक ४ प्रतिशत ब्याजदरमा ऋण लिएर अरूसँगै जग्गा खरिद गर्‍यो तर सरकारले रकम नदिएको बाढीपीडित मतकली रानाले दुखेसो व्यक्त गर्नुभयो।

बाढीपीडितको भवन निर्माणको जिम्मेवारी भवन तथा आवास निर्माण कार्यालय नेपालगन्ज रहेको तर सम्वेदनशील नभई दोस्रो किस्ता रकम निकासा गराउन चासो राखिएको पाइएन। जसमा राजनीतिक पहुँच पनि नपुगेको हुनुपर्छ, जसले गर्दा पीडित मर्कामा परेका छन्। यस आर्थिक वर्षमा रकम निकासा गराउन आफूले पहल गराउने कुरा प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर कुरुमवाङले बताउनुभयो।

गुलरिया नगरपालिका वडा नम्बर ४ का वडाध्यक्ष रामबहादुर रावलले विगत ४ वर्षदेखि पालमुनि बसेका पीडितलाई पुनःस्थापित गराउन आफूले सार्न पहल गरेको बताउनुभयो। तर पीडितले समयमा रकम नपाउँदा आफू पनि समस्यामा परेको अध्यक्ष रावलको भनाइ छ। सरकारले घर निर्माणका लागि जग्गा खरिदबापतको ५० हजार रुपियाँ मूल्यको मापदण्ड राख्नु अत्यन्त अव्यावहारिक भएको र समसामयिक नभएकाले मापदण्ड परिवर्तन गर्नुपर्ने उहाँले बताउनुभयो। 'जग्गा धनीसँग पैसा आउँछ भनी म जमानी भएर जग्गा खरिद गरिएकाले मलाई पटक-पटक रकम दिलाइदिन माग गर्नुभएको छ। ५२ लाख रुपियाँ अझै तिर्न बाँकी छ', बाढीपीडितको सवालमा कार्य गरिहेको नेपाल रेडक्रस सोसाइटी बर्दिया शाखाका सभापति कृष्णप्रसाद गौतमले भन्नुभयो- 'रकम निकासा गर्नका लागि आवास कार्यालय र जनप्रतिनिधिबाट पहल नभएकाले अर्थ मन्त्रालयबाट रकम निकासा हुन सकेन, यसले बाढीपीडित थप बिचल्लीमा परेका छन्।'

# वर्षासँगै स्कुलका तारजाली बगे

नेपाल समाचारपत्र

सल्यान

सल्यानको कपुरकोट गाउँपालिकामा रहेको कालिका माध्यमिक विद्यालयमा तारजाली लगाएर निर्माण गरिएको चौर अविरल वर्षाले बगाएको छ। कपुरकोट ३ मा रहेको उक्त विद्यालयमा चौर निर्माण गर्दा लगाइएका तालजालीमध्ये १ सय ७५ थान जाली बगाएको विद्यालयले जनाएको छ। आइतबार बिहान ४ बजेतिर ठूलो संख्यामा तारजाली वर्षासँगै भत्किएर गएपछि फिल्डमा पूर्णरूपमा क्षति पुगेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रुद्रवीर कुँवरले जानकारी दिए।

विद्यालयको चौरसहित भत्किएर गएका जालीले जागेश्वर गिरीको सुन्तला बगैंचा र माधव गिरीको टिमुरखेतीमा नोक्सानी गरेको छ। साथै फिल्ड नै भत्किएपछि कालिका माविका विद्यार्थीलाई खेल्न तथा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न समस्या पर्ने भएको प्रधानाध्यापक खिमलाल गिरीले बताए। जिल्लाकै नमुना विद्यालय बन्ने तयारीमा रहेको कालिका माविलाई फिल्ड



भासिएपछि केही चुनौती थपिएको छ।

२०६९ सालदेखि लगाइएको तारजालीमा विद्यालयले २१ लाख रुपियाँ खर्च गरेको थियो। यसअघि २०६९ सालको साउन ६ गते परेको अविरल वर्षाले कालिका माविका पूरै भवन भासिएका थिए। त्यसपछि जग्गा खरिद गरेर नयाँ भवन निर्माण गरेको विद्यालयलाई फेरि अर्को समस्या थपिएको हो।

नुवाकोट जिल्ला सुर्यगढी गाउँपालिका वडा नं २ बस्ने [illegible] भट्टको नातिनी जयप्रसाद भट्टको छोरी केशव तिमल्सेनाको पत्नी रेवती तिमिल्सेनाले यस बैंकको त्रिशुली शाखामा बचत खाता नं [illegible] खोली कारोबार गर्दै आउनु भएकोमा निजको मिति २०७४/०६/१० मा मृत्यु हुनुका साथै निजले खाता खोल्दा [illegible] निज खातावालको एकाघरको छोरो उत्तम तिमिल्सेनाले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्रसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा [illegible] (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला। अन्यथा निवेदकको मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ।

हिमालयन बैंक लिमिटेड

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं.[illegible]
स्वर्गारोहण : वि.सं.[illegible]

स्व. धन राजी सुब्बा

[illegible]
संस्थापक/प्रिन्सिपल श्रीमती जिवन कला सुब्बा [illegible]
श्रीमती धन राजी सुब्बाको स्वर्गारोहण भएको आज १३ औं दिनमा [illegible]
[illegible] हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं
[illegible]

हार्दिक श्रद्धाञ्जली



जन्म
१९८८/०३/०४

स्वर्गारोहण
२०७५/०४/०९

स्व. नन्द प्रसाद आचार्य (नारायणदास)

यस संस्थाका सचिव श्री **कृष्ण प्रसाद आचार्य**ज्यूका पुजनिय पिता **स्व. नन्द प्रसाद आचार्य(नारायणदास)**को यहि मिति २०७५ साउन ९ गते निधन भएको आज १३औं दिनको पूण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यसदुःखद घडीमा शोक सन्तप्त परिवारजनहरु प्रति धैर्य धारण गर्नसक्ने शक्ति श्री पशुपतिनाथले प्रदान गरुन भनि गहिरो समवेदना प्रकट गर्दछौं।

शुवर्णभूमि बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
फोनं.५२०३५२४, महालक्ष्मी - १६, ईमाडोल, ललितपुर



# विश्व

**क्रुरता**
थाइल्यान्डका पूर्वसुन्दरी पविना नेमुइनग्रक। यौन सम्पर्कका लागि अस्वीकार गर्दा फुकेटका एक क्लब मालिकले गोली हानी उनको हत्या गरेको छ।



**खतरा**
प्लास्टिकको ग्लासलाई आहार बनाउन खोजेका जल कछुवा। समुद्रमा फ्याँकिएका अजैविक फोहोरका कारण लाखौं समुद्री जीव मर्ने गरेको वातावरणविद्हरुले बताएका छन्।





**विश्व २ मिनेट**

### इन्डोनेसिया

## शक्तिशाली भूकम्प

जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाको लामबाक द्विपमा शक्तिशाली भूकम्प आएको छ। भूकम्पका कारण सरकारले सुनामीको चेतावनी पनि जारी गरेको छ। अमेरिकी भूगर्भ सर्वेक्षणले भूकम्पको तिब्रता ७ रेक्टर स्केल भएको बताएको छ। भुकम्पको केन्द्रविन्दु जमिनको सतहबाट १० किलोमिटर तल रहेको जनाइएको छ। एक हप्ताअगाडि आएको भूकम्पमा पनि १७ जनाको मृत्यु भएको थियो। अधिकारीहरुले भूकम्पपछि सुनामीको चेतावनी जारी गर्दै समुद्रको तटीय इलाकाबाट टाढा जान नागरिकहरुलाई आह्वान गरेको छ। मौसम विभागका प्रमुखले नागरिकहरुलाई उचाइ भएको इलाकामा जान अपिल गरेको स्थानीय टेलिभिजनले जनाएको छ।

### थाइल्यान्ड

## थाई सुन्दरीको हत्या

फुकेट, (एजेन्सी)

यौन सम्पर्कका लागि नमान्दा थाइल्यान्डका पूर्वसुन्दरीको गोली हानी हत्या गरिएको छ। उनले एक क्लबका मालिकसँग यौन सम्पर्क गर्न अस्वीकार गरेकी थिइन्। पविना नेमुइनग्रक पहिचान भएकी ती पूर्वसुन्दरीमाथि ४ गोली टाउको र छातीमा प्रहार भएको प्रत्यक्षदर्शीहरुले बताए। उनका एक साथीमाथि पनि ३ गोली प्रहार भएको बताइएको छ। एक दिनअगाडि पविनाको जन्मदिन भएको र आफ्ना साथीहरुसँग बर्थडे मनाउने उक्त क्लबमा पुगेको द सनले जनाएको छ। दुबैको घटनास्थलमै मृत्यु भएको जनाइएको छ। गोली प्रहार गर्ने क्लबका मालिक पान्या यिर्गेगको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ।

### चीन

## स्टुडियो भत्काइयो

बेइजिङ, (एजेन्सी)

सरकार विरोधी चिनियाँ कलाकार एइ वेइवेइले स्थानीय प्रशासनले राजधानी बेइजिङस्थित आफ्नो स्टुडियो भत्काइदिएको गुनासो आइतबार गरेका छन्। उनले आफ्नो स्टुडियो भत्काइँदै गरेको क्लिप इन्स्टाग्राममा राख्दै उक्त कारबाही गरिनुअघि आफूलाई कुनै सूचना नदिएको पनि जनाएका छन्। उनकै संघाईस्थित अर्को स्टुडियो सन् २०११ मा ध्वस्त पारिएको थियो। उनले त्यतिबेला पनि आफूसंग कुनै अनुमति नलिइएको बताएका छन्। सन् २०१५ मा चीन छोडेयता ६० वर्षीय वेइवेइ जर्मनीमा बस्दै आएका छन्।

### अफगानिस्तान

## आत्मघाती हमला

काबुल, (एजेन्सी)

पूर्वीअफगानिस्तानमा आइतबार एकजना आत्मघाती आक्रमणकारीले विस्फोट गराउँदा ३ जना चेक उत्तरी एटलान्टिक सन्धि संगठन (नेटो) का सैनिक मारिएका छन्। नेटोका अधिकारीहरुद्वारा जारी गरिएको एक विज्ञप्तिमा अफगान फौजसँग पैदल गस्तीमा रहेकाबेला तिनीहरुमाथि आक्रमण भएको उल्लेख गरिएको छ। स्थानीय समयअनुसार बिहान छ बजे पारवान प्रान्तको राजधानी चारिकारमा भएको यस हमलामा एकजना अमेरिकी र अन्य दुईजना अफगान सैनिक मारिएका छन्। तालिवान लडाकूहरुले यस आक्रमणको औपचारिक जिम्मेवारी लिइसकेका छन्। चेक प्रधानमन्त्री आन्द्रेज बाबिसले समवेदना प्रकट गरेका छन्।

# जेम्ससँगको विवादमा मेलानिया राष्ट्रपतिको विपक्षमा देखिइन्

वासिंगटन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनकी पत्नी मेलानिया ट्रम्पबीच अमेरिकी वास्केटबल खेलाडी लेब्रान जेम्सको मामिलामा मतभेदको स्थिति देखिएको छ। डोनाल्ड ट्रम्पले लुब्रान जेम्सको आलोचना गरिरहेकै बेला मेलानिया उनको पक्षमा देखिएकी छिन्। जेम्स एक अन्तरवार्तामा ट्रम्प नागरिकबीच विभाजन ल्याउने गरिरहेको र उनले जातीवादीहरुलाई उक्साइरहेको बताएका थिए।

यसको जवाफमा डोनाल्ड ट्रम्पले लेब्रानको बुझाइमाथि प्रश्न उठाएका थिए। एक नेसनल बास्केटबल एसोसिएसन (एबीए) खेलाडीलाई 'समझदार देखाउनु' सहज नहुने उनले बताएका थिए। ट्रम्पको उक्त ट्विटको १४ घण्टापछि मेलानियाका प्रवक्ताले लेब्रान जेम्स आफ्नो गृहनगर ओहायोमा एक स्कुलसँग मिले राम्रो उद्देश्यका लागि काम गरिरहेको बताएका थिए।

उनले भने- 'मेलानिया ट्रम्प बच्चाहरुले जुन कठिनाइ भोगिरहेका छन्, त्यसमा कुरा गर्न चाहेकी छिन्। जेम्सले सीएनएनलाई दिएको एक अन्तरवार्तामा ओहायोमा बच्चाका लागि नयाँ स्कुल खोल्ने विषयमा चर्चा गरेका थिए।

यसै हप्ताको शुरुआतमा जेम्सले आफ्नो अन्तरवार्तामा खेलको माध्यमबाट आफूलाई फरक-फरक पृष्ठभूमि र जानीका व्यक्तिहरुसँग संगत गर्ने अवसर प्राप्त भएको बताएका थिए। उनले भने- 'खेलले कहिल्यै पनि मान्छेमा विभाजन गर्दैन। सधैं उनीहरुलाई सँगै ल्याउने काम गर्छ।'

त्यसपछि शनिबार डोनाल्ड ट्रम्पले जेम्सलाई ट्विटरमार्फत जवाफ दिएका थिए। उनले ट्विटमा भने- 'टेलिभिजनका सबैभन्दा मूर्ख डन लेमनले हाल मात्र लेब्रन जेम्सको अन्तरवार्ता लिएका थिए। उनी लेब्रानलाई बुद्धिजीवी देखाइरहेका थिए, जुन सहज काम होइन।

आफूले लेब्रान जेम्सको स्थानमा पूर्व वास्केटबल खेलाडी माइकल जोर्डनलाई मन पराएको पनि ट्रम्पले लेखेका छन्। जोर्डन र जेम्समा को राम्रो खेलाडी हो भन्ने विषयलाई लिएर लामो समयदेखि बहस चलिरहेको छ। अमेरिकी राष्ट्रपतिले माइकल जोर्डनलाई समर्थन दिनु पनि यसै बहससँग जोडिएको घटना मानिएको छ।

यद्यपि जोर्डनले पनि जेम्सको समर्थन गरेका छन्। उनका प्रवक्ताका अनुसार जोर्डनले भनेका छन्- 'म एलजे (लेब्रान जेम्स)लाई समर्थन गर्छु। उनी आफ्नो समुदायका लागि राम्रो काम गरिरहेका छन्।

मेलानिया ट्रम्प हालै मात्र जेम्सले खोलेको स्कुलको भ्रमणमा पुगकी थिइन्। यसअघि मेलानियाले आफ्नो ट्विटमा 'जिम्मेवार अनलाइन व्यवहारको महत्व' जस्ता पंक्ति समावेश गरेकी थिइन्।

# गणितको नोबेल 'फिल्डस् मेडल' प्रदान गरेको केही मिनेटमै चोरी

रियो दी जेनेरियो, (एजेन्सी)

कुर्द शरणार्थीबाट क्याम्ब्रिज विश्वविद्यालयमा गणित प्रोफेसर बनेका कौचर बिरकरले प्राप्त गरेको गणित क्षेत्रको नोबेल पुरस्कार मानिने फिल्ड्स मेडल केही मिनेटमै चोरी भएको छ। बिरकरलाई अन्य तीन गणितज्ञसँगै उक्त पुरस्कारबाट सम्मानित गरिएको थियो। फिल्डस् समारोहको आयोजना गर्न पाएका पहिलो ल्याटिन अमेरिकी शहर रियो दी जेनेरियोका लागि उक्त घटना अत्यन्तै लज्जास्पद बनेको छ।

फिल्डस समारोह हरेक चार वर्षमा हुने गर्छ। बीजगणित, ज्यामितिमा विशेषज्ञ ४० वर्षीय बिरकरलाई प्रदान गरिएको १४ क्यारेटको स्वर्णपदक एक घण्टा भन्दा कम समयमै उनको झोलाबाट बेपत्ता भएको थियो।

समारोहका आयोजक इन्टरनेसनल कांग्रेस अफ म्याथम्याटिक्सले उक्त घटनाप्रति गहिरो खेद् प्रकट गरेको छ। बिरकरले सहविजेता एलेसियो, फिगाली, पिटर सुल्ज र भारतीय मूलका अक्षय वेकटेससँग उक्त उपलब्धीको खुसीयाली मनाएका थिए।

कुर्द हुनुको कारण उनका लागि यो कुनै परिको कथा साँचो हुनुजस्तै हो। उनले भने- 'यो समाचारले ती ४ करोडको अनुहारमा मुस्कान ल्याउँछ भन्ने मैले अपेक्षा गरेको छु।'

इरान इराक सीमानजिकै जातीय कुर्द प्रान्त मारीवानको एक गाउँमा जन्मेका बिरकरले भने- 'कुर्दिस्तानमा कुनै बच्चाको मनमा गणितका लागि रुची आउनु असम्भव थियो।' यसको बाबजुद उनी तेहरान विश्वविद्यालयमा गए। गणितमा अद्भूत प्रतिभाका कारण उनले बेलायतमा राजनीतिक शरण पाए र त्यहीँको नागरिकता हासिल गरे।

अन्य विजेतामध्ये ज्युरिखका ३४ वर्षीय फिगाली हुन्। शुल्ज जर्मनी नागरिक हुन्। विजेताहरुमध्ये भारतीय मूलका अस्ट्रेलियाली नागरिक वेकटेश पनि हुन्। विलक्षण प्रतिभाका धनी वेकटेशले मात्र १३ बर्षको उमेरमा युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियामा गणित र फिजिक्समा स्नातकको डिग्री हासिल गरेका थिए। हाल ३६ वर्षीय वेंकटेश अमेरिकाको स्टेनफोर्ड विश्वविद्यालयमा नम्बर थ्योरीका विशेषज्ञ हुन्।



# हलिवुड कलाकार रुसी सद्भाव दूत



मस्को, (एजेन्सी)

रुसी सरकारले अमेरिकी हलिवुड कलाकार स्टेभेन सिगललाई आइतबार संयुक्त राज्य अमेरिकासंग सम्बन्ध सुधार्नका लागि विशेष सद्भावना दूत नियुक्त गरेको छ।

सन् २०१६ रुसको मानार्थ नागरिकता प्राप्त गरेका सिगलले रुसी राष्ट्रपति भ्लदिमिर पुटिनलाई विश्वको महान नेता भन्दै मुक्तकण्ठले तारिफ गरेका थिए। अमेरिकामा जन्मेका तथा मार्श आर्टस स्टारको हैंसियतले अन्तर्राष्ट्रिय ख्याति आर्जन गरेका उनी असी र नब्बे दशकमा निकै हिट रहेका थिए। उनको फिल्म 'अनडर सिज' ले निकै चर्चा बटुलेको थियो। 'मि टु' अभियानको दौरान महिला कलाकारहरुमाथि भएको यौन उत्पीडनका लागि हलिवुडका अन्य कलाकारसंगै उनीमाथि पनि आरोप लागेको थियो। तर उनले ती आरोप खण्डन गर्दै आएका छन्।

रुसी विदेश मन्त्रलायले आफ्नो फेसबुक पेजमार्फत् उनलाई दूत नियुक्त गरेको खबर सार्वजनिक गरेको हो। उनले हालै मात्रै रसियामाथि सन् २०१६ मा अमेरिकी राष्ट्रपतीय चुनावमा हस्तक्षेप गरेको भनी लगाइएको आरोपको खण्डन गरेका थिए।

# भेनेजुयलाका राष्ट्रपति माडुरोमाथि ड्रोन हमला

काराकास, (एजेन्सी)



भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरो शनिबार हत्या प्रयासबाट जोगिएका छन्। राजधानी काराकासमा सयौं सेनामाझ भाषण दिइरहेको बेला अचानक विस्फोटक पदार्थ बोकेका ड्रोन विमानहरुले उनीमाथि लक्षित आक्रमण गरेका थिए।

घटनाको बेला सो कार्यक्रम सरकारी टेलिभिजनमा प्रत्यक्ष प्रशारण भइरहेको सरकारी अधिकारीहरुले बताएका छन्। यस घटनामा केही सैनिक घाइते भएका छन्। भाषणकै क्रममा आकासमा विस्फोटको आवाज सुनिएपछि माडुरो र उनकी पत्नी सिलिया फ्लोरेसले आश्चर्य मान्दै माथि हेरेका थिए।

पछि उनले आफूलाई मार्नै खोजिएको बताएका थिए। सञ्चार मन्त्री जोर्ग रोड्रिगुएजले माडुरो नेसनल गार्डको ८१ वार्षिकोत्सवमा आयोजित कार्यक्रममा सरिक भइरहेको बेला स्थानीय समयअनुसार साँझ साढे पाँच बजे सो घटना घटेको पुष्टि गरेका छन्।

डरले काँप्दै गरेका माडुरोले भेनका छन्- 'मेरा आँखैअगाडि उडिरहेको एउटा वस्तु विस्फोट भयो। मैले त कार्यक्रमको शोभा बढाउन कुनै प्रोटोटेक्निक प्रदर्शन गरिएको भन्ठानेको थिएँ। त्यसको लगत्तै अर्को विस्फोट भयो।'

टेलिभिजन फुटेजले माडुरोलाई अंगरक्षकहरुले घटनास्थबाट सुरक्षित ढंगले बाहिर लगेको र पोशाकमा सजिएका सेना घटनास्थलमा तितरवितर भएको देखाएको छ। कोलम्बियाली राष्ट्रपति हुवाँ म्यानुयल सान्तोषलगायत बोगोटा र मायामिमा रहेका कटर दक्षिणपन्थी शत्रुहरुको यसमा हात हुनुपर्ने माडुरोले बताएका छन्।

यस घटना सम्बन्धमा केही आशंकित व्यक्तिलाई गिरफ्तार गरिएको छ। माडुरोले यसबारे गम्भीर छानविन हुने बताएका छन्। भेनेजुयलाको सरकारले यसअघि पनि पटक-पटक विपक्षी कार्यकर्ताहरुले माडुरोमाथि आक्रमणको षड्यन्त्र गरिरहेको आरोप लगाउने गरेका थिए।

महान्यायाधिवक्ता तारेक विलियम सावले यो आक्रमणको लक्ष माडुरोमा मात्र सीमित नरहेर सम्पूर्ण उच्चपदस्थ सैनिक अधिकृतलाई सखाप पार्नु रहेको देखिएको प्रतिक्रिया दिएका छन्। तर घटनास्थलमा पुगेका अग्निनियन्त्रकहरुले सरकारको भनाइलाई विवादमा पार्ने खालको टिप्पणी गरेका छन्। तिनीहरुले माडुरोको भाषण भइरहेको स्थाननजिकको एउटा अपार्टमेन्टमा एउटा ग्यास टैंक विस्फोट भएको जनाएका छन्।

गत वर्ष पनि भनेजुयलामा दैनिकजस्तो विरोध प्रदर्शन भइरहेको बेला एकजना विद्रोही प्रहरी अधिकारीले एउटा चोरिएको हेलिकोप्टर उडाएर विभिन्न सरकारी कार्यालय भवनहरुमा ग्रिनेड प्रहार गरेका थिए। ओस्कार पेरेज नामक ती व्यक्तिको पछि सुराक्षकर्मीको गोली लागेर मृत्यु भएको थियो।

# रसियामा समलिंगी अभियन्ताको प्रदर्शन

मस्को, (एजेनसी)

रसियाको सेन्ट पिटविर्गमा यौन अल्पमत समूहहरुको हकहित र अधिकारका बारेमा विरोध प्रदर्शनमा उत्रेको कम्तिमा पच्चिसजना समलिंगी तथा तेश्रोलिंगी ( एलजीवीटी ) अधिकारवादी अभियन्तालाई शनिबार प्रहरीले हिरासतमा लिएका छन्।

करिब ६० जना अभियन्ता सो शहरको विरोध ऱ्याली निषेध गरिएको मुख्य चोकमा भेला भएका थिए। प्लेकार्ड र इन्द्रेनी रंगका झण्डा बोकेका तिनीहरुले एलजीवीटी) का अधिकार संरक्षित गरिनुपर्ने नारा लगाएका थिए।

सन् २०१३ मा रसियामा समलिंगी प्रोपोगान्डा फैलिन नदिन त्यस्ता गतिविधिमाथि प्रतिबन्ध लगाउन एउटा विशेष विधेयक पारित गरेको थियो। उक्त कार्यक्रमका आयोजकहरुले ऱ्यालीलाई भेलाको नाम नदिनका लागि प्रत्येक प्रदर्शनकारीले एक्लाएक्लै विरोधमा उत्रेको जनाएका छन्।

प्रहरी र प्रदर्शनकारीबीच खासै कुनै भिडन्त भएको थिएन। तर तिनीहरुले बोकेका प्रदर्शनकारी सामग्रीलाई जबर्जस्ती प्रहरी भ्यान यस कार्यक्रमका सह-आयोजक एलेक्सेइ नाजारोभले प्रहरीले सबैभन्दा बढी रंगीन पोशाक लगाएका प्रदर्शनकारीहरुमाथि ध्यान केन्द्रित गरेको एएफपी समाचार निकायलाई बताएको छ।



पेट्रोलको सरकारी मूल्य १०४ रुपियाँ लिटर भए पनि उपभोक्ताहरूले १३५ देखि १५० रुपियाँसम्म प्रतिलिटर पेट्रोलका लागि तिरिरहेका छन्।

# नुरप्रसाद पक्राउ

नेपाल समाचारपत्र

काठमाडौं

नन्दप्रसाद अधिकारी तथा गंगामाया अधिकारीका छोरा नुरप्रसाद अधिकारीलाई प्रहरीले पक्राउ गरी आमाको जिम्मा लगाएको छ। नन्दप्रसादको निधनपछि एकाएक बेपत्ता भएका नुरप्रसादलाई महानगरीय अपराध महाशाखाले आइतबार सानेपाबाट नियन्त्रणमा लिई वीर अस्पतालमा उपचाररत आमा गंगामायाको जिम्मा लगाएको हो। वीर अस्पतालमा अनसन बस्नुभएकी गंगामायाले अनसन तोड्ने बेलामा छोरा नुरप्रसाद बेपत्ता भएकाले खोजी गरी पत्ता लगाइदिन सरकारसँग माग गरेबमोजिम नुरप्रसादलाई नियन्त्रणमा लिएर आमाको जिम्मा लगाइदिएको महाशाखाका प्रमुख एसएसपी धीरजप्रताप सिंहले जानकारी दिनुभयो। कृष्णप्रसाद अधिकारीको



हत्यामा संलग्न रहेका अभियुक्तलाई कारबाहीको माग गर्दै अधिकारी दम्पत्ति लामो समयदेखि अनसन बसेका थिए। अनसनकै क्रममा नन्दप्रसादको निधन भएको थियो।

# पेट्रोलको कालोबजारी नियन्त्रण गर्न माग

बैतडी, (नेस)

पेट्रोलमा भइरहेको कालोबजारी नियन्त्रण गर्न माग गर्दै नयाँ जीवन समाज नेपाल बैतडीले आज जिल्ला प्रसासन कार्यालयलाई ज्ञापनपत्र बुझाउनुका साथै मोटरसाइकल ¥याली निकालेको छ। सतबाँझ बजारदेखि सदरमुकाम गोठलापानीसम्म मोटरसाइकल ¥याली निकालेको हो। ¥यालीपछि प्रमुख जिल्ला अधिकारी चन्द्रप्रकाश गैरेलाई पेट्रोलमा भइरहेको कालोबजारी नियन्त्रण गर्न भन्दै ज्ञापनपत्र बुझाइएको संस्थाका अध्यक्ष अमरबहादुर टेरले बताए। पेट्रोलको सरकारी मूल्य १०४ रूपियाँ लिटर भए पनि उपभोक्ताहरूले १३५ देखि १५० रूपियाँसम्म प्रतिलिटर पेट्रोलका लागि तिरिरहेका छन्।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गैरेले पेट्रोलमा भइरहेको कालाबजारीका बारेमा आयलस्टोर र उद्योग वाणिज्य संघका पदाधिकारीहरूसंग छलफल गरेर टुंगोमा पुग्ने बताए। बैतडीमा पेट्रोल किन्दा चर्को मूल्य तिर्न उपभोक्ताहरू बाध्य भएका छन्। सतबाँझमा रहेको जिल्लाको एकमात्र भण्डारी आयल स्टोरले बिगत २ वर्षदेखि पेट्रोल आयत नगर्दा उपभोक्ताहरूले चर्को मूल्य तिरेर पेट्रोल किन्न बाध्य भएका हुन्।

# मेडिकल कलेजमा विद्यार्थीको मृत्यु

यमलाल भुसाल, बुटवल

भैरहवामा कृयाशील पत्रकारहरू दीपक घिमिरे, राधेश्याम विश्वकर्मा र सलमान खानलाई समाचार संकलनका क्रममा गरिएको अभद्र व्यवहार तथा समाचार संकलन उपकरण तोडफोडसमेत हुने गरी भएको आक्रमणको सर्वत्र निन्दा गरिएको छ।

आइतबार दिउँसो युनिभर्सल मेडिकल कलेज भैरहवामा बीडीएस अध्ययन गर्ने महादेव शाहको सोही अस्पतालमा उपचारका क्रममा निधन भएपछि अस्पतालमा उत्पन्न परिस्थितिको समाचार संकलन गर्न पुगेका पत्रकारमाथि त्यहा अध्ययन गर्ने विद्यार्थीले दुर्व्यबहार गर्नुका साथै समाचार संकलनमा प्रयोग हुने उपकरण क्यामेरा तोडफोड गरेका छन्।

त्यसैको विरोधमा पत्रकारका पेशागत संघ संगठनले विज्ञप्ती जारी गरी घटनाप्रति ध्यानाकर्षण भएको जनाउँदै दोसीको पहिचान गरी कारवाही र तोडफोड भएका सामाचार संकलनमा प्रयोग हुने उपकरणको क्षतिपूर्तिको माग गरेका छन्।

नेपाल पत्रकार महासंघका सदस्य रहेका तीनै जना पत्रकार नेपाल प्रेस युनियन रूपन्देहीका सदस्य हुन्। आक्रमणको विरोध गर्दै नेपाल पत्रकार महासंघ रूपन्देही, नेपाल प्रेस युनियन रूपन्देही र लुम्बिनी प्रेस क्लबले छुट्टाछुट्टै विज्ञप्ती जारी गरी पत्रकारमाथिको आक्रमणको भर्त्सना गर्नुका साथै दोषीलाई कारबाही, तोडफोड भएका क्यामेराको क्षतिपूर्ति तथा भएरहित वातावरणमा समाचार संकलन तथा रिपोर्टिङ्को व्यवस्था मिलाउन प्रहरी प्रशासनसमक्ष माग गरिएको छ।



ललितपुरस्थित लुबूमा गए राति परेको भारी वर्षाका कारण आएको बाढीबाट भत्केको पुल पार गर्दै एक साइकल यात्री ।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# तीन विधेयक पारित

बुटवल, (नेस)

प्रदेश नम्बर ५ को आइतबार बसेको प्रदेशसभाको बैठकले विभिन्न तीनवटा विधेयक सर्व-सम्मतिले पारित गरेको छ।

प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिवेदनसहितको विधेयक, प्रदेश नं ५ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५ संशोधन गर्न बनेको विधेयक र प्रदेश नं ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन २०७५ संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको हो।

सभामुख पूर्णबहादुर घर्तीले बैठकमा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सर्वसम्मतिले पारित भएको हो। यसअघि तीनवटै विधेयक प्रदेश नं ५ का आन्तरिक मामिला तथा कानुनमन्त्री कुलप्रसाद केसीले पारित गरियोस् भन्ने प्रस्ताव प्रदेशसभामा पेश गर्नुभएको थियो।

विधेयकका विषयमा प्रदेशसभाका सदस्य रमा अर्याल, चेतनारायण आचार्य, कमलराज श्रेष्ठ, र कुलप्रसाद पोखरेललगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

## समाचार संक्षेप

### ढुंगाले लागेर एक सैनिकको ज्यान गयो

बैतडी, (नेस)

ढुंगाले लागेर बैतडीमा आज एक सैनिक जवानको मृत्यु भएको छ। मृत्यु हुनेमा दोगडाकेदार गाउँपालिका ४ कपिन्ना जसमलाका ३० वर्षीय नारायणदत्त भट्ट रहेका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी निरीक्षक कान्तिराज जोशीले जानकारी दिनुभयो। गाउँनजिकै रहेको पानीको मुहानमा पाइप जोडिरहेका बेला माथि भीरबाट खसेको ढुंगाले लागेर भट्टको मृत्यु भएको हो।

दिउँसो पौने १ बजेतिर पाइप जोडिरहेका बेला मुहानको माथिबाट खसेको ढुंगालेको भट्टको टाउकोमा लागेर घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ। बिदामा घर आएका भट्ट नेपाली सेनाका चार नम्बर बाहिनी नेपालगन्जमा कार्यरत हुनुहुन्थ्यो। भट्टको शव परीक्षणका लागि जिल्ला अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ।

### ४ महिनामा २० को ज्यान गयो

डोटी, (नेस)

प्रदेश नम्बर ७ मा ४ महिनामा दैविप्रकोपमा परी २० जनाले ज्यान गुमाएका छन्। प्रदेश नम्बर ७ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयले दिएको तथ्यांकअनुसार पछिल्लो चार महिनाको अवधिमा ७ प्रदेशमा बाढी तथा पहिरोका कारण कैलाली, कञ्चनपुर, बझाङ, दार्चुला र डोटीमा गरी २० जनाको ज्यान गएको छ। बाढी तथा पहिरोका घटनामा परी अन्य २ जनाको अवस्था अझै अज्ञात रहेको छ। आन्तरिक मामिला मन्त्रालयका अनुसार दैविप्रकोपबाट बझाङमा सबैभन्दा बढी १३ जनाको मृत्यु भएको छ।

बझाङमा नदीमा बगेका २ तथा डोटीको सेती नदीमा हाम फालेर बगेका ३ जनाको अवस्था अझै अज्ञात रहेको सो मन्त्रालयले जनाएको छ। त्यस्तै कैलालीमा नदीमा डुबेर २ जना, कञ्चनपुरमा बाढीबाट एक जना, दार्चुलामा चट्याङ लागेर एक डोटीमा चट्याङ लागेर २ जना र दार्चुलामै ढुङ्गाले लाग्दा एक जनाको ज्यान गएको बताइएको छ।


### मृगौलापीडितलाई सहयोग

पर्वत, (नेस)

दुवै मृगौला फेल भएर पीडित बनेकी यहाँकी एक महिलालाई रोजगारीका लागि विभिन्न मुलुकमा रहेका प्रवासीहरूले आर्थिक सहयोग गरेका छन्।

पर्वतको कुश्मा नगरपालिका वडा नं. ३ दुर्लुङ्गकी पीडित महिला अमृता शर्मा सीतालाई हङकङ र बेलायतमा रहेका प्रवासीहरूले आर्थिक सहयोग गरेका हुन्। युके र हङकङ तथा नेपालमै रहेका विभिन्न सहयोगीबाट संकलित रकम रु २ लाख ५५ हजार रूपियाँ शुक्रबार एक कार्यक्रम गरी पीडित परिवारलाई हस्तान्तरण गरिएको हो।

दुर्लुङ समाज यूकेबाट रु.१ लाख १७ हजार ६ सय रूपियाँ र दुर्लुङ सम्पर्क समाज हङकङबाट रु.१ लाख २ सय ७९, पूर्वमन्त्री क्षेत्रबहादुर गुरुङबाट रु. ७ हजार रूपियाँ, बिहादी गाउँपालिका बाच्छा निवासी (हाल साउदी) सुमन सिलवालबाट रु.२० हजार, रामबहादुर गुरुङबाट रु.१० हजार सहयोग प्राप्त भएको छ।



इन्टरमीडिएट परीक्षा, १९७१

कामु प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको प्रवेशिका र इन्टरमिडियटको प्रमाणपत्र ।

### राप्रपाको ...

महाधिवेशनपछि महाधिवेशनबाट स्वीकृत विधानअनुसार र एकीकरण हुनुपूर्व शीर्ष नेताबीच भएको मौखिक सहमतिलाई उल्लंघन गरी अध्यक्ष थापाले पार्टी एकलौटी ढंगले सञ्चालन गरेको भन्दै डा. लोहनीले अध्यक्ष थापालाई ११ बुँदे पत्र लेखेर पार्टी परित्याग गरेका थिए। लोहनीले त्यपछि अन्य नेताहरूसँग मिलेर नयाँ पार्टी राप्रपा (राष्ट्रवादी) गठन गर्नुभएको थियो।

महाधिवेशनपूर्व राप्रपाका शीष नेताबीच पार्टीको अध्यक्ष थापा बन्ने र डा. लोहनीको नेतृत्वमा वरिष्ठ नेताहरूको ११ सदस्यीय नीति निर्धारण तथा निर्देशन समिति बनाउने भन्ने सहमति भएको थियो। यो निर्देशन समितिले पार्टी नीति बनाउने र पार्टीलाई समेत निर्देशन दिने उल्लेख थियो। यो समिति एकता महाधिवेशन सम्पन्न भएको एक महिनाभित्र बनाइसक्नुपर्ने भए पनि अध्यक्ष थापाले निर्देशन समिति गठन गर्न आलटाल गरेपछि डा. लोहनी बाहिरिएका थिए।

एकता महाधिवेशनमा अध्यक्षका लागि उम्मेदवारी दिने तयारीमा रहेका लोहनीलाई निर्देशन समितिको अध्यक्ष बनाउने भनेकाले उहाँले महाधिवेशनमा पार्टी अध्यक्षका लागि उम्मेदवारी दिनुभएको थिएन। राप्रपाबाट लोहनी बाहिरिएपछि निर्देशन समितिको अध्यक्ष राणालाई बनाउनुपर्ने माग उठेको थियो। यही बीचमा अध्यक्ष थापाले पार्टीको सबै मनोनयन तथा नियुक्ति प्रक्रियामा पार्टीमा तथा शीर्ष नेताबीच छलफल नै नगरी एकलौटी ढंगले अघि बढेको भन्दै राणासमेत असन्तुष्ट बन्नुभएको थियो।

अध्यक्ष थापा पार्टीलाई थाहा नै नदिई पार्टीभित्र कुनै छलफल नै नगरी उपप्रधान तथा स्थानीय विकासमन्त्री भएपछि राप्रपाभित्रको विवाद अझ चुलिँदै गएको थियो। अध्यक्ष थापाले स्थानीय निर्वाचन सम्पन्न गर्न सहयोग गर्नका लागि सरकारमा सहभागी भएको भने पनि सरकारमा सहभागी हुन पार्टीको माइन्युट नभएको नेताहरूले बताउँदै आएका थिए।

प्रथम चरणको निर्वाचनमा राप्रपाले नराम्ररी हारेपछि पार्टीभित्र अध्यक्ष थापाको राजीनामा अथवा निर्देशन समिति गठन गर्न दबाब बढेको थियो। अध्यक्ष थापालाई असन्तुष्ट पक्षले अध्यक्ष र संसदीय दलको नेताबाट समेत हटाउने रणनीति बनाउन थालेपछि उहाँले एकलौटी ढंगले ४३ जना केन्द्रीय सदस्य मनोनित गरी सुरक्षित भएका थिए। यही बीचमा मधेसको माग सम्बोधन गर्न ल्याइएको संविधान संशोधन प्रस्ताव पारित गर्ने उद्देश्यले संसद्मा ल्याइएको बेला राप्रपाका १४ जना सांसद अनुपस्थित भएपछि राप्रपा विभाजनतर्फ अघि बढेको थियो। अन्ततः राणाले पार्टी विभाजन गरी राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) गठन गर्नुभएको थियो।

विभाजित तीनवटै राप्रपा विभिन्न गठबन्धन गरी निर्वाचनमा गए पनि अपेक्षित नजिता ल्याउन नसकेपछि पुनः पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न असन्तुष्ट पक्षले प्रयास गरिरहेका छन्।

### १४ महिनादेखि हवाई सेवा बन्द

रुकुम, (नेस)

रुकुम पश्चिमको चौरजहारी विमानस्थलमा विगत चौध महिनादेखि हवाइ सेवा बन्द भएको छ। नेपाल वायु सेवा निगमसँग प्रयाप्त मात्रामा जहाज र पाइलट नभएको भन्दै चौरजहारी विमानस्थलको हवाइ सेवा बन्द गरिएको हो। गत वर्षको जेठ महिनाको दोस्रो सातादेखि बन्द भएको हवाइ सेवा अझै सुचारु हुन सकेको छैन।

लामो समयदेखि चौरजहारी विमानस्थलमा हवाइ सेवा नियमित नहुँदा रुकुमलगायत छिमेकी जिल्ला जाजारकोट, सल्यान र डोल्पाका नागरिकहरू समस्यामा परेका छन्। अनिश्चित समयका लागि बन्द भएको हवाइ सेवाका कारण जटिल प्रकृतिका बिरामी, गर्भवती महिला, बालबालिका तथा वृद्धवृद्धाहरू बढी मारमा परेका छन्।

नेपालगंज उप-महानगरपालिका
को
कर्मचारी आवश्यकता सम्बन्धि सूचना
प्रथम पटक सूचना प्रकाशित मिति : २०७५।४।२१

[illegible] Website: www.psc.gov.np [illegible]

| क्र. सं. | पद | आवश्यक संख्या | श्रेणी/तह | न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | १ जना | अधिकृत सातौं | MPH उत्तिर्ण गरी जनस्वास्थ्य क्षेत्रमा ३ वर्ष कार्य अनुभव प्राप्त भएको । |
| २ | [illegible] | १ जना | सहायक पाँचौं | [illegible] Basic तालिमको साथै PoID तथा [illegible] |
| ३ | अ.न.मी. | १ जना | सहायक चौथो | [illegible] अनुभव प्राप्त भएकालाई प्राथमिकता । |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
गाईघाट दिक्तेल सडक योजना, उदयपुर, गाइघाट
को आर्थिक प्रस्ताव खोल्ने सूचना
सूचना प्रकाशित मिति : २०७५।०४।२१

यस कार्यालयको मिति २०७५।०३।०४को बोलपत्र आह्वानको सूचना नं.५।२०७४।७५ अनुसारका प्राविधिक प्रस्ताबहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९,६०,६२ र ६३ प्रयोजनार्थ प्राविधिक योग्यताका सबै आधारमा सफल सारभूत रूपमा प्रभावग्राही देहाय बमोजिमका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव तपसिलको मिति, समय र स्थानमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ।
तपसिल

| ठेक्का नं. | सफल बोलपत्रदाताहरू |
|---|---|
| GDRP/3371014/074-75/05 | 1. Gajurmukhi/Pabitra/Nissan J. V. |
| | 2. Motidan/Jaymata J.V. |
| | 3. SBA/Elite J.V. |
| | 4. Apex /Joshi J.V. |
| | 5. ShankarmaliNirmanSewa Pvt. Ltd. |
| | 6. Koshi&Neupane / Surya J.V. |
| | 7. Bajraguru Construction Company Pvt. Ltd. |
| | 8. Rautaha Construction Pvt. Ltd. |
| | 9. Yakthumhang / Khampachhe J.V. |
| | 10. Mainachuli /Siddhi Sai Prakash J.V. |
| | 11. Immortal Construction Pvt. Ltd. |

आर्थिक प्रस्ताव खोल्ने स्थान : गाईघाट दिक्तेल सडक योजना, उदयपुर
मिति : २०७५।०४।२८ गते
समय : दिनको ११ बजे

योजना प्रमुख

# अर्थ

2018, AUG
Monday
6

यो प्रसारण लाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका जलविद्युत आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ। प्रसारणलाइन सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको छ।

# भूमिगत विद्युत् प्रसारणलाइनको काम करिब आधा सकियो

नेपाल समाचारपत्र

काठमाडौं

पहिलोपल्ट बनिरहेको भूमिगत विद्युत् प्रसारणलाइन निर्माणको काम करिब आधा अर्थात ४८ प्रतिशत सकिएको छ। त्रिशूली-काठमाडौं २२० केभी डबल सर्किट प्रसारण लाइनको मातातीर्थमा १ हजार ३ सय ९ मिटर भूमिगत लाइन बनाउनुपर्छ। त्यसमध्ये हालसम्म ६ सय ३० मिटरको काम सकिएको हो। भूमिगतरुपमा २४ वटा तार राख्न मिल्ने गरी संरचना बनिरहेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुन, सचिव अनुपकुमार उपाध्याय, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आइतबार आयोजनाको स्थलगत निरीक्षण गरी भूमिगत लाइनको सिभिल संरचना निर्माणको बाँकी काम दुई महिनाभित्र सम्पन्न गर्न आयोजना र ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन्। ठेकेदार कम्पनीले निर्माणमा भइरहेको स्थानीय अवरोध हटाई सुरक्षाको प्रत्याभूति दिइएमा र वन क्षेत्रको समस्या तत्काल समाधान भएमा दुई महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाइएको छ। निर्माणका लागि अहिले २ सय ७० श्रमिक परिचालित छन्।

रुख कटानमा समस्या रहेको जानकारी भएपछि मन्त्री पुनले आयोजनास्थलबाटै वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई फोन गरी गाँठो फुकाइदिन आग्रह गर्नुभएको थियो। 'स्थानीयलाई मिलाउँछौं, गृहमन्त्रीसँग कुरा भइसकेकाले कार्यस्थलमा सुरक्षा दिन्छौं, रुख कटानमा रहेको समस्या समाधान गर्छौं, मन्त्री पुनले भन्नुभयो-'सिभिल संरचना निर्माणको काम तोकिएको मापदण्ड र गुणस्तरमा दुई महिनाभित्रमा जसरी पनि सक्नु पर्छ।'




मन्त्रिपरिषद्ले महालक्ष्मी मातातीर्थ सामुदायिक वन उपभोक्ता समितिअन्तर्गत पर्ने ६ सय ८२ वटा रुख काट्न स्वीकृति दिएको थियो। तर, अहिले प्रसारणलाइनको रुट केही परिर्तन हुँदा काट्नुपर्ने रुखको संख्या घटेर ३ सय ३६ वटा पुगेको छ। रुख कटानका स्वीकृतिका लागि फाइल वन विभागका पुगेको छ। रुखको संख्या घटेकाले स्वीकृतिका लागि पुनः पेस गर्नु परेको आयोजनाले जनाएको छ। काट्नुपर्ने रुखमा टाँचा लगाइसकिएको छ। भूमिगत लाइनका लागि सडक खनिएकाले बर्खाको बेला हिलो भएकाले स्थानीयले काममा अवरोध गर्दै आएका छन्। मन्त्री पुनले हिलो बाटोमा ढुंटागिट्टी हाल्दा समस्या समाधान हुने देखिएकाले सोही अनुसार गर्न निर्देशन दिएका छन्। प्रसारणलाइन तत्कालका लागि ६० मेगावाटको माथिल्लो त्रिशूली 'ए' को विद्युत काठमाडौं ल्याउन निर्माण गरिएको हो। माथिल्लो त्रिशूली 'ए' को निर्माण आगामी पुसभित्रमा सक्ने लक्ष्य राखिएको छ। त्यसले पनि प्रसारण लाइन सोही अवधिभित्र बनासक्नु दबाब छ।

४५ किलोमिटर प्रसारणलाइनको १ सय ४० वटा टावरमध्ये १ सय २७ को जग हालिसकिएको आयोजना प्रमुख फणिन्द्रराज जोशीले जानकारी दिनुभयो। यो प्रसारण लाइन आगामी दिनमा त्रिशूली करिडोरमा निर्माण भइरहेका जलविद्युत आयोजनाको विद्युत् काठमाडौं ल्याउनसमेत प्रयोग गरिने प्राधिकरणले जनाएको छ। प्रसारणलाइन सरकार तथा प्राधिकरणको लगानी र चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बनिरहेको छ।










## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन २१, अगस्ट ६, २०१८


### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४८ | ११०।०८ |
| युरो १ को रू. | १२६।६४ | १२७।३३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।४० | १४३।१८ |
| स्विस फ्रन्क १ को रू. | ११०।१० | ११०।७१ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।०२ | ८१।४६ |
| क्यानाडियन डलर १ को रू. | ८४।२८ | ८४।७४ |
| सिङ्गापुर डलर १ को रू. | ८०।११ | ८०।५५ |
| जापानी यन १० को रू. | ९।८४ | ९।८९ |
| चिनियाँ युआन १ को रू. | १६।०२ | १६।११ |
| साउदी अरब रियाल १ को रू. | २९।१९ | २९।३५ |
| कतारी रियाल १ को रू. | ३०।०६ | ३०।२३ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८० | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८२ | २६।९६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७५ | ९।८० |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२८ |
| डेनिस क्रोनर १ का रू. | १६।९९ |
| हङकङ डलर १ का रू. | १३।९५ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।




## SHARE MARKET

5 AUGUST SUNDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3712.00 | 328.00 | 325.00 | 328.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 4476.00 | 271.00 | 266.00 | 271.00 | 0.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 646.00 | 646.00 | 646.00 | 12.00 |
| 4 | Arun Kabeli Power Ltd. | 830.00 | 253.00 | 250.00 | 250.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2470.00 | 141.00 | 138.00 | 141.00 | 2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2427.00 | 635.00 | 630.00 | 630.00 | -2.00 |
| 7 | Bank of Kathmandu Ltd. | 8220.00 | 263.00 | 255.00 | 260.00 | 2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 174.00 | 138.00 | 136.00 | 137.00 | -1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 347.00 | 127.00 | 126.00 | 127.00 | 2.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 220.00 | 5401.00 | 5350.00 | 5401.00 | 1.00 |
| 11 | Butwal Power Company Limited | 2079.00 | 442.00 | 439.00 | 440.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 2517.00 | 115.00 | 112.00 | 114.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 10910.00 | 168.00 | 166.00 | 168.00 | 1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1468.00 | 865.00 | 862.00 | 865.00 | -3.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 209.00 | 128.00 | 125.00 | 126.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 5260.00 | 743.00 | 733.00 | 742.00 | -1.00 |
| 17 | Citizen Bank International Limited | 13890.00 | 233.00 | 229.00 | 231.00 | -2.00 |
| 18 | Citizen Investment Trust | 1084.00 | 2469.00 | 2431.00 | 2431.00 | 10.00 |
| 19 | Citizens Mutual Fund -1 | 500.00 | 8.97 | 8.97 | 8.97 | 0.03 |
| 20 | City Express Finance Co. Limited | 13227.00 | 123.00 | 101.00 | 123.00 | 11.00 |
| 21 | Civil Bank Ltd | 17727.00 | 150.00 | 148.00 | 148.00 | -1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 198.00 | 725.00 | 725.00 | 725.00 | 5.00 |
| 23 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 300.00 | 715.00 | 701.00 | 701.00 | -2.00 |
| 24 | Deva Bikas Bank Limited | 2762.00 | 128.00 | 127.00 | 128.00 | -1.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 172.00 | 107.00 | 103.00 | 107.00 | 2.00 |
| 26 | Everest Bank Limited | 11273.00 | 670.00 | 663.00 | 663.00 | -2.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 28 | Excel Development Bank Ltd. | 6002.00 | 325.00 | 323.00 | 325.00 | 2.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 1790.00 | 503.00 | 500.00 | 500.00 | 0.00 |
| 30 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 397.00 | 2120.00 | 2090.00 | 2119.00 | 39.00 |
| 31 | Gandaki Bikas Bank Limited | 6740.00 | 195.00 | 191.00 | 194.00 | 1.00 |
| 32 | Garima Bikas Bank Limited | 1141.00 | 184.00 | 182.00 | 183.00 | 2.00 |
| 33 | Global IME Bank Limited | 8898.00 | 296.00 | 292.00 | 295.00 | 2.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 108.00 | 1145.00 | 1142.00 | 1144.00 | -8.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 4447.00 | 8.60 | 8.53 | 8.60 | -0.10 |
| 36 | Goodwill Finance Co. Ltd. | 1000.00 | 123.00 | 123.00 | 123.00 | -2.00 |
| 37 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 2950.00 | 574.00 | 565.00 | 569.00 | -5.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 586.00 | 851.00 | 831.00 | 836.00 | 1.00 |
| 39 | Gurkhas Finance Ltd. | 4127.00 | 105.00 | 103.00 | 105.00 | 0.00 |
| 40 | Hathway Finance Company Limited | 120.00 | 127.00 | 127.00 | 127.00 | -2.00 |
| 41 | Himalayan Bank Limited | 2008.00 | 560.00 | 550.00 | 551.00 | -6.00 |
| 42 | Himalayan Distillery Limited | 100.00 | 1295.00 | 1295.00 | 1295.00 | 25.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 1650.00 | 429.00 | 426.00 | 426.00 | -5.00 |
| 44 | Himalayan Power Partner Ltd. | 260.00 | 271.00 | 269.00 | 270.00 | 0.00 |
| 45 | ICFC Finance Limited | 1913.00 | 164.00 | 161.00 | 163.00 | 0.00 |
| 46 | IME General Insurance Ltd. | 550.00 | 835.00 | 803.00 | 803.00 | -45.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 10148.00 | 164.00 | 160.00 | 162.00 | -1.00 |
| 48 | Janaki Finance Ltd. | 20.00 | 192.00 | 192.00 | 192.00 | 1.00 |
| 49 | Janata Bank Nepal Ltd. | 10954.00 | 155.00 | 153.00 | 153.00 | -1.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 133.00 | 2880.00 | 2850.00 | 2850.00 | -70.00 |
| 51 | Jebils Finance Ltd. | 20.00 | 102.00 | 102.00 | 102.00 | 2.00 |
| 52 | Jyoti Bikas Bank Limited | 1111.00 | 139.00 | 138.00 | 139.00 | 1.00 |
| 53 | Kabeli Bikas Bank Limited | 20.00 | 217.00 | 217.00 | 217.00 | 4.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 5890.00 | 222.00 | 217.00 | 220.00 | 0.00 |
| 55 | Kalika Microcredit Development Bank Ltd. | 35.00 | 1300.00 | 1276.00 | 1276.00 | -25.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 7462.00 | 143.00 | 140.00 | 143.00 | 1.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 102.00 | 127.00 | 127.00 | 127.00 | -1.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 283.00 | 111.00 | 108.00 | 111.00 | 3.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 81.00 | 1569.00 | 1543.00 | 1550.00 | -19.00 |
| 60 | Kumari Bank Limited | 6464.00 | 200.00 | 197.00 | 200.00 | 0.00 |
| 61 | Laxmi Bank Limited | 1183.00 | 249.00 | 245.00 | 249.00 | 3.00 |
| 62 | Laxmi Equity Fund | 1000.00 | 8.20 | 8.20 | 8.20 | 0.04 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 26.00 | 1029.00 | 1029.00 | 1029.00 | -1.00 |
| 64 | Laxmi Value Fund-1 | 26000.00 | 10.20 | 10.03 | 10.03 | -0.37 |
| 65 | Life Insurance Co. Nepal | 423.00 | 1600.00 | 1580.00 | 1600.00 | 10.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 7466.00 | 156.00 | 153.00 | 155.00 | 0.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 977.00 | 522.00 | 516.00 | 516.00 | -4.00 |
| 68 | Machhapuchhre Bank Limited | 12315.00 | 209.00 | 205.00 | 207.00 | 0.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 7573.00 | 193.00 | 188.00 | 193.00 | 7.00 |
| 70 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 520.00 | 665.00 | 644.00 | 665.00 | 15.00 |
| 71 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 3050.00 | 2600.00 | 2475.00 | 2499.00 | -96.00 |
| 72 | Manjushree Finance Ltd. | 200.00 | 121.00 | 121.00 | 121.00 | 2.00 |
| 73 | Mega Bank Nepal Ltd. | 17240.00 | 165.00 | 161.00 | 164.00 | 0.00 |
| 74 | Mero Microfinance Bittiya Sanstha Ltd. | 386.00 | 1032.00 | 1005.00 | 1032.00 | 0.00 |
| 75 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 748.00 | 1508.00 | 1460.00 | 1481.00 | 29.00 |
| 76 | Miteri Development Bank Limited | 567.00 | 279.00 | 275.00 | 276.00 | 0.00 |
| 77 | Mithila LaghuBitta Bittiya Sanstha Ltd. | 355.00 | 910.00 | 890.00 | 907.00 | -18.00 |
| 78 | Muktinath Bikas Bank Ltd. | 8154.00 | 382.00 | 378.00 | 380.00 | 4.00 |
| 79 | Nabil Bank Limited | 6414.00 | 907.00 | 900.00 | 905.00 | -1.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 4530.00 | 711.00 | 705.00 | 707.00 | 3.00 |
| 81 | Nabil Equity Fund | 25630.00 | 9.00 | 8.83 | 8.84 | -0.16 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 87.00 | 1115.00 | 1115.00 | 1115.00 | -8.00 |
| 83 | National Hydro Power Company Ltd. | 11870.00 | 81.00 | 79.00 | 80.00 | -1.00 |
| 84 | National Life Insurance Co. Ltd. | 170.00 | 776.00 | 762.00 | 762.00 | 1.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 174.00 | 2165.00 | 2132.00 | 2133.00 | -28.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 137.00 | 725.00 | 719.00 | 725.00 | 4.00 |
| 87 | Neco Insurance Co. Ltd. | 2444.00 | 524.00 | 518.00 | 520.00 | -1.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 6265.00 | 208.00 | 205.00 | 205.00 | -2.00 |
| 89 | Nepal Bank Limited | 5980.00 | 290.00 | 283.00 | 285.00 | -4.00 |
| 90 | Nepal Community Dev. Bank Ltd. | 149.00 | 120.00 | 119.00 | 120.00 | 0.00 |
| 91 | Nepal Credit And Commercial Bank Ltd. | 7646.00 | 181.00 | 176.00 | 178.00 | -4.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 1865.00 | 729.00 | 720.00 | 729.00 | 9.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 80.00 | 165.00 | 162.00 | 165.00 | 0.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 1101.00 | 553.00 | 543.00 | 543.00 | -7.00 |
| 95 | Nepal Investment Bank Limited | 6053.00 | 625.00 | 619.00 | 625.00 | 1.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 7066.00 | 560.00 | 549.00 | 549.00 | -1.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 2126.00 | 1015.00 | 1006.00 | 1012.00 | 1.00 |
| 98 | Nepal SBI Bank Limited | 1980.00 | 504.00 | 497.00 | 503.00 | 1.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 455.00 | 620.00 | 620.00 | 620.00 | -8.00 |
| 100 | Ngadi Group Power Ltd. | 168.00 | 165.00 | 157.00 | 160.00 | -5.00 |
| 101 | NIBL Pragati Fund | 1982.00 | 8.00 | 7.95 | 7.95 | -0.11 |
| 102 | NIC Asia Bank Ltd. | 4436.00 | 319.00 | 315.00 | 316.00 | -1.00 |
| 103 | NIC Asia Growth Fund | 5500.00 | 9.07 | 9.01 | 9.01 | -0.06 |
| 104 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 571.00 | 970.00 | 966.00 | 970.00 | -1.00 |
| 105 | NLG Insurance Company Ltd. | 3267.00 | 845.00 | 836.00 | 842.00 | -1.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 218.00 | 1505.00 | 1500.00 | 1500.00 | -20.00 |
| 107 | NMB Bank Limited | 5941.00 | 318.00 | 316.00 | 317.00 | -1.00 |
| 108 | NMB Hybrid Fund L-1 | 4161.00 | 9.26 | 9.10 | 9.10 | -0.16 |
| 109 | NMB Sulav Investment Fund-1 | 24600.00 | 12.35 | 12.00 | 12.35 | 0.35 |
| 110 | Om Development Bank Ltd. | 8508.00 | 175.00 | 170.00 | 173.00 | 4.00 |
| 111 | Oriental Hotels Limited | 2635.00 | 503.00 | 490.00 | 503.00 | 6.00 |
| 112 | Pokhara Finance Ltd. | 933.00 | 139.00 | 136.00 | 137.00 | -2.00 |
| 113 | Prabhu Bank Limited | 9696.00 | 186.00 | 182.00 | 183.00 | -3.00 |
| 114 | Prabhu Insurance Ltd. | 473.00 | 504.00 | 495.00 | 497.00 | -2.00 |
| 115 | Premier Insurance Co. Ltd. | 2011.00 | 1058.00 | 1046.00 | 1048.00 | -13.00 |
| 116 | Prime Commercial Bank Ltd. | 6491.00 | 290.00 | 285.00 | 290.00 | 4.00 |
| 117 | Prime Life Insurance Company Limited | 437.00 | 519.00 | 514.00 | 514.00 | -2.00 |
| 118 | ProgressiveFinance Limited | 4550.00 | 112.00 | 108.00 | 108.00 | -6.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 3765.00 | 745.00 | 730.00 | 733.00 | 2.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 96.00 | 170.00 | 170.00 | 170.00 | -2.00 |
| 121 | Radhi Bidyut Company Ltd | 190.00 | 226.00 | 223.00 | 224.00 | 0.00 |
| 122 | Rairang Hydropower Dev. Company Ltd. | 1670.00 | 157.00 | 153.00 | 154.00 | -6.00 |
| 123 | Rastriya Beema Company Limited | 20.00 | 10360.00 | 10356.00 | 10356.00 | 0.00 |
| 124 | Reliance Finance Ltd. | 2861.00 | 122.00 | 120.00 | 120.00 | -1.00 |
| 125 | Ridi Hydropower Development Co. Ltd. | 195.00 | 117.00 | 115.00 | 115.00 | -4.00 |
| 126 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1136.00 | 647.00 | 633.00 | 647.00 | 26.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1233.00 | 534.00 | 519.00 | 520.00 | -4.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 2017.00 | 1325.00 | 1310.00 | 1325.00 | 5.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 17646.00 | 202.00 | 196.00 | 196.00 | 0.00 |
| 130 | Samata Microfinance Bittiya Sanstha Ltd. | 376.00 | 1286.00 | 1280.00 | 1286.00 | -18.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 764.00 | 1100.00 | 1092.00 | 1100.00 | 9.00 |
| 132 | Sanima Bank Limited | 8208.00 | 318.00 | 315.00 | 315.00 | -1.00 |
| 133 | Sanima Equity Fund | 1000.00 | 9.11 | 9.05 | 9.11 | -0.09 |
| 134 | Sanima Mai Hydropower Ltd. | 25784.00 | 316.00 | 313.00 | 314.00 | -5.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 891.00 | 116.00 | 114.00 | 116.00 | 0.00 |
| 136 | Shangrila Development Bank Ltd. | 10421.00 | 146.00 | 144.00 | 145.00 | 1.00 |
| 137 | Shikhar Insurance Co. Ltd. | 1091.00 | 928.00 | 917.00 | 917.00 | -8.00 |
| 138 | Shine Resunga Development Bank Ltd. | 2632.00 | 277.00 | 273.00 | 275.00 | 2.00 |
| 139 | Shrijana Finance (Bittaya Sanstha) | 145.00 | 270.00 | 270.00 | 270.00 | -4.00 |
| 140 | Siddhartha Bank Limited | 6853.00 | 301.00 | 296.00 | 300.00 | 2.00 |
| 141 | Siddhartha Equity Fund | 23000.00 | 9.14 | 9.01 | 9.01 | -0.09 |
| 142 | Siddhartha Equity Orineted Scheme | 3000.00 | 11.45 | 11.44 | 11.44 | 0.00 |

Total Amount Rs. 167,049,684 Total Quantity 597,597 Total No of Transactions 2,989

२०७५, साउन
सोमबार
२१

आर्थिक वर्ष २०७३/७४ को तुलनामा गत आर्थिक वर्षमा कुल वैदेशिक व्यापार २५ दशमलव २७ प्रतिशत, आयात २६ दशमलव ३१ प्रतिशत, निर्यात ११ दशमलव १७ प्रतिशत र व्यापारघाटा २७ दशमलव ५३ प्रतिशतले बढेको छ।




PRESS RELEASE

## एनआईसी एसिया बैंक र बुम् रेमिट्यान्स प्रालिबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र बुम रेमिट्यान्स प्रालिबीच बुम रेमिटमार्फत नेपालीले विदेशबाट पठाएको विप्रेषण रकम एनआईसी एसिया बैंकका सबै शाखामार्फत भुक्तानी गर्ने सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा एनआईसी एसिया बैंक का तर्फबाट चिफ मार्केटिङ अफिसर जयन्द्र रावल र बुम रेमिट्यान्सका तर्फबाट प्रबन्ध निर्देशक धीरेन्द्र पन्तले हस्ताक्षर गर्नुभयो। बुम रेमिट्यान्सको देशभर ४ हजारभन्दा बढी प्रतिनिधि छन्। एनआईसी एसिया बैंकको देशभरी २३४ वटा शाखा, १४ वटा एक्स्टेन्सन काउन्टर र १६ वटा ब्रान्चरहित बैंकिङ सेवा रहेका छन्।

## स्प्राइटको रिफ्रेस र रिचार्ज क्याम्पियनमा साढे ३ लाखको रिचार्ज वितरण

काठमाडौं, (नेस)

स्प्राइटको रिफ्रेस र रिचार्ज क्याम्पियनले बजारमा सनसनी मच्चाएको छ। जुलाई २३ तारिखबाट शुरू भएको यो क्याम्पेनमा पहिलो हप्तामै २८ हजार ५०० भन्दा बढी उपोभोक्तले भाग लिई ३ लाख ५० हजार रुपियाँबराबरको टकटाइम रिचार्ज जितिसकेका छन्। यस क्याम्पियनअन्तर्गत उपोभोक्तले १० देखि ५ हजार रुपियाँसम्मको रिचार्ज जित्न सक्नेछन्। ५ हजार रुपियाँको टकटाइम विजेता गोमा बुढाथोकी आफ्नो खुसियाली शेयर गर्दै भन्नुभयो-'मैले त्यो दिन २ वटा कोक किनेको थिए र लेबलमा अफरको बारेमा पढे र विश्वास नलागी




नलागी लेबलको कोड एसएमएस गरे।

मैले धेरैमा धेरै १० वा २० रुपियाँको टक टाइम जितिएला जस्तो लागेको थियो तर भाग्यले मैले ५ हजार रुपियाँको टक टाइम जितेँ। शुरूमा त विश्वासै गर्न सकिन र दुईपटक ब्यालेन्स चेक गरेर मात्र कनफर्म भए। म कोकाकोला नेपाललाई यस प्रकारको अफर र अभियान ल्याएकोमा धेरै धन्यबाद दिन चाहन्छु र म सबैलाई यो योजनामा सहभागी हुन प्रोत्साहन गर्दछु।'

यो योजनामा सहभागी हुन ग्राहकले स्प्राइट, कोक तथा फ्यान्टाको लेवल पछाडिको युनिक कोडलाई टाईप गरि ३६७६८ मा एसएमएस गर्नुपर्ने छ। यो योजना भदौ १५ गतेसम्म लागू हुनेछ। यो अफर बिना स्टक पनि उपलब्ध छ। यो योजना ५०० एमएल, १ लिटर, १ दशमलव ५लिटर र २ दशमलव २५ लिटरका स्प्राइट, कोक तथा फ्यान्टाका बोतलमा लागु हुनेछ।

## सिप्रदीको सुमो गोल्ड आफ्नो गाडी आफैं सवारी अभियान शुरू




काठमाडौं, (नेस)

सिप्रदीले युवालाई लक्षित गर्दै 'आफ्नो गाडी आफैं सवारी' नामक व्यावसायिक अभियान शुरू गरेको छ। अभियानअन्तर्गत लक्षित समूहलाई जागरुक गराउने काम पत्रकार रवि लामिछानेले गर्ने भएका छन् यस अभियानअन्तर्गत प्रत्येक टाटा सुमो गोल्डको खरिदमा ग्राहकले नि:शुल्क ड्राइभिङ तालिम, नि:शुल्क मेकानिकल तालिम, सुलभ फाइनान्स र एक वर्षको इन्स्योरेन्सको सुविधा प्राप्त गर्ने छन्। यस्तै सो अभियानले स्वेदशमा नै रोजगारीको सिर्जना गरी वैदेशिक रोजगारीका लागि विदेशिनुपर्ने बाध्यतालाई कम गर्ने कम्पनीले विश्वास लिएको छ। सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले भन्नुभयो-'सामाजका लागि यस्तो रोजगारीमूलक अभियानको शुरूवात गरेकोमा हामी गर्व महशुस गर्दैछौं र नेपाली युवालाई टाटा सुमो अपनाएर आफनो रोजगारी आफैं सिर्जना गर्न आह्वान गर्छौं।'

## माछापुच्छ्रे बैंकद्वारा एम्बुलेन्स हस्तान्तरण

काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंकले भोजपुर कोट सेवा समाजलाई एम्बुलेन्स हस्तान्तरण गरेको छ। बैंकको संस्थागत सामाजिक उत्तरदायित्व एवम् भोजपुर कोट सेवा समाज र कोटबासीको सक्रियतामा खरिद गरिएको एम्बुलेन्स हस्तान्तरण गरिएको हो।

बैंकका सञ्चालकद्वय जयमुकुन्द खनाल र राममान श्रेष्ठले भोजपुर कोट सेवा समाजका अध्यक्ष राजबहादुर राई र टेम्केमैयुङ गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष उद्धबकुमार राईलाई एम्बुलेन्सको चाबी हस्तान्तरण गरेका थिए। बैकले ८६ वटा शाखा, २ वटा एक्स्टेन्सन काउन्टरलगायत २१ शाखारहित बैंकिङ सेवासमेत गरी जम्मा १०९ स्थानबाट बैंकिङ सुविधा प्रदान गर्दै आएको छ।

# ५ वर्षमा व्यापारघाटा दोब्बर

## सवा १३ खर्बको वैदेशिक व्यापारमा साढे ११ खर्ब व्यापारघाटा

हेमन्त जोशी, काठमाडौं

गत आर्थिक वर्ष २०७४/७५ मा व्यापारघाटा साढे ११ खर्ब रुपियाँ नाघेको छ। भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिकमा वर्षमा १२ खर्ब ४३ अर्ब ३० करोड रुपियाँ बराबरको आयात गर्दा ८१ अर्ब १९ करोड १६ लाख रुपियाँ बराबरको मात्र निर्यात गरेको छ।

पछिल्ला आर्थिक वर्षमा मुलुकको कुल वैदेशिक व्यापारमा आयात र निर्यातबीचको असन्तुलन बढ्दै गएको छ। ५ वर्ष अवधिमा व्यापारघाटा झण्डै दोब्बरले बढेको भन्सार विभागको तथ्यांक छ। आर्थिक वर्ष २०६९/७० मा ५ खर्ब ३६ अर्ब बराबर रहेको व्यापारघाटा ५ वर्षमा बढेर ११ खर्ब नाघेको छ। वार्षिक रुपमा वैदेशिक व्यापारमा वृद्धि भएसँगै मुलुकले व्यहोर्दै आएको व्यापारघाटा पनि बढ्दै गएको छ। आर्थिक वर्ष २०७३/७४ को तुलनामा गत आर्थिक वर्षमा कुल वैदेशिक व्यापार २५ दशमलव २७ प्रतिशत, आयात २६ दशमलव ३१ प्रतिशत, निर्यात ११ दशमलव १७ प्रतिशत र व्यापारघाटा २७ दशमलव ५३ प्रतिशतले बढेको छ। कुल १३ खर्ब २४ अर्ब ४८ करोड ३७ लाख रुपियाँ बराबरको वैदेशिक व्यापारमा ९३ दशमलव ९ प्रतिशत आयात र ६ दशमलव १ प्रतिशत मात्र निर्यातको हिस्सा रहेको छ। आर्थिक वर्ष २०७३/७४ को कुल वैदेशिक व्यापारमा ९३ दशमलव १ प्रतिशत आयात र ६ दशमलव ९ प्रतिशत प्रतिशत निर्यात रहेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा गतवर्ष वैदेशिक व्यापारमा आयातको योगदान शून्य दशमलव ८४ प्रतिशतले बढेको छ भने निर्यातको योगदान ११ दशमलव २६ प्रतिशतले घटेको छ। निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। आर्थिक वर्ष २०७३/७४ मा मुलुकले कुल ९ खर्व ११ अर्ब रुपियाँ बराबरको व्यापारघाटा व्यहोरेको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा व्यापारघाटा २७ दशमलव ५३ प्रतिशतले बढेको देखिन्छ।

**विगत ५ वर्षदेखि वैदेशिक व्यापार र व्यापारघाटाको स्थिति**

| आर्थिक वर्ष | कुल वैदेशिक व्यापार (रू.) | व्यापारघाटा (रू.) |
|---|---|---|
| २०६९/७० | ६ खर्ब ९१ अर्ब ३ करोड ८२ लाख १५ हजार | ५ खर्ब ३६ अर्ब ६४ करोड ३४ लाख ६२ हजार |
| २०७०/७१ | ८ खर्ब ५ अर्व ७५ करोड २५ लाख ८० हजार | ६ खर्ब २६ अर्ब ५० करोड १७ लाख ८९ हजार |
| २०७१/७२ | ८ खर्ब ७१ अर्ब ३८ करोड ६१ लाख ५७ हजार | ७ खर्ब ९९ करोड ६६ लाख ४९ हजार |
| २०७२/७३ | ८ खर्ब ४४ अर्ब ९६ करोड ६४ लाख ४२ हजार | ७ खर्ब ४ अर्ब ४५ करोड ८१ लाख १२ हजार |
| २०७३/७४ | १० खर्ब ५८ अर्ब ७८ करोड ४ लाख ६५ हजार | ९ खर्ब ९ अर्ब ३५ करोड ५१ लाख ५२ हजार |
| २०७४/७५ | १३ खर्ब २४ अर्ब ४८ करोड ३७ लाख ७० हजार | ११ खर्ब ६२ अर्ब १० करोड ४ लाख ६६ हजार |

स्रोतः भन्सार विभाग

### कुल आयातमा १६ प्रतिशत पेट्रोलियम पदार्थमात्रै

गत आर्थिक वर्षमा १ खर्ब ९७ अर्ब ८५ करोड रुपियाँ बराबरको इन्धन आयात भएको छ। कुल वस्तु आयातमा इन्धन तथा पेट्रोलियम पदार्थको हिस्सामात्र १६ प्रतिशत देखिएको छ। त्यस्तै १ खर्ब २५ अर्ब ८८ करोड रुपियाँ बराबरका फलाम तथा स्टिलका सामान, १ खर्ब २४ अर्ब ४४ करोड रुपियाँ बराबरको मेरिनरी सामान, ८६ अर्ब ३० करोड रुपियाँ बराबरको सवारी साधन र ७८ अर्ब २८ करोड रुपियाँ बराबरको इलेक्ट्रोनिक वस्तु आयात भएको छ। यसरी हेर्दा मुलुकले गर्ने कुल निर्यातभन्दा इन्धन, फलाम तथा स्टिलका सामान र सवारी साधनको आयात बढी देखिएको छ।

### भारतसँगमात्रै ७ खर्ब ६४ अर्ब व्यापारघाटा

गत आर्थिक वर्षमा नेपालले भारतसँग मात्र ७ खर्ब ६४ अर्ब ३० करोड रुपियाँ व्यापारघाटा व्यहोरेको छ। नेपालले भारतबाट ८ खर्ब १० अर्ब ९० करोड रुपियाँ बराबरको आयात गर्दा ४६ अर्ब ६० करोड रुपियाँ बराबरको मात्र निर्यात गरेको छ। त्यस्तै चीनबाट १ खर्ब ५९ अर्ब ९८ करोड रुपियाँ बराबरको आयात र २ अर्ब ४३ करोड रुपियाँबराबरको निर्यात गर्दा १ खर्ब ५७ अर्ब ५४ करोड रुपियाँ बराबरको व्यापारघाटा व्यहोरेको छ।

### आयातमा वीरगन्ज र निर्यातमा विराटनगर पहिलो

गत वर्ष वीरगन्ज नाकाबाट सबैभन्दा धेरै आयात भएको छ भने विराटनगर नाकाबाट धेरै निर्यात भएको भन्सार विभागको तथ्यांक छ। विभागको तथ्यांकअनुसार उच्च आयात गर्ने भन्सार कार्यालयमा कुल आयातको ३३ दशमलव ९४ प्रतिशत वीरगन्ज भन्सार नाकाबाट, १८ दशमलव शून्य २ प्रतिशत भैरहवा नाकाबाट, १२ दशमलव ३० प्रतिशत विराटनगर नाकाबाट र १२ दशमलव १३ प्रतिशत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आयात भएको छ। त्यसैगरी कुल निर्यातमा विराटनगर भन्सार नाकाबाट सबैभन्दा धेरै ३० दशमलव २५ प्रतिशत, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २७ दशमलव ९९ प्रतिशत र वीरगन्ज नाकाबाट १७ दशमलव ३२ प्रतिशत निर्यात भएको छ।

# बैतडीमा पेट्रोल आयात बन्द, कालोबजारी कायमै

विनोद सिंह विष्ट, बैतडी

बैतडीमा रहेको एकमात्र आयल स्टोरले दुई वर्षदेखि पेट्रोल आयात नगर्दा पेट्रोल किन्दा उपभोक्ता चर्को मूल्य तिर्न बाध्य भएका छन्। साथै पेट्रोलमा कालोबजारीसमेत मौलाउँदै गएको छ। पेट्रोलको सरकारी मूल्य १०४ रुपियाँ लिटर भए पनि उपभोक्ताले १३५ देखि १५० रुपियाँसम्म प्रतिलिटर पेट्रोलका लागि तिरिरहेका छन्।

सतबाँझमा रहेको जिल्लाको एकमात्र भण्डारी आयल स्टोरले पेट्रोल आयात नगर्दा उपभोक्ताले चर्को मूल्य तिरेर पेट्रोल किन्न बाध्य भएको स्थानीयले बताए।

पेट्रोल पाइन छोडेपछि उपभोक्ता भारतीय सीमावर्ती बजार झुलाघाट तथा बाहिरी जिल्लाबाट ल्याउन बाध्य भएका छन्। दुई वषदेखि उपभोक्ताले चर्को मूल्यमा पेट्रोल किन्नुपरिरहेको दशरथचन्द नगरपालिका- १ का अमरबहादुर टेरले बताउनुभयो। उहाँले भन्नुभयो-'सधैं महँगो मूल्यमा पेट्रोल किन्नुपर्ने बाध्यता छ, सम्बन्धित निकाय मौन बसेको छ,' सतबाँझदेखि गोठलापानीसम्म १६ पसलबाट पेट्रोलको कालोबजारी भइरहेको उहाँको भनाइ छ।

पेट्रोलमा घाटा हुने, तापक्रम पनि नमिल्ने भएकाले पेट्रोल आयात गर्न नसकिएको भण्डारी आयल स्टोरका सञ्चालक लालबहादुर भण्डारीले बताउनुभयो। पेट्रोलमा भइरहेको कालाबजारीका बारेमा आयलस्टोर र उद्योग वाणिज्य संघका पदाधिकारीसँग छलफल गरेर टुंगोमा पुग्ने प्रमुख जिल्ला अधिकारी चन्द्रप्रकाश गैरेले बताउनुभयो।

उहाँले भन्नुभयो-'म जिल्लामा हाजिर भएको तीन चार दिनमात्रै भएकाले पेट्रोलको विषयमा छलफल गरिनेछ,' पेट्रोलमा भइरहेको कालोबजारीविरुद्ध सतबाँझदेखि गोठलापानीसम्म मोटरसाइकल र्‍याली निकालिने नयाँ जीवन समाज नेपालका अध्यक्ष अमरबहादुर टेरले बताउनुभयो। र्‍यालीपछि प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइने उहाँले बताउनुभयो।

## एनसीसी बैंक र प्राइम लाइफ इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) बैंक र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकुरेन्स सम्झौता भएको छ।

सम्झौताअनुसार एनसीसी बैंकको कर्पोरेट तथा विभिन्न शाखा कार्यालयबाट प्राइम लाइफ इन्स्योरेन्स कम्पनीको पोलिसी बिक्री हुनेछ।

सम्झौतामा नेपाल क्रेडिट एन्ड कमर्स बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्याल र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनोजकुमार भट्टराईले संयुक्त रुपमा हस्ताक्षर गर्नुभयो।



## जुडोमा नेपाललाई २ स्वर्ण



नर्थ बैंकक थाइल्यान्ड युनिभर्सिटी जुडोका पदक विजेता बायाँबाट देविका खड्का, पुनम श्रेष्ठ, इन्द्रबहादुर श्रेष्ठ र मनिता श्रेष्ठ प्रधान पदकका साथ।

*काठमाडौं, (नेस)*

*नेपालले थाइल्यान्डको बैंककमा भएको नर्थ बैंकक थाइल्यान्ड युनिभर्सिटी जुडो च्याम्पियनसिपमा २ स्वर्ण जितेको छ।*

*स्वर्णबाहेक नेपालले थप १ रजत र १ कांस्य पनि जितेको नेपाल जुडो संघका अध्यक्ष दीपकहर्ष बज्राचार्यले जनाएका छन्। पुरुष ६६ केजीमुनि इन्द्रबहादुर श्रेष्ठ र महिला ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधानले नेपाललाई स्वर्ण दिलाए। १५ प्रतिस्पर्धी सहभागी स्पर्धामा इन्द्रले ४ खेलाडीलाई पराजित गरेका थिए। उनले थाइल्यान्डका २ तथा युएई र जापानका खेलाडीलाई पराजित गरेका हुन्।*

*११ खेलाडी सहभागी महिला ५७ केजीमुनि मनिताले भियतनाम, सिंगापुर, मलेसिया र थाइल्यान्डका खेलाडीलाई हराइन्। महिला ७८ केजीमुनि पुनम श्रेष्ठले रजत जितिन्। पुनमले लाउसकी खेलाडीलाई पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरेकी थिइन्। फाइनलमा पुनम थाइल्यान्डकी खेलाडीसँग चुकिन्। त्यस्तै महिला ५२ केजीमुनि देविका खड्काले कांस्य हात पारिन्।*

*गत संस्करणमा नेपालले २ कांस्य जितेको थियो। ईन्द्र र उमेश मगरले कांस्य हात पारेका थिए। दुईदिने उक्त प्रतियोगिता आइतबार सम्पन्न भएको हो।*

# पीएसजीलाई फ्रेन्च सुपर कप उपाधि

लन्डन, (एजेन्सी)

पेरिस सेन्ट जर्मेन (पीएसजी) ले फ्रेन्च सुपर कपको उपाधि जितेको छ। प्रतियोगिताअन्तर्गत शनिबार राति भएको फाइनलमा पीएसजीले मोनाकोलाई ४-० गोल अन्तरले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो।

खेलको ३३औं मिनेटमा पीएसजीका लागि अर्जेन्टिनी स्टार खेलाडी एन्जल डि मारियाले गोल गर्दै क्लबलाई सुरुआती अग्रता दिलाएका थिए। त्यस्तै ४०औं मिनेटमा क्रिस्टोफेर कुङ्कुले गोल गर्दै क्लबको अग्रता दोब्बर पारेका थिए। एकपक्षीय रहेको खेलको पहिलो हाफसम्म २-० गोल अन्तरले अगाडि रहेको पिएसजीका लागि खेलको ६७औं मिनेटमा टिमोथी वाले तेस्रो गोल गरे। यस्तै खेलको इन्जुरी समयमा पीएसजीका डि मारियाले व्यक्तिगत दोस्रो तथा क्लबका लागि अन्तिम गोल गरे।

मोनाकोले खेल अवधिभर केही गोल गर्ने मौका पाए पनि सदुपयोग भने गर्न सकेन। यता चोटका कारण गत फेब्रुअरीदेखि पीएसजीका लागि नखेलेका नेयमार दोस्रो हाफमा मैदान प्रवेश गरेका थिए।




## धरहरा

### जोशी होइन, अन्य दोषी



प्रधानन्याधीशका लागि सिफारिस गरिएका सर्वोच्च अदालतका कामु प्रधानन्याधीश दीपकराज जोशीलाई संसदीय सुनुवाइ समितिले पत्याएन। समितिले उनलाई सो पदका लागि योग्य ठानेन। एसएलसी प्रमाणपत्रमा फरक सिम्बोल नम्बर भेटिएको र समितिमा उठेका प्रश्नको चित्तबुझ्दो जवाफ नदिएको जस्ता कारण देखाउँदै समितिले उनलाई पत्याएन।

तर जोशीलाई संवैधानिक परिषद्ले पत्याएको थियो। उनी प्रधानन्याधीश हुन योग्य छन् भन्दै सो पदका लागि सिफारिस गरेको थियो। प्रधानमन्त्री संयोजक परिषद्ले सिफारिस गर्दा उनी कसरी योग्य भए, अनि समितिमा चाहिँ कसरी अयोग्य बने, धरहरा कन्फ्युज छ। परिषद् गत्तिलो कि, समिति गत्तिलो बुझ्नै गाह्रो।

अनि ऊ बेला जोशीले न्याय सेवाका लागि आवेदन दिँदा उनको सर्टिफिकेट र सिम्बोल नम्बर छानबिन नगर्ने सरकारी निकाय कस्तो ? जन्ममिति, सर्टिफिकेटजस्ता विषयमा वर्षेनी एकपछि अर्का न्यायाधीशहरू धमाधम विवादमा तानिने क्रम बढ्दो छ। अन्य सेवामा आवेदन दिँदा त आवेदकले 'यो मिलेन', 'त्यो मिलेन', 'सिम्बोल नम्बर बुझिएन' भन्ने खालका पर्याप्त ठाडो जवाफ पाउँछन् त ?

न्याय सेवातर्फ चाहिँ व्यवस्था लचिलो भएर हो क्यार न्यायमूर्ति विवादमा मुछिने गरेका। धरहरा चाहन्छ- अब कोही व्यक्ति न्यायाधीश वा प्रधानन्यायाधीश नियुक्त हुनुअगावै सर्टिफिकेट छानबिन गरियोस्, बरु यसको लागि छुट्टै आयोग गठन गरियोस्। 'सर्टिफिकेट छानबिन आयोग' गठन गरे कसो होला ?

# प्रथम मिस्टर बडी बिल्डिङको उपाधि मनोजलाई

विजय नेपाली, पोखरा

एनएफबीएफ प्रथम मिस्टर पोखरा स्टेट लेभल ४-५ बडी बिल्डिङ च्याम्पियनसिपको उपाधि मनोज केसीले जितेका छन्।

६५ केजी तौल समूहका मनोजले ओभरलमा अन्य ५ वटा तौल समूहका विजेतालाई पछि पार्दै उपाधि जितेका हुन्। उनले कास्की जिल्ला बडी बिल्डिङ तथा फिटनेस संघको आयोजनामा भएको एनएफबीएफ प्रथम मिस्टर पोखराको टाइटलसहित नगद ५० हजार रूपियाँ हात पारे।

पोखरा सभागृहमा भएको ग्रान्ड फिनालीमा ३६ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए। ६ वटा तौल समूहमा भएको प्रतिस्पर्धाबाट विजेताले ओभरलमा प्रतिस्पर्धा गरेका थिए। ५५ केजी तौल समूहमा निरजंग सुब्बा गुरुङ प्रथम, मोती गुरुङ दोस्रो र कृष्ण अधिकारी तेस्रो भएका थिए। ६० केजी तौल समूहको प्रतिस्पर्धामा भने मौलादिन मियाँ पहिलो, प्रवेश गुरुङ दोस्रो र सुरेन्द्रप्रसाद बर्मा तेस्रो स्थानमा रहे। ६५ केजी तौल समूहमा मनोज केसी प्रथम, श्रीधर दर्लामी मगर दोस्रो र विवेक गुरुङ तेस्रो भए। ७० केजी तौल समूहमा निशान राना प्रथम, खिमेश गुरुङ दोस्रो र राजकुमार ध्वजु तेस्रो तथा ७५ केजी तौल समूहमा सुजन श्रेष्ठ प्रथम, सिजन गुरुङ दोस्रो र किरण श्रेष्ठ तेस्रो भएका थिए भने ७५ केजीमाथिको प्रतिस्पर्धामा कृष्ण विक प्रथम, शंकर विक दोस्रो र भरत सुवेदी तेस्रो हुँदै प्रथम दोस्रो र तेस्रो हुने खेलाडिले क्रमशः स्वर्ण, रजत र कांस्य पदकका साथै नगद १० हजार, ७ हजार र ५ हजार रूपियाँ प्राप्त गरेका छन्।

संघले आयोजना गरेको एनएफबीएफ फस्ट मिस्टर पोखराको उपाधिका लागि ५५, ६०, ६५, ७०, ७५ र ७५ केजीमाथिको तौल समूहमा खेलाडीले प्रतिस्पर्धा गरेका थिए। कास्की जिल्ला बडी बिल्डिङ संघका अध्यक्ष राजकुमार थापाको अध्यक्षतामा भएको प्रतियोगितामा बोल्दै संसद् सूर्यबहादुर केसीले पोखरा खेलकुदको शहर भएकाले खेलकुद प्रतियोगिता हुनुपर्ने बताए। प्रतियोगितामा कास्की जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष दीपकबहादुर गोदार, मुख्य निर्णायक शिवलाल श्रेष्ठ, नेप्लिज फेडेरसन अफ बडी बिल्डिङ एन्ड फिटनेस (एनएफबीएफ) का अध्यक्ष लोकेन्द्र परियारलगायतले पुरस्कार प्रदान गरेका थिए। प्रतियोगितामा विभिन्न जिल्लाका ५७ खेलाडी सहभागी भएका थिए।

## महिला फुटबलको छनोट तालिका सार्वजनिक

काठमाडौं, (नेस)

सन् २०२० मा जापानमा हुने 'ओलम्पिक गेम्स' अन्तर्गत महिला फुटबलको छनोट तालिका सार्वजनिक भएको छ।

ओलम्पिक गेम्स आयोजक समितिले पहिलोपटक एसियाली टोलीको छनोट तालिका सार्वजनिक गरेको हो। पहिलो चरणको छनोटमा नेपाल समूह 'सी' मा परेको छ। नेपालसँगै भारत, बंगलादेश र म्यानमार रहेका छन्।

आउदो नोभेम्बर ८ मा नेपालले आफ्नो पहिलो खेलमा चिरपरिचित प्रतिद्वन्द्वी भारतको सामना गर्नेछ। त्यस्तै ११ तारिखमा म्यानमार तथा १३ मा बंगलादेशसँग प्रतिस्पर्धा गर्नेछ।

एसियाको पहिलो छनोट खेलमा नेपालसहित १८ देश सहभागि हुँदैछन्। १९ राष्ट्रलाई विभिन्न ४ समूहमा विभाजन गरिएको छ। हरेक समूहको विजेता र उपविजेता गरी ८ र उत्कृष्ट २ टोली दोस्रो चरणमा प्रवेश गर्नेछन्। यसअघि नै भियतनाम र उज्वेकिस्तान भने सिधै दोस्रो चरणमा पुगिसकेका छन्। 'ओलम्पिक गेम्स' को महिला फुटबलमा विश्वभरबाट छनोट भएका १२ टोलीबीच प्रतिस्पर्धा हुनेछ।

## लिभरपुलको शानदार जित

लन्डन, (एजेन्सी)

इङ्लिस क्लब लिभरपुलले इटालियन क्लब नेपोलीमाथि शानदार जित दर्ता गरेको छ। शनिबार राति भएको मैत्रीपूर्ण खेलमा लिभरपुलले नेपोलीमाथि ५-० जित दर्ता गरेको हो। डुब्लीनमा भएको खेलमा लिभरपुललाई जिताउन जेम्स मिल्नर, जर्जिनियो विज्नाल्डम, मोहमद सलाह, ड्यानियल स्टुरेज र अल्बर्टो मोरेनोले समान १-१ गोल गरे।

खेलको चौथो मिनेटमा मिल्नरले गोल गर्दै लिभरपुललाई अग्रता दिलाए। पहिलो हाफमा २ गोल गरेको लिभरपुलले दोस्रो हाफमा थप ३ गोल गरेको थियो। खेलको नवौं मिनेटमा विज्नाल्डमले गोल गर्दै लिभरपुल पहिलो हाफमा २-० को अग्रता बनाएका थिए। दोस्रो हाफमा थप आक्रामक देखिएको लिभरपुलले खेलको ५८औं मिनेटमा सलाहको गोलबाट अग्रता ३-० मा पुर्‍यायो। त्यसपछि खेलको ७३औं मिनेटमा स्टुरेजले गोल गर्दै लिभरपुललाई ४-० को अग्रता दिलाए। त्यसपछि खेलको ७७औं मिनेटमा मोरेनोले गोल गर्दै लिभरपुललाई ५-० को फराकिलो जित दिलाए। उक्त खेलमा महँगो रकममा रोमाबाट लिभरपुलमा भित्रिएका ब्राजिलियन गोलरक्षक एलिसनले क्लीनसिट खेल प्रदर्शन गरेका थिए।

## डोपिङ कन्ट्रोल अफिसर डा. प्रधानको बिदाइ

नेपाल समाचारपत्र

काठमाडौं

आसन्न १८औं एसियाली खेलकुद 'एसियाड' का लागि नेपालका डोपिङ कन्ट्रोल अफिसर डा. नवेशमान सिंह प्रधानलाई बिदाइ गरिएको छ।

सातदोबाटोस्थित नेपाल ओलम्पिक कमिटिमा भएको कार्यक्रममा अध्यक्ष जीवनराम श्रेष्ठले डा. प्रधानलाई बिदाइ गरेका हुन। एसियाडमा डा. प्रधानले पहिलोपटक डोपिङ कन्ट्रोल अफिसरको प्रतिनिधित्व गर्दै इन्डोनेसिया प्रस्थान गर्न लागेका हुन्। उनी एसियाड मुल आयोजक समितिको अनुरोधमा त्यसतर्फ जान लागेका हुन्।

उनले सन् २०१३ मा श्रीलंकामा विश्व एन्टी डोपिङ एजेन्सी 'वाडा' बाट डोपिङसम्बन्धी प्रशिक्षण लिएका थिए। डा. प्रधानले सन् २०१३ मा भएको नान्जिङ्ग युथ एसियन खेलकुदमा पनि डोपिङ कन्ट्रोल अफिसरका रूपमा काम गरेका थिए।



बिदाइ कार्यक्रममा बोल्दै अध्यक्ष श्रेष्ठले यो हाम्रो नेपाली खेलकुद र राष्ट्रका लागि गौरवको विषय भएको र भविष्यमा धेरै डाक्टरलाई डोपिङ कन्ट्रोल अफिसरका रूपमा अरू ठूला प्रतियोगितामा बोलाइने बताए।

# चार विद्यालय क्वार्टरफाइनलमा

नेपाल समाचारपत्र

काठमाडौं

प्रथम ओप्स अन्तरविद्यालय फुटसल प्रतियोगितामा सामाखुसी बोर्डिङ स्कुल सेब, राजन मेमोरियल, लालिगुराँस र प्रगति स्कुल क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

आइतबार भएको समूह 'बी' को लिग खेलबाट अपराजित रहँदै सेबले ३ खेलबाट ९ अंक बनाएको छ। एक खेल खेल्न बाँकी सेबले समूह विजेताका रूपमा क्वार्टरफाइनलमा स्थान बनाएको हो। त्यस्तै समूह 'बी' बाटै राजन मेमोरियल ३ जित र १ हारसहित ९ अंकका साथ उपविजेताका रूपमा क्वार्टरफाइनलमा स्थान बनाएको छ। समूह 'ए' बाट लालिगुराँसले ४ खेल र प्रगति स्कुलले ३ खेलबाट समान ७ अंक बनाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेका छन्।



पहिलो खेलमा सेबले न्युटनलाई ५-१ गोल अन्तरले हराउँदा उमेश विक र सुवास तिमल्सिनाले समान २-२ गोलको योगदान दिएका थिए। दोस्रो खेलमा सेबले मन्जरी स्कुललाई ४-१ गोल अन्तरले हराउँदा उमेश विकले ह्याट्रिक पूरा गरेका थिए। तेस्रो खेलमा सेबले राजन मेमोरियललाई ३-२ गोल अन्तरले हराउँदा उमेश विकले नै २ गोलको योगदान दिएका थिए।

राजन मेमोरियलले मन्जरीलाई ६-१ गोल अन्तरले हराउँदा रुजल गुरुङले २ गोल गरेका थिए। न्युटनलाई ५-० गोलले हराउँदा प्रशान्त खड्काले २ गोलको योगदान गरेका थिए। त्यस्तै राजन मेमोरियलले ध्रुवतारालाई ६-० गोलले हराउँदा रुजल, प्रशान्त र विक्रन सिंहले समान २-२ गोलको योगदान दिएका थिए।

एन्जल हार्ट स्कुलको व्यवस्थापनमा सञ्चालन भएको प्रतियोगितामा समूह 'ए' को लिग खेलमा लालिगुराँसले ४ खेलबाट २ जित, १ बराबरी र १ हारका साथ ७ अंक जोड्दै क्वार्टरफाइनलमा स्थान बनाएको छ। प्रगति स्कुलले ३ खेलबाट २ जित र १ बराबरी खेल्दै ७ अंकका साथ क्वार्टरफाइनलमा स्थान बनाएको छ।

कामना GAIJATRA 35Th EDITION ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिँ छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टै यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुर्‍याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लट्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ